# शिक्षक

www.teacher.org.np


मूल्य रु 30/-

कात्तिक २०६६

शिक्षक र राजनीति
*प्रा. कृष्ण खनाल*

शिक्षा पुरस्कारः कस्ता-कस्ताले पाए ?

कक्षाकोठाः सृजनशील बनाउने तरिका




# स्कूल सुधार्ने नयाँ उपक्रम


SAMSUNG
Trim View designed beautifully
just for you
40% slimmer, 100% stylish
Ultra SLIM
40% Slimmer
5 YEARS WARRANTY
40% Slimmer
20% Lighter
DVD
Turbo
DNIe
CS-21A530 Rs. 17,990/-
CS-21A551 Rs. 18,490/-
CS-21B750 Rs. 20,490/-
CS-21A730 Rs. 20,990/-
CS-29Z50 Rs. 33,490/-
CS-29A730 Rs. 35,990/-
CS-29B750 Rs. 36,990/-
Marketed by:
NIM ELECTRONICS PRIVATE LIMITED

**शिक्षक** मासिक
जिप्रका लपु दर्ता नं ५३/०६५/०६६

**वर्ष २ पूर्णाङ्क १८**

कात्तिक २०६६
Oct-Nov 2009




# स्कूल सुधार्ने
# नयाँ उपक्रम

पृष्ठ २६-३१
सुदर्शन घिमिरे

राष्ट्रिय शिक्षा पुरस्कार २०६६

## 'राम्रा' ले मात्र पाएनन्

रिपोर्ट। 20
बाबुराम विश्वकर्मा




**गतिविधि**

शिक्षा मन्त्रालयद्वारा आचारसंहिता जारी ■ फेरि विज्ञान प्रदर्शनी ■ शिक्षक नेताको दशैं विदेशमा ■ स्कूल नजाने शिक्षकलाई अवकाश ■ *शिक्षक फोरम* को अध्यक्षमा पटेल ■ शिक्षक सरकार वार्ता अड्क्यो पृष्ठ ९-१२


| | | |
|---|---|---|
| आफैं सुध्रिन थाले सरकारी स्कूल | चेतन अधिकारी | १३ |
| विकिपिडियाः सूचना र ज्ञानको सहज स्रोत | प्रमोद आयाम | १५ |
| अन्तर्वार्ताः 'एसएसआरका चुनौती र अपेक्षा' | लवदेव अवस्थी | ३२ |
| विद्यालय सुधार योजनाः कति निरन्तरता, कति अन्योल | डा. विद्यानाथ कोइराला | ३४ |
| शिक्षक र राजनीति | प्रा. कृष्ण खनाल | ३७ |
| शिक्षा | महाकवि देवकोटा | ४३ |
| महाकविको नेपाल | डा. तीर्थबहादुर श्रेष्ठ | ४६ |
| यसरी बढाउन सकिन्छ सृजनशीलता | टीकाराम पोखेल | ५० |
| असल शिक्षणः दश पूर्वशर्त | रिचार्ड लेवलाङ्क | ५४ |
| Evolution of English | Imran Saifur | ५६ |
| फिल्मः 'दि रेड बेलुन' | प्रज्ञा तिमिल्सिना | ५८ |


**स्तम्भ**

विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, फुर्सद ५९, जम्काभेट ६४

हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **अतिथि सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **विशेष संवाददाताः** बाबुराम विश्वकर्मा

**कार्यालयः** *शिक्षक* **मासिक**, पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर,** फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# 'म पनि आघौंदेखि बोडिङ जाने हो नि सर!'

**करिब** तीन वर्षअघि पूर्वाञ्चलको एउटा नगरोन्मुख गाउँमा स-साना नानीहरूसित भएको कुरा पटक-पटक याद आइरहन्छ। घटना यस्तो थियो:

एउटा सुन्दर ठाउँ, सुन्दर बिहानी। आफ्नो गन्तव्यतिर लम्किन थालेको यो पङ्क्तिकारका आँखा स्कूल जाँदै गरेका दुई बालबालिकामा परे। साइतै पर्न लागेजस्तो अनुभव भयो र उनीहरूसित बोल्न मन लाग्यो, "तिमीहरूको स्कूल कहाँ छ?"

'इच्कुल होइन, बोडिङ' सानी नानीका मुखबाट निस्केको पहिलो उत्तरले नै दाँतमा ढुङ्गो लागेजस्तो भयो। उनको दाजुले बताएअनुसार उनीहरू अलिपरको निजी स्कूलमा पढ्थे। एकछिन कुरा गरेँ, उनीहरूका कुरा एकदमै मीठा थिए, अबोध र निर्दोष।

उनीहरूसित कुरा गर्दागर्दै अरू चारजना बालबालिका आइपुगे। पहिरन हेर्दै उनीहरू 'बोडिङ' पढ्ने होइनन् भन्ने स्पष्ट देखिन्थ्यो। 'सुकिला' नानीहरूलाई 'बाई' भनिराखेर आइपुग्दै गरेका केटाकेटीहरूतिर फर्किएँ र पहिलेकै प्रश्न दोहोऱ्याएँ।

म उनीहरूको उत्तरका शब्द/शब्द अहिले पनि सम्झिइरहेको छु, "हामी त इस्कुलमा हो", उनले नबोलेका शब्दहरू मेरा मनमा यसरी प्रतिध्वनित भए, "हामी त बोडिङमा पढ्ने होइनौँ।"

"हामी त इस्कुलमा हो" भन्दै गर्दा मैले अनुहारमा हेरेँ– उनका आँखामा पनि उही बालसुलभ चमक थियो तर ती आँखा हीनताबोधले अलिकति झुकेका थिए। मैले उनीहरूसित पनि एकछिन कुरा गरेँ। तीमध्येका एकजनाले चाहिँ घोषणा गरेको स्वरमा मलाई जानकारी गराए, "म पनि आघौंदेखि बोडिङ जाने हो नि सर!"

त्यो एउटा कुरा बाहेक उनीहरू सबै कुरामा उस्तै थिए।

मलाई त्यस दिनदेखि अहिलेसम्म लागिरहेको छ, मैले 'बोडिङ पढ्ने' बालबालिकासित कुरा गरेको नदेखेको भए 'इस्कुल पढ्ने' बालबालिकाका आँखा त्यसबेला त्यसरी झुकेका हुनेथिए कि थिएनन् होला?

•••

म शिक्षाका बारेमा एउटा डकुमेन्ट्री बनाउने सिलसिलामा त्यहाँ पुगेको थिएँ। त्यसैले विद्यार्थीहरूसित निकै बाक्लै कुरा हुन्थ्यो। 'आघौंदेखि बोडिङ जाने' बालकले मेरो 'किन जाने नि बोडिङ?' भन्ने प्रश्नको जवाफमा भने, 'इस्कुलको पढाइ नराम्रो भएकाले... ड्याडीले आघौंदेखि बोडिङ पठाउने भन्नुभएको।' उनले मलेसिया पुगेका आफ्ना 'ड्याडी'को हवाला दिँदै भनेका थिए। अरू केटाकेटी त्यस्तो आँटिलो घोषणा गर्न समर्थ थिएनन् किनभने तिनका ड्याडीहरू विदेश गएका थिएनन्।

तीन कक्षामा पढ्ने ती बालक 'इस्कुलको पढाइ नराम्रो भएकाले...' भन्ने उमेर र हैसियतका थिएनन् र पनि त्यस्तो कठोर कुरा उनका मुखबाट आयो। स्पष्ट थियो, उनले त्यो कुरा ठूला मान्छेहरूबाट सुन्दासुन्दै सिकेका थिए र उनी त्यो कुरामा जानी नजानी विश्वास समेत गर्न थालेका थिए।

•••

भन्नुपर्ने कुरा होइन, स्कूलको भौतिक संरचना र सञ्चालनका लागि मुलुकमा अहिलेसम्म खर्बौं खर्च भइसकेको छ। न्यूनतम योग्यता पुगेका र तालिमप्राप्त, सुनिश्चित जागिर भएका तथा तुलनात्मक रूपमा बढी तलब भत्ता र पेन्सन समेत पाउने शिक्षकहरू सरकारी/सामुदायिक स्कूलमै छन्। अहिले मुलुकका महत्त्वपूर्ण हैसियतमा रहेका सबैजसो व्यक्ति तिनै स्कूलबाट आएका छन्। तर पनि स्कूलहरूको प्रतिष्ठा किन घट्दो छ? के कुनै 'ग्र्याण्ड डिजाइन'अन्तर्गत हाम्रा स्कूलहरूको तेजोबध त भइरहेको छैन?

हाम्रा सार्वजनिक स्कूलको हालत एउटा चुट्किलाले वर्णन गरेजस्तो छ:

एउटा चिया-खाजा बेच्ने पसलेको पुरानो साथी पसलेलाई खोज्दै आइपुग्यो। एकछिनसम्म त त्यहाँ काम गर्ने केटाले 'साहुजी हुनुहुन्न' भनेर टार्न खोज्यो तर मालिकको साथीको जिद्दीका साम् उसको केही लागेन र उसले यसो पल्लोपट्टिको पसलमा गएर साहुजीलाई बोलाएर ल्यायो।

साथीले सोध्यो 'कहाँ गएको थिइस् हँ?'

साहुजीको जवाफ थियो, 'पल्लो पसलमा, खाजा खान गएको थिएँ।'

'अनि तेरै पसलमा छ त यतिका खानेकुरा!'

'यो चाहिँ बेच्नलाई ठीक छ, आफैँ खान चाहिँ उताको ठीक छ, तँ पनि खाने हो?'

'हाम्रा स्कूलहरू पनि अर्काको भविष्य बनाउने ठाउँ मात्र हुन्, हाम्रा छोराछोरीको भविष्य अर्कैले, कुस्त पैसा लिएर नबनाइदिई हुँदैन भन्ने कुरा हामी आफैँ प्रमाणित गरिरहेका छौँ।

•••

यसपटक फेरि, रेडियो कार्यक्रम तयार गर्ने सिलसिलामा पूर्वाञ्चलकै एउटा स्कूलमा लामै बसाइ पऱ्यो। पुराना कुरा सम्झनामा आए र कैयन् नयाँ कुरा सिक्ने मौका हात लाग्यो। यसपटक मनमा अझ दह्रो भएको विचार हो, सरकारी स्कूलहरू हाम्रो समाजका मेरुदण्ड हुन् र तिनको प्रतिष्ठा जोगाउन सकिएन भने समाज नै हीनभावनाको शिकार हुने ठूलो डर छ।

यिनको प्रतिष्ठा जोगाउन सक्ने एउटा वर्ग मात्र छ- शिक्षक। शिक्षकले चाहे स्कूलहरूको प्रतिष्ठा फर्किन सक्छ। तर, यो कुनै डाक्टरले 'प्रेस्क्रिप्सन' लेखेझैँ, यसरी-यसरी गर्न सकिन्छ भन्न मिल्ने विषय होइन। मेरो विचारमा शिक्षकले आफ्ना अगाडिका विद्यार्थीका आँखामा आफ्ना सन्तानका सपना हेरे पुग्छ; आफूलाई तलब सुविधा र पेन्सनसम्म जुटाइदिने नेपाली जनताको नुनको सोझो गरे पुग्छ; नबिराए पुग्छ, नडराए पुग्छ।

यी त मेरा विचार भए, गर्वका साथ सरकारी स्कूलमा पढ्ने पढाउने वातावरण बनाउन के गर्नुपर्छ भन्ने बारेमा तपाईंका चाहिँ विचार के के छन् नि?

## कुन ब्वाँसाले जित्ला ?

एकजना बूढा-बा आफ्ना नातिनातिनालाई कथा सुनाउँदै थिए। कथा दुईवटा ब्वाँसाको झगडाका बारेमा थियो। कथा सकिएपछि बूढा-बाले नातिनातिनालाई भने, “ती ब्वाँसाहरूकै जस्तो लडाइँ हाम्रो मनभित्र पनि चलिरहेको हुन्छ। मेरै मनभित्र पनि त्यस्तै छ। तिमीहरूको मनभित्र पनि। एउटा ब्वाँसो दुष्ट छ। त्यो रिसाहा छ, आरिसे छ, लोभी छ, छुच्चो छ, निराश छ, असन्तोकी छ, घमण्डी छ, अहङ्कारी छ। त्यसैले त्यो दु:खी छ, त्यसले गल्ती गर्न र पछुताउन बाहेक जानेकै छैन।”

नातिनातिनाले सोधे, “अर्को ब्वाँसो चाहिँ कस्तो छ नि हजुरबा ?”

बूढा-बाले जवाफ दिए, “अर्को चाहिँ रमाइलो छ, हँसिलो-रसिलो छ, शान्त छ, मायालु छ, दयालु छ, परोपकारी छ, दानी छ, उदार छ, सहयोगी छ। त्यसैले त्यो सुखी छ, त्यसले सकेसम्म गल्ती नै गर्दैन र आफूबाट गल्ती भइहाल्यो भने पनि त्यसलाई स्वीकार गर्छ, त्यसबाट सिक्छ।”

“अनि तीमध्ये कुनचाहिँ ब्वाँसोले जित्छ हजुरबा ?” एउटी सानी नानीले सोधिन्।

बूढा-बाले भने, “तिमी हामीले जुन चाहिँलाई खानेकुरा दिएर बलियो बनाउँछौं त्यसैले जित्छ !”



**कथासार:** हामी सबैमा सद्गुण र दुर्गुणहरू हुन्छन्, सबैका मनमा असल र खराब विचारहरू हुन्छन्। तर, जित त्यही गुणको हुन्छ जसलाई हामीले प्रोत्साहित गर्छौं। शिक्षा, राम्रो सङ्गत र उदारताले सद्गुण र सद्विचार बढाउँछ भने अज्ञान, घमण्ड र नराम्रो सङ्गतले दुर्गुण र कुविचार बढाउँछ।


*शिक्षक* मा

**शिक्षकका संस्मरण !**

तपाईंका रोचक संस्मरण अरूका लागि प्रेरक बन्न सक्छन्!

**त्यसैले,** १२०० शब्दको वरिपरि रहेर तपाईं किन र कसरी शिक्षक बन्नुभयो, शिक्षक जीवन र शिक्षण कार्यका घतलाग्दा घटना, प्रसङ्ग र अनुभव आदि समेटेर संस्मरण पठाउनुहोस् ।

२०६६ मङ्सिर १० गतेभित्र हामीकहाँ आइपुग्नुपर्नेछ । हामीलाई राम्रो लागेको संस्मरणलाई रू.५,००० पुरस्कार दिइनेछ ।

*शिक्षक* मासिक, पाटनढोका, ललितपुर, पो.ब.नं. १६६, ललितपुर
फोन: ५५४३२५२, फ्याक्स: ५५४११९६, इमेल: mail.teacher.org.np

# प्रतिक्रिया र सुझाव




## 'पढायो पाठ, सोह्र दुना आठ'

*शिक्षक* को १८औं अङ्क (असोज ०६६) मा प्रकाशित १० कक्षाको विज्ञान शिक्षणसम्बन्धी लेखमा विज्ञान शिक्षकमा सीप र जाँगर भए प्रयोगात्मक क्रियाकलाप सञ्चालन गर्न खासै अप्ठ्यारो पर्दैन भनिएको रहेछ। कक्षामा विद्यार्थीको चाप धेरै छ भने स-साना समूह बनाएर प्रयोगात्मक कक्षा सञ्चालन गर्न सकिन्छ भन्ने पनि लेखकको ठहर रहेछ। तर, शिक्षकहरूमा जाँगर नभएकोले मात्र सार्वजनिक स्कूलमा विज्ञानको प्रयोगात्मक कक्षा सञ्चालन हुन नसकेको भन्ने कुरा पूर्णत: सत्य होइन। किनभने हरेक शिक्षक अल्छी हुन्छन् भन्न मिल्दैन। विद्यार्थीको चाप व्यवस्थापन गरे पनि सबैलाई एउटै शिक्षकको बुताले प्रयोगात्मक अभ्यास गराउन सम्भव हुँदैन। कक्षा सञ्चालनको समय पनि त हेर्नुपर्‍यो नि ! विज्ञानको प्रयोगात्मक क्रियाकलाप गर्न धेरै समय लाग्छ, एक घण्टी (४५ मिनेट) मा यो काम सम्पन्न हुनसक्दैन। हतारमा अभ्यास गराउनु भनेको त 'पढायो पाठ, सोह्र दुना आठ' जस्तो मात्र हुन्छ। विद्यालयले विज्ञान विषयको लागि छुट्टै समयतालिका निर्धारण गरे कुरा अर्कै हो।

'कम तलब र सुविधाले शिक्षकहरूमा जाँगरको कमी आएको' भन्ने कुरा चाहिँ सोह्रै आना सत्य हो। लेखमा साधन र सुविधा नभएको अवस्थामा पनि विज्ञानको प्रयोगात्मक क्रियाकलाप सञ्चालन गर्न भनी तयार पारिएको सूचीमा केही महङ्गा र सजिलै प्राप्त नहुने सामग्री समावेश गरिएको छ। त्यस्तै केही सामग्री शिक्षक-विद्यार्थीद्वारा बनाउन सकिने भनिए तापनि बनाउने प्रक्रिया लेखिएको छैन। जस्तो: DNA र RNA मोडेल बनाउने प्रक्रिया समावेश गरिएको भए धेरै राम्रो हुनेथियो। तथापि उक्त लेख विज्ञान शिक्षकका लागि उपयोगी छ।

**अनिलकुमार थापा**
**'हेम्स' स्कूल, रातोपुल, काठमाडौं**

## सूर्यनाथलाई सुझाव

'नविखने भए नक्कली शिक्षक' (भदौ २०६६) समाचार पढ्न पाउँदा खुशी र दु:ख दुवै लाग्यो।

सूर्यनाथ उपाध्यायको 'पुस्ता नै सखाप पार्ने अपराध' शीर्षकको लेखमार्फत शिक्षकको नक्कली प्रमाणपत्र छानबिन हुन नसक्नुका दुई प्रमुख कारणमा; पहिलो, राजनीतिक असहयोग र दोस्रो, मातहतका निकाय प्रजिअको संयोजकत्वमा गठित नक्कली प्रमाणपत्र छानबिन समितिहरूको असहयोग। यहाँ एउटा विचारणीय कुरा के छ भने उपाध्यायलाई आफूभन्दा तल्ला निकायले टेरेनन् ! नटेरेबापत उहाँले तीमाथि कुनै 'एक्सन' लिने प्रयास गर्नुभयो/भएन ? सार्वजनिक छैन। सबैलाई थाहा छ, आफूभन्दा माथिल्लो निकाय/प्रमुख वा हाकिमलाई नटेर्ने अनेकौं कारणहरूमध्ये प्रमुख कारण हो- उसको गल्ती वा कमजोरी थाहा पाउनु। एउटा शिक्षकको चुरोट खाने लत थाहा पाएको विद्यार्थीले 'चुरोट खानुहुँदैन' भन्ने शिक्षकको अर्ति कति मान्ला ? सहजै अनुमान गर्न सकिन्छ।

सामान्यतया संवैधानिक अङ्को प्रमुख नियुक्त हुँदा पत्रकारसामु 'म यस्तो गर्छु, मेरो निकायको भ्रष्टाचार नामेट पार्छु' भन्ने अनि कार्यावधि समाप्तिपछि 'मैले त गर्न खोजेको थिएँ, (उपाध्यायले जस्तै) विविध कारणहरूवश गर्न सकिनँ' भन्ने परम्परा हामीकहाँ नयाँ होइन।

नक्कली प्रमाणपत्र छानबिनको साइत जुराउन सहयोग गर्ने व्यक्ति हुन्- अख्तियारका पूर्व सचिव दानबहादुर

## नक्कलीलाई कसले नियुक्ति गर्‍यो ?

नक्कली प्रमाणपत्रधारी शिक्षकबारेको आवरण लेख पढ्दा मलाई दुईवटा लोकोक्तिको सम्झना भयो- 'रोग लागेर उपचार गर्नुभन्दा रोगकै बाटो छेक्नु जाति', 'आफ्नो सातुको थैलो बलियो बाँध्नु, साथीलाई चोर नलाउनु।'

नक्कली शिक्षकहरूलाई कसले नियुक्ति दियो ? स्थायी कसले बनायो ? अनि बढुवा कसले गरायो ? दोष ती शिक्षकहरूलाई भन्दा बढी तिनै निकायहरूलाई दिनुपर्छ जसले प्रमाणपत्रसमेत सक्कली/नक्कली

शाही। शाहीले आफू सेवा निवृत्त भएपछि 'निजामती सेवामा बढुवाका लागि प्रयोग भएका ७५ प्रतिशत प्रमाणपत्र नक्कली छन्' भनी गरेको उद्घोषसँगै नक्कली प्रमाणपत्र छान्ने 'गाईजात्रे मेला' प्रारम्भ भएको हो। त्यसपछि अख्तियारबाट सबै कर्मचारी र शिक्षकलाई प्रमाणपत्र बुझाउन उर्दी जारी भयो। सबैले प्रमाणपत्रका सक्कल प्रति छानबिन गर्न पठाए। पछि गाइँगुइँ सुनियो- 'छानबिन गर्ने जिम्मा पाएकै (प्रजिअ जिशिअ आदिको) प्रमाणपत्र नक्कली छ रे !' जसको आफ्नै प्रमाणपत्र नक्कली छ उसले अरूको प्रमाणपत्र सक्कली/नक्कली भनेर कसरी प्रमाणीकरण गर्न सक्छ ? विभिन्न अधिकृत उप-सचिव, सह-सचिव, सचिवहरू जसको बढुवा प्रयोजनको प्रमाणपत्र नक्कली हुन् भनेर विभिन्न मिडियामार्फत सार्वजनिक भयो तर कारवाही

## 'के-के' नै गर्नुपर्दैन

शिक्षामन्त्री रामचन्द्र कुशवाहाले आफ्नो अन्तर्वार्ता (भदौ २०६६) मा 'हेर्दै जानुस् म के-के गर्छु' भन्नुभएको रहेछ। उहाँले यस्तो विघ्न 'के-के' नै गरिरहनै पर्दैन। शिक्षकहरूले ढुक्क भएर पढाउन पाउने, एसएलसी परीक्षामा चिटिङ हुन नदिने तथा शिक्षकहरूलाई एकैचोटि स्थायी नियुक्ति दिने समेत जम्मा तीनवटा कुरा मात्रै लागू गराउन उहाँले सक्नुभयो भने नेपालको शैक्षिक क्षेत्रले काँचुली फेर्नेछ। के मन्त्रीज्यू यति कुरा गराउन सक्नुहुन्छ ?

**अनिमेष पाठक**
**सिद्धिचरण मार्ग, ओखलढुङ्गा**

## 'सहयोगी'को शोषण !

शिक्षा ऐनमा 'पूर्व प्राथमिक तह' उल्लेख भए पनि विद्यालयको तहगत संरचनामा यो समावेश छैन। तथापि हरेक सरकारी स्कूलमा 'बालविकास केन्द्र' हुनुपर्ने प्रावधानका कारण प्राथमिक तहमा भर्ना हुने उमेर नपुगेका साना-साना बालबालिकाहरूको पठन-पाठन र विकासका लागि वैकल्पिक उपाय भने अवलम्बन गरिएकै छ। बालविकास कक्षाका लागि भनेर सहयोगी शिक्षकको कोटा दिने गरिएको छ। तर बालविकास केन्द्रका शिक्षकलाई जम्मा रु.१८०० दिएर सरकारले उनीहरूको श्रमको शोषण गरेको छ। बजार भाउले नेटो काटेको बेला रु.१,८०० मासिक बेतनमा बालविकास (इसीडी) कक्षाका शिक्षकहरू कसरी आफ्नो काममा दत्तचित्त भएर लाग्न सक्छन् ? उक्त रकमले महिनामारी चिया, नास्ता, खाजा खर्च चाहिँ पुग्ला। जागिर खाने आमा; बुबु खोई ? पापा खोई ? कस्तो पीडादायी र विडम्बनाको कुरा ? तर, सम्बन्धित पक्षले उनीहरूको समस्यालाई

छुट्याउन नसकी भर्ना गर्दै स्थायी र बढुवा गराइदिए । अब अहिले आएर नक्कली शिक्षकहरूलाई कहिले र कसरी छानबिन गरिसक्नु ! फितलो कानून र जिम्मेवार निकायको कमजोरीका कारण यो देशमा टाठाबाठाहरूले अवसर पाउँदै आएका छन् । अर्को कुरा, विकृत परीक्षा प्रणालीका कारण स्वदेशमै उत्पादित प्रमाणपत्रहरू पनि नक्कलीसरह भइरहेका छन् । यसतर्फ पनि बेलैमा यथोचित ध्यान दिनु आवश्यक छ । नत्र यो समस्याले समाजलाई झनझन् गाँज्दै लैजानेछ ।

**इन्द्रकुमार श्रेष्ठ**
**सरस्वती उमावि खानीभन्ज्याङ, ओखलढुङ्गा**

भयो/भएन कुनै सार्वजनिक भएन ।

म शिक्षकको प्रमाणपत्र नक्कली हुनुपर्छ भन्ने कुराको हिमायती होइन । नक्कली प्रमाणपत्रधारीलाई कुनै पनि सेवामा प्रवेश निषेध गरिनुपर्छ । तर, जो सक्कली/नक्कली प्रमाणीकरण गर्न बसेको छ, उसैको प्रमाणपत्र नक्कली हुनु चाहिँ झन् आपत्तिजनक कुरा हो । एकातिर राजनीतिक हस्तक्षेप र तल्लो निकायको असहयोगले काम गर्न सकिनँ भन्ने अर्कोतिर तत्कालीन कार्यकारी प्रमुख (प्रम) लाई समेत पुर्जी काट्ने ! यस्तो विरोधाभासबाट कसरी नक्कली प्रमाणपत्र निषेध गर्न सकिन्छ? त्यसकारण, उपाध्यायज्यू, आफ्नो कार्यकालको चुरो कुरोलाई बङ्ग्याएर 'पिलो' पाल्नुभन्दा आफूले सामना गर्नुपरेका वास्तविक समस्याहरू, त्यसलाई समाधान गर्न सक्ने उपायहरू र आफ्ना अनुभवहरूलाई सही तरिकाले सार्वजनिक गर्नुभए वर्तमान अख्तियारका प्रमुख आयुक्त, आयुक्तहरू र भ्रष्टाचार निवारणका लागि काम गर्ने अन्य व्यक्तिहरूको लागि उपयोगी हुनेथियो कि ?

**मोहनप्रसाद रेग्मी**
**बालविकास ने.रा.प्रा.वि. निजगढ, बारा**

## नक्कली शिक्षक उन्मूलन गर्नैपर्छ

भनिन्छ; एकजना डाक्टरको गल्तीले एउटा व्यक्तिको जिन्दगी बर्बाद हुन्छ भने एकजना शिक्षकको गल्तीले हजारौं व्यक्तिको जिन्दगी बर्बाद हुन्छ । त्यसैले जतिसक्दो चाँडो नक्कली शिक्षक उन्मूलन गरिनुपर्दछ । यसनिम्ति नक्कली कागजपत्र पेश गरेर हजारौं व्यक्तिको भविष्यमाथि खेलवाड गरिरहेका त्यस्ता नक्कली शिक्षकको बारेमा जोसुकैले पनि विभिन्न संघसंस्थामा उजुरी दिनसक्ने व्यवस्था हुनुपर्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा फोन, इमेल वा चिठीमार्फत उजुरी गर्न सकिने व्यवस्था भए पनि सबैसँग अदुअआको फोन, इमेल र ठेगाना नहुन पनि सक्छ । त्यसैले *शिक्षक* मासिकको आउँदो अङ्कमा अदुअआको फोन नम्बर, इमेल ठेगाना प्रकाशित गरिदिए मजस्ता हजारौं पाठकलाई फाइदा पुग्नेथियो । र, नक्कली शिक्षक विरुद्ध उजुरी दिन सजिलो हुनेथियो ।

**तिलक थापा, रुपन्देही**

***(टिप्पणी: अदुअआको फोन नं. ४४०१५१, ४४२९६८८, ४४३२७०८ र इमेल ठेगाना akhtiyar@ntc.net.np, ciaa@ciaa.gov.np हो । -सं.)***

नियाल्न भ्याएको देखिँदैन । यस सन्दर्भमा म सम्बद्ध निकाय/पदाधिकारीहरूसँग निम्न प्रश्न सोध्न चाहन्छु:

- मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २३ को मर्म र भावनाअनुरुप बालविकास (ईसीडी) कक्षाका शिक्षक (स.का.) हरूको तलबमान, सरुवा, बढुवा, वृत्ति-विकास र स्थायीकरण तथा अन्य सुविधा निर्धारण हुने गरी ऐननियम बनाउनेतिर सम्बन्धित पक्षको ध्यान नगएको किन ?
- उल्लिखित ऐन-नियम बन्न/बनाउन समय लाग्ने भए हालको तलबमान बढाएर भरण-पोषण हुनपुग्ने तलबमान निर्धारण गर्न सम्बन्धित पक्ष मौन रहेको किन ?
- शतप्रतिशत महिलाका निम्ति आरक्षित यस्ता संरचनाहरूमा काम गर्ने महिलाहरूमाथि हुने गरेको श्रमको शोषण र अन्य हक, हित तथा अधिकारका कुराहरूमा महिला अधिकारवादी संघ, संस्था र सङ्गठनहरूले आवाज उठाउन नसकेको किन ?
- मानवअधिकारको विश्वव्यापी घोषणापत्रका सबै धाराहरू सक्रिय गराई सो घोषणाप्रति सरकारको प्रतिबद्धता कार्यान्वयन गराउन मानवअधिकारवादी संघसंस्थाहरूको ध्यान नगएको किन ?
- शिक्षक हकहितका लागि खोलिएका संघ, संस्थाहरूले एउटै विद्यालयभित्र एकैसाथ उत्तिकै समय काम गर्ने बालकक्षा शिक्षक र कर्मचारीहरूमाथि भएको श्रमशोषणका विरुद्ध प्रभावकारी आवाज उठाउन नसकेको किन ?
- सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम ऐन, नियम, विनियमको पालना गर्न नसकेको किन ?

उल्लिखित कुराहरू मनन् गरी बालकक्षा शिक्षकहरूको न्यूनतम पनि मुखियासरह तलब सुविधा निर्धारण गर्नेतिर सम्बन्धित पक्षको ध्यान जाओस् भन्ने मेरो आग्रह छ ।

**कृष्णमाया निरौला**
**सिजुवा, मोरङ**

XX

नेपालका सरकारी विद्यालयमा स्थायी, अस्थायी, राहत, बालविकास र निजी स्रोत जस्ता अनेकथरी शिक्षक व्यवस्था गरिएकोले शिक्षकहरूमा गुटबन्दी, विचलन र हीनताबोधको स्थिति सृजना भएको छ । बालविकास केन्द्रमा काम गर्ने 'सहयोगी कार्यकर्ता'लाई रु.१,८०० मात्र दिइने गरेको छ । जबकि 'सहयोगी कार्यकर्ता'लाई स्थायी कोटा भनिसकेपछि उनीहरूलाई पनि अरू शिक्षकसरह तलब दिइनुपर्ने हो । साना नानीहरूलाई पढाउनेहरूको काम अझ जटिल छ ।

स्कूलहरूले 'बालविकास शिक्षक'लाई धेरै काम लगाएर अति नै श्रमशोषण गरेका छन् । तिनले कक्षालाई पनि समय दिनुपर्छ । उस्तै परे विद्यालय नै बालविकास शिक्षकले चलाउनुपर्छ । पठन-पाठन र विकासका लागि वैकल्पिक उपाय भने अवलम्बन गरिएकै छैन । राज्यले अरूसरह तलब दिन सक्दैन भने बालविकास कोटाको औचित्य छैन । महङ्गीको बेलामा बाल कोटाको सेवा सुविधा त्यतिमा मात्र सीमित राखिराख्ने हो भने यसलाई बाल कोटा नभने हुन्छ ।

**गीता उप्रेती**
**चण्डीदेवी प्रावि नौबिसे-८ थली, धादिङ**

## हामी बूढालाई गाह्रो भयो !

असार अङ्कको *शिक्षक* मा छापिएको 'पहिला पढिएन, अब नपढी भएन' शीर्षकको रिपोर्ट अति राम्रो लाग्यो । तर रामेछापमा १० महिने पूरा तालिम गरेका प्राविका शिक्षकहरूका लागि विशेष कक्षाको व्यवस्था भएको छैन । अर्को; हामी जस्ता बूढा शिक्षक विद्यालय भ्याएर विशेष कक्षामा जान पनि कठिन छ । नजिकमा विशेष कक्षा पनि छैन । यसका लागि जिल्ला शिक्षा कार्यालयहरूले अध्ययन बिदाको व्यवस्था मिलाइदिनुपर्छ । कि त १० जोड २ चलेका शिक्षा विषयको पढाइ हुने जुनसुकै उमाविमा विशेष कक्षाको व्यवस्था हुनुपर्छ ।

**ओलकबहादुर खत्री**
**कालीदेवी प्रा.वि., प्रीति-७, रामेछाप**

## 'पेन्सन' र 'उपदान' एउटै होइन

शिक्षक के हो भन्ने बुझ्न *शिक्षक* मासिक हेर्नैपर्ने हुन्छ । शिक्षकका गुण, दोषलगायत धेरै कुराहरू बुझ्न यस पत्रिकाले मद्दत पुऱ्याएको छ । शिक्षकलाई सही मार्गमा हिँड्न

# प्रतिक्रिया र सुझाव

खबरदारी गर्नुभएकोमा धन्यवाद । स्तरीय कुराहरू धेरै हुँदाहुँदै पनि केही कमजोरीहरू दोहोरिरहेका छन् । केही उदाहरण:

२०६६ जेठ अङ्कमा 'मन्त्रीलाई विरोध पत्र' शीर्षकको गतिविधिमा 'जनार्दन कार्यदलले २०६६ फागुन १८ मा बुझाएको सुझाव तुरुन्त कार्यान्वयन गर्न माग गरिएको छ' छापिएको पाइयो । 'शिक्षकका समस्या र निकासको बाटो' शीर्षकमा चाहिँ 'जनार्दन कार्यदलले शिक्षामन्त्री रेणु यादवलाई १८ फागुन २०६५ मा आफ्नो प्रतिवेदन बुझाएको थियो' लेखिएको छ । यति सामान्य कुरामा किन ध्यान नगएको होला ।

त्यस्तै २०६६ असार अङ्कमा 'अस्थायी शिक्षकका स्थायी समस्या' भन्ने रिपोर्टमा



'स्थायी शिक्षकले लगातार २० वर्ष सेवा गरेमा पेन्सन (उपदान) पाउँछन् । तर, २० वर्षसम्मै शिक्षण गरे पनि चौधरीले उपदान पाउने सम्भावना छैन' भनेर लेखिएको छ । २०६६ जेठ अङ्कमा 'शिक्षक थरीथरीका' शीर्षकमा 'स्थायी शिक्षकले तलब, बीमा, सञ्चयकोष, ग्रेड, पेन्सन पाउँछन् । तर, अस्थायीले तलब मात्र पाउँछन्' भनिएको छ । यसको अर्थ *शिक्षक* मासिकलाई पेन्सन र उपदान शब्दको अर्थ थाहा नभएको हो कि जस्तो लाग्छ । नत्र यस्तो त्रुटि किन दोहोरिरहन्थ्यो होला र ? पेन्सनको अर्थ निवृत्तिभरण हो जुन २० वर्ष सेवा गरेपछि स्थायी शिक्षकले पाउँछ । उपदान चाहिँ स्थायी शिक्षकले २० वर्ष सेवा नपुगी सेवाबाट हटेमा पाउने कुरा हो ।

अन्ताक्षरी, शब्द खेल, सामान्य ज्ञान र सुडोकु प्रतियोगितामा सही जवाफ पठाउने पाठक सङ्ख्या साह्रै कम पाइन्छ । उनीहरूको नाम पनि पत्रिकामा हेर्न पाए चित्त बुझ्थ्यो, पुरस्कार एकजनाले मात्र पाए पनि । नाम नहुँदा मिलाएर पठाउने व्यक्तिले पनि आफ्नो नमिलेको हो कि भन्ने शङ्कामा रुमल्लिनुपर्छ । के यसरी पाठकलाई रुमल्याउनु ठीक हो त ?

**खड्गबहादुर श्रेष्ठ**
**जनकल्याण प्रावि देसारगाउँ**
**खनियापानी-२, रामेछाप**

***(टिप्पणी: त्रुटि औंल्याइदिनुभएकोमा श्रेष्ठजीलाई धन्यवाद । २०६६ को फागुन आउनै बाँकी रहेकोले २०६५' नै सही हो । -सं.)***

## गाली होइन, तालीबाट बाँडौं

हामी जे-जति पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई घोकाइरहेका छौं; शायद पाठ्यक्रमले त्यति चाहेको छैन । हामी चाहेभन्दा बढी मेहनत गर्दैछौं र विद्यार्थीहरूलाई गराइरहेका पनि छौं तर प्रश्न देशैभरि उठेको छ । सिकाइ व्यावहारिक छैन, सिकाइ अर्थपूर्ण छैन । सिकाइले जनअपेक्षा समेट्न सकेन । यही प्रक्रियालाई सघाउन र व्यवस्थित विकास गर्न शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र आदि जस्ता सरकारका अङ्गहरू र अन्य थुप्रै संघसंस्थाहरू क्रियाशील छन् । तिनले कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् र तथ्याङ्क केलाएर छलफलपछि भावी योजनाको बहस चलाइरहेका छन् ।

सिकाइमा हामीले नयाँ बाटो रोज्नैपर्छ । फेरि जसले पनि सजिलै भनिदिन्छ, सिकाइ वैज्ञानिक हुनुपर्छ; हाम्रो सिकाइ वैज्ञानिक छैन । तर, यथार्थमा कुन सिकाइ वैज्ञानिक हो ? किन र कसरी ? यसलाई जसले दोष लगाउँदैन उसैलाई पनि कसैले प्रश्न गरेमा सजिलो उत्तर उसैसँग छैन । मेरो बुझाइमा पूर्ण वैज्ञानिक सिकाइ यही हो भनी किटानी विश्वमा शायद छैन । शिक्षाविद्हरू र मनोवैज्ञानिकहरूलाई कसैले यही प्रश्नको ठाडोघोचो देखायो भने किटानी बाटो देखाउन मुस्किलै होला ।

भविष्य चम्काउने अभिभावकको सपनासहित भोलि देशै काँध हाल्नसक्ने जिम्मेवारी लिएर आएको दुधेबालक आमाको काखबाट शिक्षकको पोल्टामा पर्दछ, त्यतिबेला उसले आफ्नै बालमस्तिष्कमा विद्यालय प्रवेश गर्दा जुन उत्साह, इच्छा र आकाङ्क्षा लिएर आएको हुन्छ, त्यसलाई प्रायः विद्यालयहरूले निराश तुल्याइदिएको पाइन्छ । यस कुराको न त्यो बालक विरोध गर्न सक्छ न समर्थन । न ऊ कुरा बुझ्न सक्छ न तर्क दिन । ऊ त घोक्न सक्छ, कपी गर्न सक्छ, यदाकदा आफ्ना विचार झिनो-मसिनो विषयमा राख्नसक्छ । अब साइनबोर्डमा लेखिएको मनोवैज्ञानिक शिक्षा र वातावरण भयो त ? नभएको भए जिम्मेवारी कसको त ? विद्यालयहरूको ? शिक्षकहरूको ? अभिभावकहरूको ? शैक्षिक संघसंस्थाहरूको ? सरकारको ? भाषा मिलाउनेहरू उम्केलान् तर समयको हामीलाई चुनौती दिइँदैन सिकाइको वातावरण परिवर्तन चाहिन्छ नै । परिवर्तन आजसम्मको विकासको उत्प्रेरक पनि हो । त्यसलाई निरन्तरता दिन तपाईं हामी सबैको साझा जिम्मेवारी हो ।

## तीर्थ जाँदैछु

बूढीआमैको कम्मर दुख्दा
पटुकी किन्दिन नसक्ने निम्छरो
मास्टर म
बाबाको अस्कोट फाट्दा
लाटाले पापा हेरेझैं हेर्ने मूकदर्शक
मास्टर म
पीडैपीडाले सधैं आँसु बगाउने श्रीमतीलाई
आँसु पुछ्ने रूमाल किन्दिन नसक्ने
विचरो मास्टर म
मैले कसैगरी
न बाबाआमाका दुःख बिर्साउन सकें
न श्रीमती र छोराछोरीका आवश्यकता
पूरा गर्न सकें
खर्च र खाँचोको डिलमा उभिएर
हाँस्न नसक्ने रून्चे
मास्टर म
खोई ! आज आफैंले आफैंलाई प्रश्न
गरिरहेछु
म किन र कसका लागि बाँचिरहेछु ?
बूढाबूढी बा-आमाले चारधामका तस्बिर
देखाउँदा
आँखा चिम्म गरेको छु मैले
छोराछोरी खरायोका बच्चासरी उफ्रँदै
नाना-चाचाभन्दा कान बन्द गरेको छु मैले
श्रीमतीले दुःखको पोको फुकाउन
नभ्याउँदै
सक्दो प्रयास गरेकैछु भनेर टक्टकिएको
छु म
अब मैले मुख फोरेर भन्नैपर्छ–
आमा, तपाइँले बाध्यताको पटुकीले कम्मर
कस्ने बानी पार्नुस्
विवशताको आस्कोटले आङ ढाक्ने
कोशिश गर्नुस् बाबा
जीवनसंगिनी, आँसुको मुहान तिमी आफैं
थुन्ने प्रयास गर
खोई ! के लाग्दोरहेछ र ?
भरियाभन्दा भारी ठूलो भएपछि
डुङ्गाभन्दा यात्री धेरै भएपछि
त्यसैले आज,
अन्यथा कसैमा नहोस्
पीरैपीरको पखेरोमा अक्षरको पोको बोकेर
शब्द र वाक्यको तीर्थ जाँदैछु ।

**दलबहादुर गुरुङ**
**शिक्षक, दोभान उच्च मावि, पाल्पा**


तथ्यांक भन्छ, ७० प्रतिशत भन्दा बढी नेपाली जनता अझै पनि बैंकिङ्ग पहुंच भन्दा निकै टाढा छन् । ग्रामिण क्षेत्रका जनताबीच त झन् बैंकिङ्ग सेवाको पहुंच अझै न्यून रहेको छ । हाम्रो मान्यता छ, गाउंको विकास नभै सिंगो राष्ट्रको विकास संभव छैन । त्यसैले गांउलेलाई बैंकिङ्ग सेवा दिइ आर्थिक गतिविधिमा क्रियाशील गराउन सहयोग गर्ने सोचका साथ किष्ट बैंकले ल्याएको छ: किष्ट गाउंले बचत योजना
किष्ट गाउंले बचत
• बार्षिक ब्याजदर ६.५% (दैनिक मौज्दातमा)
• निःशुल्क डेबिट कार्ड, अन्तरशाखा कारोबार र SMS बैंकिङ्ग
• रू. १०० मा खाता खोल्न सकिने
• कर्जा सुविधामा विशेष छुट
• स्थायी ठेगाना नेपालका कुनै पनि गाउं विकास समिति भएका व्यक्तिहरूका लागि मात्र
किष्ट गाँउले बचत
गाउँ गाउँमा बैंकिङ्ग
Anamnagar: 4232500
Biratnagar: 440356
Damak: 543245
Sinamangal: 4499896
Khichapokhari: 4457509
Butwal: 543428
Manigram: 560239
Birtamode: 543245
Dharan: 533401
Jorpati: 2044004
Pokhara: 524044
Guleriya:421171
Bagar: 532914
Tandi: 563006
Birgunj: 530502
Lalitpur: 5533644
Itahari: 587066
Banepa: 660946
Bhaktapur: 6619389
Mangal Bazar: 5552269
Newroad: 4233713
Damauli: 561803
Narayanghat: 533526
Durbarmarg: 4223044
Palpa: 522731
Sukedhara: 4650509
Bhairahawa: 527323
Dolakha: 421847
Janakpur: 527936
Nepalgunj: 527601
Khaireni: 577533
Tinkune: 4498767
Bhaisepati: 5592787
KIST BANK
POWER TO SUCCEED
Head Office: Kist Building, Anamnagar, Kathmandu, Post Box No.: 8975 E.P.C. No. 5157, Phone No.: +977-1-4232500, Fax No.: +977-1-4229588, E-Mail: info@kistbank.com
www.kistbank.com

# प्रतिक्रिया र सुझाव

सिकाइ बाल मनोभावना अनुसार हुनुपर्छ र मनोरञ्जनपूर्ण हुनुपर्छ । सिकाइ प्रयोगात्मक र दैनिक व्यवहारमा सकारात्मक परिवर्तन गराउने हुनुपर्छ । सिकाइले जीवनमा जोश र सिर्जना खोतल्नुपर्छ अथवा सिकाइ दमनात्मक होइन स्वीकारात्मक हुनुपर्छ । तर, त्यस्तो सिकाइ गर्न हामीले कसरी बाटो खुल्ला गर्न सक्छौं ? जिम्मेवार भएर सोच्नुपर्ने भएको छ ।

सम्पूर्ण शिक्षासँग सरोकारवाला महानुभावमा अनुरोध गर्न चाहन्छु, सिकाउने होडमा बालकको बाल्यकाल हामीले खर्चने होइन, स्वीकारात्मक सिकाइमा जोड दिएर उसलाई आफू चिन्न दिनुपर्छ । हामी असल पथप्रदर्शक मात्र बनौं । हामीले दिएका हरेक क्रियाकलापमा उसले मनोरञ्जन लिँदालिँदै केही सिक्ने अवसर पाओस् । यसका लागि व्याख्यान विधि र नोट होइन क्रियाकलापमुखी जिम्मेवारी दिएर ठोस, अर्धठोस र सङ्केत तहबाट विस्तारै सिकाउने प्रयत्न गरौं । गाली होइन, ताली बाडौं । 'तँ त्यो गर' होइन 'तिमी के गर्न सक्छौ ? गर' बाट थालनी गरौं । के भयो, कस्तो भयो ? उसैको अनुभूति सुनौं, रमाऔं र उसैको विचार कदर गर्दै केही आधार भएमा सिकाइ क्रियाकलापमा थप गराऔं र अन्त्यमा होनहार सिर्जनात्मक र मेहनती मानव जोशको विकास गरौं ।

**विश्व देवकोटा**
**स्रोतव्यक्ति, जिशिका, लमजुङ**

## गतिविधि निरन्तर आओस्

दुर्गममै भए पनि *शिक्षक* पत्रिका नियमित रूपमा अध्ययन गर्दछौं । सबै अङ्क पठनीय, रोचक र ज्ञानबर्द्धक छन् । विश्वका शिक्षाविद्हरूको शिक्षण विधि साथै सिकाइ क्रियाकलापका सजिला खेलविधि र अङ्ग्रेजी शिक्षण सिकाइ क्रियाकलाप तथा गतिविधि प्रत्येक अङ्कमा राखिदिएमा हामी जस्ता दुर्गम विद्यालयमा अध्यापन गराउने शिक्षकहरूलाई ठूलो राहत मिल्नेथियो । विज्ञ, कलाकार, राजनीतिक नेता अनि वैज्ञानिक निर्माण गर्ने खम्बा हुन् शिक्षक । शिक्षकको पीडा र आत्मा असन्तुष्टिलाई मलमपट्टी गर्ने काम यस पत्रिकाले गरेको छ । पत्रिका निरन्तर प्रकाशन होस् र हामी जस्ता दुर्गम ठाउँमा रहेका शिक्षकहरूले व्यावहारिक शिक्षाका कुरा सिक्न र सिकाउन पाइयोस् ।

**हेमबहादुर बुढामगर**
**गोरक्षा प्राथमिक विद्यालय, औलाखर्क–७, म्याग्दी**

## नाम छापियोस्

*शिक्षक* मासिकको शब्दखेल, सुडोकु, अन्ताक्षरी र सामान्यज्ञान जस्ता प्रतियोगिताहरूमा गोलाप्रथाबाट एकजनालाई मात्र छनोट नगरी प्रथम, द्वितीय र तृतीय छनोट गरी रु.५००, रु.३०० र रु.२०० दिने व्यवस्था गरियोस् र सही उत्तर पठाउने तर गोलाप्रथाद्वारा नछानिएका प्रतियोगीहरूको नाम पत्रिकामा छापिने व्यवस्था गरियोस् ।

**मिठुकुमारी डल्लाकोटी**
**श्री निमावि बजरहट्टी, वीरेन्द्रनगर–४, चितवन**

## फुर्सदको 'डिजाइन'मा ध्यान पुगेन

म शिक्षक पत्रिका नियमित अध्ययन गर्दछु । यसमा प्रकाशित सामग्रीहरू पठनीय र उपयोगी छन् । अझै हुनेछन् भन्ने आशा र विश्वास छ । शब्दखेल, अन्ताक्षरी, सुडोकुमा सहभागी हुँदा पठनीय लेखहरू काटिने समस्या धेरै समाधान भएको छ । तर, सुडोकु काट्दा अन्ताक्षरी पनि काटिने समस्या अझै हटेको छैन । यो समस्या पनि हटाउन सके अझै राम्रो हुनेथियो ।

**ओमबहादुर भण्डारी**
**रमाइलो डाँडा, बथौडा–८, चितवन**

## अलि अपूर्ण भयो

एउटा शिक्षक भएको नाताले *शिक्षक* मा छापिएका हरेक खुराकहरू मेरा लागि उत्तिकै नौला र प्रेरणादायी हुने गर्छन् । यस पत्रिकालाई अझ विविधतामय बनाउन शिक्षा क्षेत्रका रोचक प्रसङ्गहरू कथा, कविता र शिक्षकका शिक्षाजगतका प्रेरणादायी तथा अविस्मरणीय क्षणहरू पनि समावेश गराउन सके पत्रिका अझै उत्कृष्ट बन्नेथियो । किनेको एकैछिनमा सबै खुराकहरू पढिसकिँदा पत्रिका अलि अपूर्ण भएको हो कि भन्ने लागेको छ । यसतर्फ सम्पादन मण्डलको ध्यान जाओस् भन्दै पत्रिकाको उज्ज्वल भविष्यको कामना पनि गर्दछु ।

**प्रभा बराल**
**विजेश्वरी ज्ञान मन्दिर मा.वि., स्वयम्भु, काठमाडौं**

## म शिक्षक

काम मेरो शिक्षा दिने
भन्छन् मलाई शिक्षक
नानीहरूलाई पढाउँछु
बाबुहरूको रक्षक

क ख ग घ सिकाउँछु
गीत गाउँछु कहिले
ए बी सी डी पढाउँछु
माया गर्छु पहिले

किताबको ज्ञान लिऊँ
साना साना नानी
सानैदेखि बसाल
तिमी असल बानी

वान टु थ्री फोर
फाइभ सिक्स भन
एक दुइ तीन चार
पाँच छ गन
राम्रोसँग पढ तिमी
मेहनत गरिकन
समस्यालाई हल गर
नहडबडाइकन

**रामसुन्दर देउजा**
**पनौती न.पा.–१**

## नेताले पनि पढुन्

*शिक्षक* पत्रिका शिक्षकले मात्र होइन विद्यार्थी, अभिभावक, शिक्षक, नेता, सभासद्, मन्त्री सबैले पढ्नुपर्छ । किनभने *शिक्षक* पत्रिकामा गतिविधि, शिक्षाका समस्या र समाधानका उपायहरू पनि उल्लेख हुने गरेका छन् ।

**कृष्णबहादुर पुन**
**वागेश्वरी प्रस्तावित मावि, लिवन हवामा, रोल्पा**


विश्वविद्यालयका अनुभवी प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा एम. एड., एकवर्षे र तीनवर्षे बी. एड. तथा +२ का विभिन्न विषयहरूको कक्षा सञ्चालन भइरहेको छ ।

नयाँ वर्ष (नेपाल सम्वत), शुभ दीपावली तथा छठ पर्वको हार्दिक शुभकामना

- ✓ कात्तिक मसान्तभित्र भर्ना हुने प्रत्येक जिल्लाका एक–एकजना विद्यार्थीलाई विशेष छुट र १००% सम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ बी. एड. प्रथम वर्षमा धमाधम भर्ना ।
- ✓ एम. एड. दोस्रो तथा बी. एड. तेस्रो वर्षको प्रयोगात्मक परीक्षा र अभ्यास शिक्षण कात्तिक १० गतेबाट, समयमै आवेदन फारम भर्न अनुरोध ।
- ✓ एम. एड. दोस्रो तथा बी. एड. पहिलो वर्षको नयाँ कक्षा सञ्चालन कात्तिक ८ गतेबाट
- ✓ वेबसाइटमार्फत् अध्यापनको प्रारम्भ
- ✓ कक्षा सञ्चालन साँझ ४:२५ देखि ८:१० बजेसम्म, प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोनः ०१–४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p

# स्तरीय शिक्षाको शत्रु: दलीय हस्तक्षेप

**राजनीतिक** हस्तक्षेपबाट मुक्त नभएका कारण सरकारी स्कूलमा स्तरीय शिक्षा दिन नसकिएको शिक्षक तथा शिक्षा अधिकारीहरूले बताएका छन् ।

शिक्षा विभागद्वारा २०-२३ असोजमा नेपालगञ्जमा आयोजित 'अगुवा सामुदायिक विद्यालयहरूको सुदृढीकरणका लागि क्षमता अभिवृद्धि तथा शैक्षिक आचारसंहिता' सम्बन्धी कार्यशालाका सहभागीले राजनीतिक हस्तक्षेपका कारण योग्य र दक्ष शिक्षक भर्नामा समेत बाधा उत्पन्न हुने गरेको बताए ।

जिशिका कैलालीका शाखा अधिकृत गणेश सिंहको गुनासो थियो, "शिक्षक नियुक्तिमा राजनीतिक दलको प्रत्यक्ष हस्तक्षेप हुने गरेकोले राम्रा शिक्षक छान्न सकिएन ।" उनले कैलालीका अधिकांश स्कूलमा शिक्षक नियुक्ति गर्दा राजनीतिक, व्यक्तिगत तथा साङ्गठनिक दबाब आउने गरेको बताए । मध्य तथा सुदूरपश्चिमका अधिकांश स्कूलमा शिक्षक नियुक्त गर्दा यस्तै झमेला झेल्नु परेको ती जिल्लाका शिक्षा अधिकारीहरूले बताएका थिए। जिशिका जुम्लाका अधिकृत जीवन भण्डारीले भने, "यस्तो हस्तक्षेप जारी रहेमा बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिँदैन ।"

वागेश्वरी मावि डाभर, बाँकेका शिक्षक डिलाराम ढकालको भनाइ थियो, "स्कूलको व्यवस्थापन समुदायमा हस्तान्तरण गरेर मात्र गुणस्तर बढ्ने होइन । त्यसको लागि स्कूलको वातावरण राम्रो हुनुपर्छ ।" सरकारले विद्यार्थी अनुपातमा शिक्षक नदिएकोमा उनले गुनासो गरे । उनले दलीय राजनीतिका कारण योग्य भन्दा अयोग्य व्यक्ति राहत शिक्षक बन्न सफल भएको बताए ।

शिक्षकले समुदायमा हस्तान्तरण गरिएका स्कूलको गुणस्तर सुधार नभएको बताए पनि कार्यक्रममा धेरैले समुदायमा पुगेका स्कूलको पढाइ उकालो लागेको दलिल पेश गरेका थिए। कार्यक्रममा शिक्षा विभागका उपनिर्देशक निवराज जोशीले सामुदायिक स्कूलमा जाने ४० हजार रुपैयाँ सरकारी अनुदान शिक्षाको स्तर सुधारमा लगाउन शिक्षा अधिकारीलाई निर्देशन दिए । शिक्षा मन्त्रालयका उपसचिव ध्रुवराज रेग्मीको स्वीकारोक्ति थियो, "सरकारले सामुदायिक विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम लक्षित क्षेत्रमा लगानी भए नभएको अनुगमन हुनसकेको छैन् ।"

कार्यक्रममा मध्य र सुदूरपश्चिमका २५ जिल्लाका विनि, जिशिअ र प्रअ सहभागी थिए । कार्यक्रममा शिक्षा मन्त्रालयले भर्खरै जारी गरेको आचारसंहितालाई व्यवहारमा प्रभावकारी बनाउनेबारे पनि छलफल भएको थियो । कार्यक्रमका सहभागीले समुदायमा हस्तान्तरण भएका कारण राम्रो गर्न सफल बाँकेका वागेश्वरी मावि, डाभर र सरस्वती निमावि, पिपरीको स्थलगत अवलोकन गरेका थिए ।

**कल्पना पौडेल, नेपालगञ्ज**

# उमावि शिक्षकको नयाँ नेतृत्व

**उमावि** शिक्षकहरूको छाता संस्था उच्चमाध्यमिक शिक्षक एसोसिएसन (हिस्टान) को २३-२४ असोज २०६६ मा पोखरामा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनले आउँदो तीन वर्षका लागि दीपक सुवेदीको अध्यक्षतामा ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा विक्रम पोखरेललाई चयन गरेको छ भने उपाध्यक्षमा थिरनाथ दाहाल (पूर्वाञ्चल), केदार भण्डारी (मध्यमाञ्चल), षडानन्द गौतम (पश्चिमाञ्चल), रामप्रसाद ढकाल (मध्यपश्चिमाञ्चल), दामोदर पण्डित (सुदूर पश्चिमाञ्चल) र कमल चापागाई (उपत्यका) लाई छानेको छ । त्यस्तै महासचिवमा पुष्प न्यौपाने, सचिवहरूमा ताराप्रसाद पोखरेल, योगेन्द्र बस्नेत, राजेन्द्र खनाल, यज्ञप्रसाद गैरे र कोषाध्यक्षमा ऋषिराम कँडेल चुनिएका छन् ।

महाधिवेशनले सामुदायिक उमाविलाई तत्काल स्थायी सम्बन्धन दिई कम्तीमा तीन वटा दरबन्दीको व्यवस्था गर्नुपर्ने तथा उमावि शिक्षक सेवा आयोग गठन हुनुपर्ने माग गर्दै पाँचबुँदे घोषणापत्र समेत जारी गरेको छ ।




सुदर्शन रञ्जित

उक्त घोषणापत्रमा हिस्टानसँग विगतमा भएका सहमति कार्यान्वयनका लागि सरकारलाई दबाब दिने जनाइएको छ । महाधिवेशनबाट शिक्षकको सेवा सुविधा बढाउन शिक्षा मन्त्रालय र उमावि परिषद्लाई दबाब दिने र त्यसको सुनुवाई नभए आन्दोलनमा उत्रने घोषणा समेत गरिएको छ ।

**माधव बराल, पोखरा**

# शिक्षा मन्त्रालयद्वारा आचारसंहिता जारी



प्रमोद आयाम

**शिक्षा** मन्त्रालयले आफू मातहतका कर्मचारी, शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समितिका निम्ति आचारसंहिता जारी गरेको छ। 'शिक्षा मन्त्रालय र अन्तर्गतका सरोकारवालाहरूका लागि आचारसंहिता-२०६६' नाम दिइएको उक्त संहिता मन्त्रालयले २७ असोजमा काठमाडौंमा सार्वजनिक गरेको हो।

स्कूलको पठनपाठनलाई प्रभावकारी तुल्याउन तथा शिक्षासम्बन्धी निकायका शैक्षिक गतिविधिमा अनुशासन कायम गर्ने उद्देश्यले उक्त आचारसंहिता जारी गरिएको मन्त्रालयका अधिकारीहरूले बताएका छन्। मन्त्रालयले जारी गरेको आचारसंहिता स्कूलदेखि विश्वविद्यालय तहसम्मै लागू गरिने जनाइएको छ। शिक्षा सचिव डा. रामस्वरुप सिन्हाले शिक्षाका सरोकारवालाहरूलाई नैतिक रूपमा जिम्मेवार बनाउन आचारसंहिता लागू गरिएको बताए। "निश्चित मूल्यमान्यताको पालना गर्दै प्रभावकारी कार्यसम्पादनको लागि यसले महत्त्वपूर्ण भूमिका खेल्नेछ" उनले भने। आचारसंहितामा शिक्षकले स्कूलमा मादक तथा सूर्तीजन्य पदार्थ प्रयोगमा बन्देज लगाएको छ।

आचारसंहितामा दलित, जनजाति, अपाङ्ग, तेस्रो लिङ्गीलगायत सबै वर्गका छात्रछात्रालाई शिक्षकले समान व्यवहार गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ। शिक्षकले विद्यार्थीप्रति दुर्व्यवहार, अवहेलना, शारीरिक तथा मानसिक यातना दिन नपाइने तथा शिक्षण अवधिमा मोबाइलको स्वीच 'अफ' गर्नुपर्ने प्रावधान पनि सरकारी आचारसंहितामा राखिएको छ।

आचारसंहितामा छात्रछात्राले पालना गर्नुपर्ने नियम पनि राखिएको छ। जसअनुसार छात्रछात्राले शैक्षिक हाताभित्र हातहतियार, लागूपदार्थ प्रयोग र ओसारपसार गर्न पाइने छैन भने स्कूल पोशाक अनिवार्य रूपमा लगाउनुपर्नेछ। त्यस्तै विद्यार्थी परिचयपत्रलाई पनि आचारसंहितामा अनिवार्य गरिएको छ।

यो आचारसंहिताका आधारमा स्कूलको शैक्षिक क्रियाकलापलाई चुस्त तुल्याउनका लागि विद्यालयले स्थानीय सन्दर्भ अनुसार छुट्टै संहिता समेत बनाउन सक्ने प्रावधान पनि राखिएको छ। शिक्षा सचिव डा. सिन्हाले आचारसंहिताको कार्यान्वयनका लागि अनुगमन संयन्त्र बनाई प्रभावकारी रूपमा लागू गर्ने प्रतिबद्धता जनाएका छन्।

सरकारी आचारसंहिताको कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका रहने शिक्षक संस्थाका प्रतिनिधिले भने आचारसंहिताप्रति आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिएका छन्। नेपाल शिक्षक युनियनका अध्यक्ष कृष्णप्रसाद ढकालले भने, "नयाँ आचारसंहिताबारे युनियनलाई कुनै जानकारी छैन। हाम्रो संलग्नता विना नै बनेको आचारसंहिता मान्न

# शिक्षक नेताको दशैं विदेशमा

**शिक्षक** संस्थाका प्रमुख नेताहरूले यसपालिको दशैं डेनमार्क र थाइल्याण्डमा मनाए। विजयादशमीको दिन अर्थात् १२ असोजदेखि कोपेनहागनमा शुरु भएको डेनिस टिचर युनियनको सम्मेलनमा पर्यवेक्षक बन्न नेपाल शिक्षक युनियनका अध्यक्ष कृष्णप्रसाद ढकाल, महासचिव चुन्निशरण यादव, नेपाल शिक्षक संघका अध्यक्ष मोहन ज्ञवाली र नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष बाबुराम अधिकारी डेनमार्क पुगेका थिए। उनीहरू १७ असोजसम्म त्यहाँ बसे।

यसैगरी एजुकेशन इन्टरनेशनलको एसियाली क्षेत्रीय समितिको १२-१४ असोजमा ब्याङ्कमा भएको क्षेत्रीय सम्मेलनमा नेपाल शिक्षक संघका महिला उपाध्यक्ष इन्दिरा सापकोटा, कार्यवाहक महासचिव राजेन्द्र पौडेल, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका महिला उपाध्यक्ष सीमा क्षेत्री र महासचिव बाबुराम थापा सहभागी भए। एसियाका २९ देशका ६५ शिक्षक संस्था सहभागी सो सम्मेलनले जापानी शिक्षक युजुरु नाकापुराको अध्यक्षतामा आउँदो चार वर्षका निम्ति १७ सदस्यीय क्षेत्रीय समिति निर्वाचित गरेको छ भने सदस्यमा संघका उपाध्यक्ष इन्दिरा सापकोटा निर्वाचित भएकी छन्।

सम्मेलनले शिक्षामा लगानी बढाउनुपर्ने, प्रति विद्यार्थी लगानी खारेज गरिनुपर्ने प्रस्ताव पारित गर्दै शिक्षक तथा स्कूलमाथि भइरहेको आक्रमणको निन्दा गरेको छ। तालिमप्राप्त शिक्षकको अभाव तथा कम अनुभवका आंशिक शिक्षकको व्यवस्था गरिएकोले नेपालमा सामुदायिक विद्यालयको पढाइ कमजोर भएको ठहर सम्मेलनले गरेको जनाइएको छ।



२७ असोजमा शिक्षा मन्त्रालयमा आयोजित आचारसंहितासम्बन्धी छलफल।

हामी बाध्य छैनौं। यो मन्त्रालयको 'बद्‌मासी' हो।"

ढकालले शिक्षकहरूले युनियनले २०६३ मा तयार गरेको आचारसंहिता पालना गर्ने बताए। ढकालको जस्तै भनाइ थियो, अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनीको पनि। उनले भने, "यसबारे हामीलाई थाहै दिइएन। कम्तीमा सरोकारवालाहरूलाई बोलाएर छलफल गर्नुपर्थ्यो। यो पद्धति गलत भयो।"

उता, मन्त्रालयले भने शिक्षक, विद्यार्थी, अभिभावकलगायतका सरोकारवाला पक्षलाई दुईपटक बोलाइएको दाबी गरेको छ। "हामीले त डाकेका थियौं। दुईचार जना शिक्षक आउनुभएको पनि हो", मन्त्रालयका शाखा अधिकृत कृष्णबहादुर कटवालले भने, "आचारसंहितामा उहाँहरूको असहमति छ भने छलफल गर्न हामी तयार छौं।"

सामान्यत: जसमा लागू हुने हो र ज-जसले पालना गर्नुपर्ने हो उनीहरू आफैंले बनाएर स्वयंले कार्यान्वयन तथा अनुगमनसमेत गर्ने नियमलाई आचारसंहिता भन्ने गरिन्छ। आचारसंहिताको निर्माण र पालना धेरै हदसम्म स्वेच्छिक हुन्छ। सरकारका मन्त्रालय, विभाग तथा कार्यालयहरू ऐन-नियम पालना गर्ने र गराउने दायित्व बोकेका निकायभित्र पर्छन्। ऐनको पालना बाध्यकारी हुन्छ।

**प्रमोद आयाम**

# फेरि विज्ञान प्रदर्शनी

**प्रभात** उमावि, त्यागल ललितपुरले विगत आठ वर्षदेखि गर्दै आएको विज्ञान प्रदर्शनी यसपटक १ असोजमा गरेको छ। प्रदर्शनीमा प्राविदेखि माविसम्मका छात्रछात्राले हाइड्रोजन, अक्सिजन, नाइट्रोजन र कार्बनडाईअक्साइड जस्ता ग्याँस बनाउने तरिका प्रदर्शन गरेका थिए। विज्ञानको पाठ्यक्रमसँग सम्बन्धित ग्रीन हाउस, टेलिस्कोपको प्रयोग, लेन्स र यसका आकृति, रेखाचित्र खिच्ने तरिका, आर्किमिडिजको सिद्धान्त, पानीको विद्युत् विच्छेदन क्रियाको प्रयोगात्मक अभ्यासहरू प्रदर्शनीका आकर्षण थिए। प्रदर्शनीमा ११५ प्रकारका प्रयोगात्मक सामग्रीहरू राखिएको थियो। प्रभात उमाविका ८०० सहित वरपरका १० विद्यालयका करिब दुई हजार छात्रछात्रा र विज्ञान शिक्षकले उक्त प्रदर्शनी अवलोकन गरेका थिए।

प्रविन केसी



प्रदर्शनीमा सहभागी प्रभात उमाविका छात्राहरू।

# स्कूल नजाने शिक्षकलाई अवकाश

**लामो** समय विद्यालयमा अनुपस्थित शिक्षकलाई जिशिका दाङले अवकाश दिने प्रक्रिया थालेको छ। लामो अवधिसम्म स्कूलमा अनुपस्थित एक शिक्षकले अवकाश पाइसकेको र अरू चार जनालाई अवकाश दिने तयारी भइरहेको जानकारी जिशिका दाङका अधिकृत नेत्रप्रसाद सापकोटाले दिएका छन्।

शिक्षा नियमावलीको दफा १३१ को उपदफा ३ मा असाधारण तथा अध्ययन बिदा भुक्तान भएको १५ दिनभित्र विद्यालयमा हाजिर नहुने सामुदायिक विद्यालयका शिक्षकलाई सेवाबाट अवकाश दिन सकिने व्यवस्था छ। लामो कालसम्म स्कूल नजाने शिक्षकलाई जिशिकाले अवकाश दिन क्षेशिनिलाई सिफारिस गर्नुपर्छ भने त्यस्तो सिफारिसका आधारमा छानबिन गरी क्षेशिनिले त्यस्ता शिक्षकलाई अवकाश दिनुपर्ने प्रावधान छ। अवकाश दिनुपूर्व ३५ दिने सार्वजनिक सूचना जारी गर्नुपर्छ। शिक्षा नियमावलीको यही प्रावधानका आधारमा २७ भदौ २०६४ देखि स्कूलमा अनुपस्थित सरस्वती प्रावि गोबरडिहाकी शिक्षक खन्ना चौधरीले १३ वैशाखमा अवकाश पाएकी थिइन्।

त्यसैगरी १८ माघ २०६३ गतेदेखि विद्यालयमा नगएका प्रावि हरिचौर बाघमारेका शिक्षक भीमकान्त रेग्मी र ७ पुस २०६१ देखि विद्यालयमा अनुपस्थित बालहित प्रावि हाँसीपुरकी शिक्षक शोभा ज्ञवालीलाई पनि अवकाश दिने प्रक्रिया अघि बढेको छ। जिशिका दाङले मावि रनियाँपुरका शिक्षक ओमबहादुर ओली र युगबोध प्राविका शिक्षक गेहेन्द्र गिरीलाई लामो अवधिसम्म स्कूल नगएका कारण अवकाश दिन क्षेशिनिमा सिफारिस गरेको छ। लामो अवधि स्कूल नजाने अनि जिशिकाले त्यसबारे स्पष्टीकरण माग्दा कुनै जवाफ नदिएपछि कारबाही प्रक्रिया अघि बढाइएको शिशिअ ध्रुवराज के.सी.ले बताए। उनले भने, "हामीले पटक-पटक उहाँहरूलाई पत्राचार गरी विद्यालय नजानुको कारण माग्यौं, तर स्पष्टीकरण नै दिनुभएन, त्यसपछि बाध्य भएर कारबाही थाल्नु पर्‍यो।"

**गोपाल शर्मा भट्टराई, दाङ**

# शिक्षक-सरकार वार्ता अड्क्यो

**सरकार** र शिक्षकका पेशागत संस्थाबीच १५ साउन २०६६ देखि चलेको वार्ता अझै निष्कर्षमा पुगेको छैन। शिक्षकका प्रतिनिधिहरूले उठाएका अधिकांश मुद्दामा सहमति भइसकेकोले ३१ भदौ २०६६ मा औपचारिक सहमति हुने दुवै पक्षका वार्ताकारहरूले बताएका थिए *(हे. शिक्षक मासिक असोज, २०६६)*। तर, ३१ भदौको वार्तामा अध्यापन अनुमतिपत्र (शिक्षक लाइसेन्स) र समुदायमा विद्यालय हस्तान्तरण विषयमा पुन: विवाद चर्केपछि वार्ता स्थगित भएको थियो।

८ असोजमा भएको वार्तामा पनि औपचारिक सहमति हुन नसकेपछि दशैंपछि बस्ने गरी वार्ता रोकिएको थियो। तर, असोज बित्दासम्म अर्को वार्ता भएको छैन।

पछिल्लो वार्तामा शिक्षा मन्त्री रामचन्द्र कुशवाहाले शिक्षक लाइसेन्स खारेज गरिनुपर्ने आफ्नो पुरानो अडान दोहोर्‍याएका थिए भने उनको अडानलाई शैक्षिक गणतान्त्रिक मञ्च (माओवादी), मधेशी शिक्षक फोरम (मजफो) र लोकतान्त्रिक शिक्षक युनियन (तमलोपा) का प्रतिनिधिले साथ दिएका थिए।

शिक्षक लाइसेन्स खारेज गर्नुपर्ने मन्त्रीको अडानको नेपाल शिक्षक युनियनका प्रतिनिधिले प्रतिवाद गरेका थिए। सरकारी वार्ताकारमध्ये केही विदेश भ्रमणमा रहेका कारण वार्ताको नयाँ तिथि तय गर्न कठिन भइरहेको युनियनका अध्यक्ष कृष्णप्रसाद ढकालले बताए।

# *शिक्षक फोरम* को अध्यक्षमा पटेल



**मधेशी** जनअधिकार फोरम (उपेन्द्र यादव) को भ्रातृ सङ्गठनका रूपमा स्थापित मधेशी शिक्षक फोरम नेपालको १५-१६ असोज २०६६ मा जनकपुरमा सम्पन्न प्रथम राष्ट्रिय महाधिवेशनले विश्वनाथ पटेलको अध्यक्षतामा ३२ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा शाहिद अहमद हवारी, उपाध्यक्षहरूमा राजेन्द्रकुमार पाण्डे र पुनम यादव चुनिएका छन् भने महिला उपाध्यक्षमा प्रमिला यादव छानिएकी छन्। त्यस्तै महासचिवमा उपेन्द्र यादव, सचिवमा अरविन्दकुमार यादव र कोषाध्यक्षमा नन्दकिशोर पाण्डे चुनिएका छन्। केन्द्रीय सदस्यहरूमा गीता पाण्डे, अन्जु खड्का, सीताराम यादव, गङ्गाप्रसाद मण्डल, हरिलाल यादव, कमानन्द यादव, कासेन्द्र यादव, रामशरण मण्डल, समिमुदिन अन्सारी, रामपृत राय, चुल्हाइराय यादव, रवीन्द्र गिरी, ललितादेवी साह, वीरेन्द्र पटेल, विनोदकुमार परसैला, प्रदीपकुमार सिंह, शालिकराम यादव, दिलीपकुमार श्रीवास्तव, सञ्जयकुमार यादव, बबुएलाल यादव, सत्यनारायण साह, हेमचन्द्र महतो र महेश्वर साह रहेका छन्।

उपेन्द्र यादवका अनुसार महाधिवेशनले मधेशका हरेक स्कूलमा मातृभाषा वा हिन्दीमा पठनपाठन हुने व्यवस्था नयाँ पाठ्यक्रम र पाठ्यपुस्तकमा गरिनुपर्ने प्रस्ताव पारित गरेको छ। त्यसैगरी मधेशी स्कूलका लागि मधेशी गानको व्यवस्था गर्न माग गरिएको छ।

चेतन अधिकारी

# आफैं सुध्रिन थाले सरकारी स्कूल

**झापाका केही सामुदायिक स्कूलले आकर्षक स्कूल पोशाकको व्यवस्थासहित अङ्ग्रेजी माध्यममा पठनपाठन सुरु गरेपछि ती स्कूलप्रति छात्रछात्राको आकर्षण बढ्न थालेको छ।**

देवी बाँस्तोला सरस्वती उच्च मावि इँटाभट्टाकी दस कक्षाकी विद्यार्थी हुन्। आजभोलि उनी टाई, बेल्ट र जुत्तामा ठाँटिएर सामुदायिक विद्यालय प्रवेश गर्छिन्। हिजोसम्म विना टाई, बेल्ट र जुत्ता स्कूल जाने देवीलाई आजभोलि 'बोर्डिङ स्कूल' पढ्नेले लगाउने जस्तै ड्रेसमा स्कूल जाँदा बोर्डिङ नै पसेजस्तो लाग्छ। स्कूलको युनिफर्मसँगै बदलिएको आफ्नो दैनिकीबारे देवी भन्छिन्, "टाईको इज्जत धान्न पनि अब अनुशासित हुनुपर्छ। पढाइमा ध्यान केन्द्रित गर्नुपर्छ। समयको ख्याल गर्नुपर्छ।" टाई, बेल्ट र जुत्ता लगाएर स्कूल जाँदा देवीकी सहपाठी रोजी बस्नेतलाई पनि बोर्डिङ नै गएजस्तो भा'छ रे!

पशुपति माविको कक्षा चारमा अध्ययन गरिरहेका मिलन रम्तेल टाई, बेल्ट लगाएर स्कूल जान थालेपछि धूलोमा खेल्ने बानी हटेको बताउँछन्। रम्तेल भन्छन्, "सधैं टिफिनमा धूलोमा कुस्ती खेलिन्थ्यो। टाई लगाएपछि यसो गर्न छोडियो।"

गत फागुनमा एक दिन दमक स्रोतकेन्द्रका स्रोतव्यक्ति कृष्ण भण्डारी कार्यालयबाट घर फर्कंदैथिए। बाटोमा बोर्डिङ स्कूलका एक हुल विद्यार्थी एक-आपसमा आरोप/प्रत्यारोप गर्दै थिए। तीमध्ये एकजनाले सर्ट-पाइन्ट बाहिर निकालेर टाई फुकालेको थियो। उसका अरू साथी चाहिँ जिस्क्याउँदै थिए, "तँ सरकारी स्कूलको केटा जस्तो पो भइस्।" ती विद्यार्थीको कुरा सुनिसकेपछि २२ वर्ष सरकारी विद्यालयमा पढाएर तीन वर्षदेखि स्रोतव्यक्तिका रूपमा कार्यरत भण्डारीले सामुदायिक स्कूलमा पनि टाई, बेल्ट र जुत्ता अनिवार्य गराउने निधो गरे। सामुदायिक विद्यालयका विद्यार्थीलाई झुत्रो, नराम्रो, पढ्न नजान्नेको कोटिबाट हटाउन उनी कम्मर कसेर लागे। अनि प्रधानाध्यापकहरूसँग सरकारी विद्यालयका विद्यार्थीको परिचय बदल्न छलफल नै चलाए। प्रधानाध्यापकहरूसँग सहमति गरी स्रोतकेन्द्र स्तरीय निर्णयबाट सबै विद्यालयमा साविकको पोशाकमा टाई, बेल्ट र जुत्ता थप्ने निर्णय गरियो। त्यसपछि दमक भेकका २० वटा सामुदायिक विद्यालयले टाई, बेल्ट र जुत्ता अनिवार्य गरेका छन्।

## टाईको गाँठै नफुकाई राखें"



**पिङ्कु खड्का, कक्षा दश,**
**सरस्वती उच्च मावि**

**यो** अभियान सञ्चालन नहुँदासम्म म सर्ट, फ्रक र चप्पल लगाएर स्कूल आउँथें। छरछिमेकका साथीहरू टाई, बेल्ट र जुत्ता लगाएर बोर्डिङ जान्थे। आफू चाहिँ पुरानो कपडा लगाएर सरकारी स्कूल जाँदा खल्लो लाग्थ्यो। पढाइमा पनि खासै उत्साह हुन्थेन। यसपालिदेखि हाम्रो स्कूलमा पनि टाई, बेल्ट र जुत्ता अनिवार्य गरियो। यो कुराले निकै खुशी भएँ। तर, टाई लगाउन नजानेर समस्या भयो। स्कूलमा त सरसँग टाइ बाँध्न सिक्यौं। तर घर पुग्दा बिर्सिहालियो। बोर्डिङका साथीहरूको घरमा गएर सिक्न पनि लाज लाग्यो। आफैंले धेरै पटक प्रयास गरें तर जान्दै जानिनँ। अनि दाइले सिकाइदिनुभयो। कति दिनसम्म त शुरुका दिन पारेको गाँठो नफुकाइकन राखें। अहिले मलाई टाई बाँध्न आउँछ। तर अझै पनि मेरा कति साथी टाई लगाउन नजानेकाले गोजी र झोलामा बोकेर स्कूल आउँछन्। अनि सरहरूले नै टाई बाँधिदिनुहुन्छ।

टाई, बेल्ट लगाएपछि कक्षामा हल्ला गर्नुहुँदैन भन्ने भावना पलाउँदोरहेछ। त्यसबाहेक पहिला हामी टिफिनमा वा अरू बेला पनि विद्यालयभन्दा बाहिर राजमार्गसम्म खेल्न जान्थ्यौं तर अहिले त्यो बानी हटेको छ। कोही पनि विद्यालयको गेटभन्दा बाहिर जाँदैनन्। यो स्कूलका विद्यार्थी हुन् भन्ने चिन्छन्।



# मलाई गर्व लाग्छ

**मोहनप्रसाद मिश्र**
प्रअ, पृथ्वी निमाविं, दमक

**मेरो** शिक्षण पेशाको ३८ वर्षको दौरानमा चारवटा विद्यालय फेरेँ। र, यो विद्यालयमा आएको चाहिँ दोस्रोपटक हो। सबै विद्यालयमा मैले प्र.अ.कै भूमिका निर्वाह गर्ने अवसर पाएँ। प्र.अ. भएपछि कुनै न कुनै नयाँ योजना ल्याउनुपर्ने हुन्छ। त्यसैले योजनाहरू पनि बनाइए। तर, सामुदायिक स्कूलमा टाई, बेल्ट लगाउने योजना जत्तिको प्रभावकारी अरू कुनै योजना ल्याउन सकिनँ।

यो वर्ष हाम्रो विद्यालयका विद्यार्थीहरूले टाई र बेल्ट लगाउने नियम बनाइएको छ। यो नियमले शिक्षक, अभिभावक र विद्यार्थी सबै खुशी छन्। हाम्रा विद्यार्थीहरू पनि बोर्डिङका झैं 'गुडमर्निङ सर' भन्दै स्कूलको गेटबाट छिर्दा हामीलाई गर्व लाग्छ। शिक्षकहरूको पनि आत्मविश्वास बढेको छ। यो अभियानले विद्यालयको शैक्षिक वातावरण नै बदलिदिएको छ। टाई, बेल्टसँगै अङ्ग्रेजी माध्यम हुनु भनेको सुनमा सुगन्ध जस्तै हुँदोरहेछ। अङ्ग्रेजी माध्यमलाई अभिभावकले धेरै रुचाएका छन्। टाई, बेल्टसँगै हामीले विद्यालयको नतिजा राम्रो बनाउन सकेनौं भने त्यसले यो अभियान धरासायी बन्न सक्छ। यसमा शिक्षक, विद्यार्थी र अभिभावक तीनैथरी सचेत हुनु आवश्यक छ।



तस्विरहरू: चेतन अधिकारी

झापाको दमक– ६ स्थित ढुकुरपानी माविका विद्यार्थी टाइबेल्टमा।

सामुदायिक विद्यालयमा टाई र बेल्टको व्यवस्थासँगै झापाका कतिपय विद्यालय रित्तिनबाट जोगिएका छन्। दमक नगरभित्र रहेको ढुकुरपानी माविमा गत वर्ष १४ जना विद्यार्थी कक्षा एकको वार्षिक परीक्षामा सामेल भएकोमा यसपालि ४२ जना विद्यार्थी भर्ना भएका छन्। यसले सामुदायिक स्कूलहरू रित्तो हुनबाट जोगिएका छन्। दमक स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरूले टाई, बेल्ट र जुत्ता लगाउनुपर्ने नियम बनाएकाले यो वर्ष विद्यालयहरूमा विद्यार्थीको सङ्ख्या बढेको छ। तर, यसरी विद्यार्थी बढ्नुको कारण युनिफर्म मात्र चाहिँ होइन। कक्षा एकमा अङ्ग्रेजी माध्यमबाट पढाउने निर्णय समेत गर्नाले विद्यार्थी बढेका हुन्।

सामुदायिक स्कूलमै टाई, बेल्ट लगाएर अङ्ग्रेजी पढ्न पाउने भएपछि बोर्डिङ स्कूलको जरुरत नभएको तर्क गर्छन् हिमालय उच्च मावि दमकको व्यवस्थापन समितिका अध्यक्ष मेघराज तिम्सिना। उनी भन्छन्, "यो अभियानले हामीलाई जोश-जाँगर बढायो। अभिभावक औधी खुशी भएका छन्।" यस अभियानले विद्यार्थीको पढाइ मात्र सुध्रेको होइन, उनीहरूका दैनिक क्रियाकलाप समेत परिवर्तन भएका छन् । दिपनी निमावि दमकका प्रधानाध्यापक शेषकान्त निरौलाका अनुसार फोहोर विद्यार्थी सफा भएर आउन थाले। चप्पल लगाउने विद्यार्थीले जुत्ता लगाउन थाले। कपडा धोएर लगाउने र नियमित नुहाउने बानी बसेको छ। गृहकार्य गर्न थालेका छन्।" यसबाट विद्यार्थीलाई बोर्डिङ स्कूलका साथीभाइसरह भएको मनोवैज्ञानिक प्रभाव समेत परेको छ।

यो अभियानले विद्यार्थीको मात्र बानीव्यहोरा बदलेको होइन, अभिभावकहरूमा समेत ठूलो परिवर्तन ल्याएको छ। पृथ्वी निमावि दमकका प्रधानाध्यापक मोहनप्रसाद मिश्रका अनुसार टाई, बेल्टले साना कक्षाका अभिभावक र ठूला कक्षाका विद्यार्थीलाई पढाइप्रति बढी जिम्मेवार बनाएको छ। मिश्र भन्छन्, "ठूला कक्षाका विद्यार्थीले टाई, बेल्ट लगाएपछि बोर्डिङकाले झैं नियमित गृहकार्य गर्न थाले भने साना कक्षाका विद्यार्थीका अभिभावकले आफ्ना बच्चाहरूलाई पनि बोर्डिङकालाई झैं ध्यान दिने र नियमित गृहकार्य गरेर स्कूल पठाउने गरेका छन्।" दिनभरि ज्याला मजदुरी गर्ने दमक-१४ की रनवती राजवंशी आजभोलि हरेक साँझ खाना खाइसकेपछि तीन कक्षामा पढ्ने छोरीको पढाइ, लेखाइ र गृहकार्यबारे सोधखोज गर्छिन्। रनवती भन्छिन्, "बोर्डिङमा झैं इङ्गलिश बोल्ने स्कूल पठाएपछि त पढे नपढेको चासो दिनु पऱ्यो नि!"

विद्यार्थीले टाई, बेल्ट लगाउने निर्णय गरे पनि त्यो बोझ अभिभावकलाई बोकाउने हो भने विद्यार्थी घट्छन् भन्ने कुरामा चनाखो स्रोतकेन्द्रले प्राथमिक तहका विद्यार्थीलाई टाई, बेल्ट निःशुल्क उपलब्ध गराएको छ। विद्यालय सुधार योजना (एसएसआरपी) को रकमलाई यो प्रयोजनमा लगाइएको छ। निमावि र माविका विद्यार्थीलाई न्यूनतम शुल्कमा टाई, बेल्ट उपलब्ध गराइन्छ।

प्रमोद आयाम

# विकिपिडिया

## सूचना र ज्ञानको सहज स्रोत

**सामान्यज्ञानदेखि पाठ्यवस्तुसँग सम्बन्धित प्रशस्त सामग्री भेटिने भएकाले सबै तहका शिक्षक र विद्यार्थीहरूलाई विकिपिडिया सहयोगी सामग्री मानिन्छ। गणित र विज्ञान विषयका शिक्षक तथा विद्यार्थीहरूका निम्ति त विकिपिडिया तत्कालै वरदान सावित हुन थाल्छ।**




■ ग्यालेक्सी स्कूलका विज्ञान शिक्षक शङ्कर पौडेल इन्टरनेटमा बसेका बेला विकिपिडिया हेर्न छुटाउँदैनन्। उनी विद्यार्थीलाई पनि विकिपिडियाको प्रयोग गर्न सिकाउँछन्। उनले आफ्ना विद्यार्थीहरूलाई नेपालमा पाइने दुर्लभ वन्यजन्तु र वनस्पतिका प्रजातिको सूची बनाउन लगाउँदा केही विद्यार्थीले राम्रो सूची तयार पारेका थिए। उनी भन्छन्, "जुन विद्यार्थीले विकिपिडियाको प्रयोग गरे, उनीहरूले तयार गरेको प्रजातिको सूची अरू विद्यार्थीको भन्दा विस्तृत थियो।"

■ महाँकालस्थित काठमाडौं विद्यामन्दिरका कक्षा १० का विद्यार्थी उज्ज्वलकुमार सिंह साइबर पुग्नासाथ विकिपिडियाको 'होम पेज' खोल्छन्। सातामा दुई–तीन पटक इन्टरनेट हेर्ने उनी विकिपिडिया आफूलाई निकै उपयोगी भएको ठान्छन्। कक्षामा सामाजिक शिक्षाको संविधानसम्बन्धी पाठ पढ्दा उनले आफ्ना शिक्षकबाट संघीयताको सङ्क्षिप्त जानकारी पाए। तर, उनलाई त्यसबारे विस्तृत तथ्य जान्न मन लाग्यो र विकिपिडियाको सहारा लिए। उज्ज्वल भन्छन्, "संघीयताको अवधारणा, स्वरुप, प्रणालीका धेरै कुराहरू विकिपिडियामा रहेछन्।"

■ ग्यालेक्सीमा सामाजिक शिक्षा पढाउने शिक्षक कमल मिश्रले कक्षा १० मा सामाजिक शिक्षा अन्तरगत दोस्रो विश्वयुद्धको इतिहास पढाउँदा आफूलाई पाठ्यपुस्तकमा मात्रै सीमित राखेनन्। विकिपिडियाको सहयोगमा उनले विश्वयुद्धमा जापानको हिरोशिमा र नागासागीमा भएको अमेरिकी बम आक्रमणको घटनालाई तस्बिरसहित विद्यार्थीलाई देखाए। मिश्र भन्छन्, "मैले विकिपिडियामा दोस्रो विश्वयुद्धका धेरै सूचना भेट्टाएँ। ती सूचना पाठ्यपुस्तकबाट जान्न सम्भवै थिएन।" उनी विकिपिडियाका नियमित प्रयोगकर्ता हुन्। सामाजिक शिक्षा आफैंमा समसामयिक विषय भएकाले विद्यार्थीलाई प्रभावकारी ढङ्गबाट पढाउनका लागि उनी विकिपिडिया हेरिरहन्छन्।

# रिपोर्ट सूचनाप्रविधि र शिक्षा




हो, संसारका अधिकांश ऐतिहासिक जानकारी र वैज्ञानिक आविष्कार आदिबारे जान्न उत्सुकता देखाउने जो-सुकैका लागि विकिपिडिया सजिलो स्रोत हुनसक्छ । पत्रकार, प्राध्यापक, अनुसन्धानकर्ताहरूले बढी प्रयोग गर्दै आएको विकिपिडिया विद्यालयका शिक्षक र विद्यार्थीहरूका लागि पनि उत्तिकै उपयोगी हुनसक्छ । विकिपिडियामा पाठ्यवस्तुसँग सम्बन्धित कुराहरू मात्र नभई नयाँ ज्ञान, सीपको अभिवृद्धिमा सहयोग पुऱ्याउने धेरै सामग्रीहरू पनि पाइन्छन् ।

त्यसो त पाठ्यक्रम, मूल्याङ्कन, कक्षाकोठा वातावरण जस्ता शिक्षण क्रियाकलापबारे अनुसन्धान गर्न चाहने शिक्षकलाई विकिपिडिया उपयोगी हुने देखिएको छ । त्यसका लागि- www.wikipedia.org मा लगअन गर्नुपर्छ । यो पृष्ठ खुलेपछि आफूले हेर्ने भाषा छान्न सकिन्छ । अथवा विकिपिडियाको छुट्टै अङ्ग्रेजी संस्करण भेट्टाउनका लागि सोझै www.en.wikipedia.org मा जान सकिन्छ ।

विकिपिडिया नि:शुल्क प्रयोग गर्न सकिने इन्टरनेटको सबैभन्दा ठूलो इन्साइक्लोपिडिया हो । संसारका धेरै विषयमा सामान्य जानकारी दिने पुस्तक नै विश्वकोश अर्थात् इन्साइक्लोपिडिया हो । इन्साइक्लोपिडियाको इतिहासको खोजी गर्दै जाँदा पहिलो शताब्दीमा प्रकाशित 'नेचरल हिस्ट्री' सम्म पुगिन्छ । आधुनिककालमा भने सन् १७७० को दशकमा स्कटल्याण्डको एडिनबरोमा पहिलोपटक प्रकाशित 'इन्साइक्लोपिडिया ब्रिटानिका' नै अगुवा विश्वकोश हो । पुस्तकका रूपमा प्रकाशित हुने 'इन्साइक्लोपिडिया' चाहिँ महँगो पर्छ । त्यसको तुलनामा पाठकलाई सजिलो र छिटो सेवा दिने उद्देश्यले इलेक्ट्रोनिक विकिपिडियाको विकास गरिएको हो । संसारकै कला/संस्कृति, इतिहास, चर्चित व्यक्तिका जीवनी, भूगोल जस्ता अनेक विषयसम्बन्धी ज्ञानको ठूलो भण्डारको रूपमा विकिपिडिया विकसित भइरहेको छ ।

अङ्ग्रेजी भाषाको अनलाइन इन्साइक्लोपिडियाको रूपमा स्थापित नुपिडियाको परिमार्जित र विकसित स्वरुप हो, विकिपिडिया । यसको वेब साइटमा जनाइए अनुसार, १५ जनवरी २००१ मा विकिपिडियाको औपचारिक थालनी भएको हो । जसको सुरुआतकर्ता थिए- नुपिडियाका संस्थापक जिमी वेल्स र उनका सहयोगी लेरी स्याङ्गर । विकिपिडिया *विकिमिडिया फाउण्डेशन* द्वारा सञ्चालित गैरनाफामूलक परियोजना हो । फाउण्डेशनका अनुसार, विकिपिडियाकै नियमित पाठक र अन्य व्यक्ति तथा संस्थाबाट प्राप्त हुने अनुदान सहयोगबाट यो सञ्चालित छ ।

प्रारम्भमा अङ्ग्रेजी भाषामा मात्र विषयवस्तु राख्न शुरु गरिएको विकिपिडियामा अहिले २६० भन्दा बढी भाषाका एक करोड ३० लाखभन्दा बढी लेख रचनाहरू सङ्गृहीत छन् । तीमध्ये अङ्ग्रेजी भाषाका मात्रै ३० लाख ६० हजारभन्दा बढी लेखहरू भेटिन्छन् । अङ्ग्रेजीपछि जर्मन, फ्रान्सेली, पोलिस, इटालियन, डच, स्पेनिस, पोर्चुगिज जस्ता भाषाका सामग्री बढी पाइन्छन् ।

विकिपिडिया त्यस्तो सञ्जाल हो, जहाँ जो-सुकैले लेखरचना, सूचना, गतिविधिजस्ता सामग्रीहरू अपलोड गर्न सक्छ। यसका प्रयोगकर्तालाई यसअघि नै अपलोड भइसकेका सामग्री सम्पादन गर्ने स्वतन्त्रता समेत छ । विकिमिडिया फाउण्डेशनका अनुसार, अहिले करिब ७५ हजारको हाराहारीमा त्यस्ता सम्पादकहरू छन्, जसले नियमित रूपमा विकिपिडियाका लेखहरू सम्पादन गर्दछन् ।

## सामग्री खोज्ने तरिका

विकिपिडियामा सामग्रीहरू खोज्ने र हेर्ने मूलत: दुईवटा विकल्पहरू छन् । पहिलो हो, विकिपिडियाको मूलपृष्ठको बायाँपट्टि रहेको *'सर्चबक्स'* मा आफूले खोजेको विषयको शीर्षक टाइप गरेर सामग्री खोज्नु । यसो गर्दा त्यो शीर्षकसँग सम्बन्धित धेरै

विषयवस्तुहरू विकिपिडियाले देखाउँछ । दोस्रो उपाय हो, विकिपिडियामा राखिएका शीर्षकहरूमा 'क्लिक' गरेर चाहिएका सामग्रीहरू फेला पार्न सकिन्छ । त्यस्ता शीर्षकहरू कुनै वर्णानुक्रममा राखिएका हुन्छन् भने कतिपय चाहिँ विषयवस्तु अनुसार वर्गीकृत गरिएका हुन्छन् । साथै, 'ए' देखि 'जेड' सम्मका वर्णानुक्रम सूची पनि मूलपृष्ठमा राखिएको हुन्छ । आफूलाई चाहिएको विषयको शुरुको अक्षरमा 'क्लिक' गरेर पनि सामग्री फेला पार्न सकिन्छ ।

विकिपिडियाको अङ्ग्रेजी संस्करणको मूलपृष्ठको *'टुडेज फिचर्ड आर्टिकल'* शीर्षकमा हरेक दिन एउटा मुख्य लेख राखिएको हुन्छ । जुन लेख विस्तृत हुन्छ । यसको अभिलेखालयमा कैयौं विस्तृत लेखहरू सङ्गृहीत हुन्छन् । मूलपृष्ठमै अर्को उपयोगी जानकारी भेटिन्छ, त्यो हो- इतिहासका प्रमुख घटनाका मिति । खोजकर्ताले जुन दिन विकिपिडिया खोल्छन्, त्यही दिन संसारमा भएका ऐतिहासिक घटनाका विवरण त्यसले देखाउँछ । सँगै यसको अभिलेखालय पनि छ, जहाँ १२ वटै महिनाका हरेक तारिखका कन्टेन्ट राखिएका छन् ।

## सबैलाई उपयोगी

सामान्य ज्ञानदेखि पाठ्यवस्तुसँग सम्बन्धित विषयवस्तुहरू प्रशस्त भेटिने भएकाले विद्यालय तहका शिक्षक र विद्यार्थीहरूलाई विकिपिडिया सहयोगी सामग्री मानिन्छ । विशेषगरी गणित र विज्ञान विषयका पाठ्यक्रमसँग सम्बन्धित राम्रा सामग्रीहरू विकिपिडियामा भेटिन्छन् । साथै, सामाजिक अध्ययनका वैकल्पिक विषयवस्तुहरू समेत यसमा छन् । सामाजिक अध्ययनमा विशेषत: भूगोल, विकास, अन्तर्राष्ट्रिय सम्बन्ध, राजनीतिक विषयवस्तु समेटिएका हुन्छन् । तिनलाई सहयोग पुग्ने खालका भौगोलिक नक्सा, तस्बिर, तथ्याङ्कजस्ता सामग्रीहरू विकिपिडियामा पाइन्छन् । ग्यालेक्सी स्कूलका शिक्षक कमल मिश्र भन्छन्, "पाठ्यपुस्तकका ज्ञान दिनु त एउटा कुरा भयो । तर, सामाजिक अध्ययनका नयाँ गतिविधिहरू त पाठ्यपुस्तकमा थपिएका हुँदैनन् नि ! त्यो अवस्थामा विद्यार्थीहरूलाई 'अपडेटेड' जानकारीहरू दिनका लागि विकिपिडिया एउटा राम्रो विकल्प हो ।"

विकिपिडियाका प्रयोगकर्ता शिक्षकहरू यसलाई सबैभन्दा सजिलो र व्यापक स्रोतको रूपमा लिन्छन् । शिक्षक युनियनका पूर्वअध्यक्ष केशवप्रसाद भट्टराई भन्छन्, "जतिबेला चाहेपनि कुनैपनि विषयका सूचना र जानकारीहरू विकिपिडियामा पाइन्छ । योभन्दा सस्तो र सजिलो अर्को माध्यम के हुन्छ र ?" शिक्षकलाई अतिरिक्त ज्ञान-सीपको खाँचो पर्दा विकिपिडिया हेर्नै पर्ने उनको ठम्याइ छ । भट्टराईको अनुभवमा शिक्षणसँग सम्बन्धित अनुसन्धानमूलक धेरै सामग्रीहरू विकिपिडियामा छन् । "कक्षाकोठा वातावरणसम्बन्धी विषयवस्तु खोज्न पनि यसले

## विकिपिडिया नेपालीमा पनि !

नेपालसम्बन्धी सामान्य जानकारीका लागि नेपाली भाषामै लेखिएको छुट्टै वेबपेज पनि छ । त्यसमा नेपालको इतिहास, भूगोल, सांस्कृतिक जानकारीसहित विभिन्न राजनीतिज्ञ र साहित्यकारका जीवनीहरू समेटिएका छन् । नेपाली विकिपिडियाको छुट्टै वेब ठेगाना नै छ । त्यो हो www.ne.wikipedia.org यसमा 'लगअन' गर्दा शुरुमै नेपाली भाषाको विकिपिडिया संस्करण खुल्छ । अथवा मूल पेजमा गएर नेपाली भाषा छनोट गर्दा पनि हुन्छ । अङ्ग्रेजी वा अरू भाषामा जस्तै नेपालीमा पनि जसले पनि सामग्री राख्न र सम्पादन गर्न पाइन्छ । इन्दिवर बडाल र युकेश रञ्जित जस्ता युवाहरू यो स्वयंसेवाको अगुवा बनेका छन् ।

यसको मूलपृष्ठमै नेपालको भौगोलिक अवस्थिति, प्रमुख शहरका सामान्य परिचय राखिएका छन् । साथमा नेपालका विभिन्न भागका तस्बिर र नक्साहरू यसमा देखिन्छन् । नेपाली विकिपिडियामा अधिकांश नेपालका र विदेशका सामग्रीसहित दुई हजार ८५० भन्दा बढी लेखहरू राखिएका छन् । नेपाली विकिपिडियाको मूलपृष्ठको दायाँपट्टि इतिहास, गणित, जीवनी, प्रविधि, भूगोल, विज्ञान, समाज, संस्कृतिजस्ता 'कन्टेन्ट' राखिएका छन् । साथै, यसमा 'अ'देखि 'ज्ञ'सम्मका 'इन्डेक्स'हरू पनि राखिएका छन् । आफूले खोजेको लेखको शुरुको अक्षर पहिचान गरेर इन्डेक्सका अक्षरमा 'क्लिक' गर्दा विकिपिडियामा राखिएका लेखहरू भेटिन्छन् ।

साथै, नेपाली विकिपिडियाको 'सर्चबक्स'बाट पनि नेपाली लेखहरू खोज्न सकिन्छ । त्यसका लागि सर्चबक्समा आफूले खोजेको लेखको शीर्षक वा कुनै शब्द 'टाइप' गर्नुपर्छ । तर, त्यो शब्द युनिकोडमा लेखिएको हुनुपर्छ । साथै भोजपुरी भाषामा समेत हेर्न सकिन्छ, विकिपिडियाका सामग्रीहरू जसको वेब ठेगाना हो- www.bh.wikipedia.org । अझ संस्कृत भाषाको 'विकिपेज' समेत हेर्ने इच्छा छ भने लगअन गर्नुस्- www.sa.wikipedia.org । अङ्ग्रेजीमा जस्तै नेपाली, नेवारी, भोजपुरी भाषाका नयाँ सामग्रीहरू तपाईंले अपलोड गर्न पनि सक्नुहुन्छ । साथै, पुराना 'लिङ्क'हरू त्रुटिपूर्ण लागेमा तपाईंले त्यसमा सम्पादन समेत गर्न सक्नुहुन्छ । त्यसका लागि भने युनिकोडको प्रयोग गर्नुपर्छ ।

तर नेपाली, नेवारी र अन्य कतिपय भाषाहरूमा भने पूर्ण लेखहरू भन्दा सङ्ख्या बढाउन मात्र राखिएका जस्ता लाग्ने लेखहरूको आधिक्य देखिन्छ । कैयन् शीर्षकहरूमा पढ्न खोज्दा यो सामग्री एक ठुटो (Stub) वा अपुरो अवस्थामा छ । तपाईंसँग यो विषयको राम्रो जानकारी छ भने यसलाई विस्तार गरेर विकिपिडियालाई मद्दत गर्न सक्नुहुन्छ भन्ने सूचना प्राप्त हुन्छ ।



# सूचनाप्रविधि र शिक्षा

विद्यार्थीहरूलाई नियमित गृहकार्यको महसुस पनि हुँदैन ।"

विकिपिडियामा भेटिने चित्र र तस्विरहरू समेत विद्यार्थीहरूका लागि झन् रुचिपूर्ण लाग्न सक्छन् । विकिपिडियाको विश्व-ज्ञानकोश पोर्टलका रूपमा कला, जीवनी, भूगोल, इतिहास, गणित, विज्ञान, प्रविधिका 'कन्टेन्ट'हरू राखिएका छन् । ईशाकालका विश्व विख्यात दार्शनिकहरू सुकरात, अरस्तुदेखि सन् २००८ मा रसायनतर्फका नोबेल पुरस्कार विजेता बेकटरामन् रामकृष्णन्सम्मका जीवनी विकिपिडियामा भेटिन्छन् । यीमध्ये अधिकांश सामग्रीमा कुनै न कुनै तस्विर या चित्र राखिएको छ ।

जस्तो, विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्सटाइनको बारेमा जान्न चाहनेका लागि उनको जन्मदेखि मृत्युपर्यन्तसम्मका घटनाक्रम र उनले गरेका योगदानबारे विकिपिडियाले देखाइदिन्छ । विकिपिडियाको यो सुविधाप्रति विद्यार्थीहरू पनि निकै सन्तुष्ट छन् । काठमाडौं विद्यामन्दिरमा कक्षा १० मा पढिरहेका पासाङ शेर्पा भन्छन्, "न्युटनको गुरुत्वाकर्षणसम्बन्धी सिद्धान्त पढेपछि मैले विकिपिडियामा न्युटनको बारेमा 'सर्च' गरें । त्यहाँ त न्युटनका बारेमा मैले सोचेभन्दा बढी जानकारी भेटियो ।" त्यसयता पासाङ विकिपिडियाको नियमित प्रयोगकर्ता बनेका छन् ।

रेडियोको आविष्कार कसरी भयो ? विद्यार्थीमा उठ्न सक्ने एउटा बालसुलभ जिज्ञासा हो यो । त्यसले रेडियोको शाब्दिक अर्थदेखि यसको आविष्कार र प्रयोगबारेका सम्पूर्ण वृत्तान्त छिनभरमै खोजकर्ता साम् विकिपिडियाले ल्याइदिन्छ । इतिहासको कुरा गर्नुपर्दा संयुक्त राष्ट्रसंघको स्थापनाबारे जानकारी चाहने शिक्षक-विद्यार्थीका लागि विकिपिडियाले दरिलो स्रोत सहयोग पुऱ्याउँछ", उनी भन्छन् ।


कुनैपनि विषयको आधारभूत सूचना र जानकारी थाहा पाउन शिक्षक तथा विद्यार्थीले आधारभूत सामग्रीको रूपमा विकिपिडियालाई उपयोग गर्न सक्छन् । द्विविधा भएको विषयमा शिक्षकले आफू प्रस्ट हुनका लागि विकिपिडिया उपयोगी हुने कतिपय शिक्षकहरूको अनुभव छ । ग्यालेक्सीका विज्ञान शिक्षक शङ्कर पौडेल भन्छन्, "विद्यार्थीले राख्ने सबै जिज्ञासाको समाधान पाठ्यपुस्तक र आफ्नो ज्ञानबाट मात्रै गर्न सकिँदैन । यस्तो अवस्थामा विकिपिडियाले केही हदसम्म सहयोग पुऱ्याउँछ ।" त्यसैले उनले विद्यार्थीलाई पनि विकिपिडिया प्रयोग गर्न सल्लाह दिन्छन् । पौडेल भन्छन्, "यसो गर्दा विद्यार्थीहरू अतिरिक्त ज्ञानप्रति 'अपडेटेड' पनि हुन्छन् र यसमा




## नेवारीमा बढी सामग्री !

विकिपिडियाको नेवारी संस्करणमा ५५ हजार ५०० भन्दा बढी कन्टेन्टहरू सङ्गृहीत छन् । जबकि हिन्दीमा ५१ हजारको हाराहारीमा मात्रै लेखहरू छन् । नेवारी संस्करण हेर्नका लागि यसको छुट्टै वेब ठेगाना समेत छ- www.new.wikipedia.org । नेवारीका 'विकिसामग्री' नेपाली भाषाको तुलनामा १८ गुणा बढी छ ।

जसको श्रेय जान्छ- काठमाडौंका युकेश रञ्जितलाई । पाँच वर्षअघि उनैले थालेका हुन्, विकिपिडियाको नेवारी संस्करण । पेशाले चिकित्सक हुन्, रञ्जित । तर पनि बिरामीको सेवाबाट बचेको समय उनले विकिपिडियाप्रति नै समर्पित गरेका छन् । पाँचवर्षे अवधिमा उनले नेपालका अधिकांश गाउँ विकास समितिका आधारभूत जानकारीहरूलाई नेवारी पेजमा समेटेका छन् । त्यसबाहेक इतिहास, संस्कृति, विज्ञान-प्रविधिसम्बन्धी सूचनाहरू नेवारी संस्करणमा छन् । रञ्जितले नेवारी भाषाका अलावा नेपाली, अङ्ग्रेजी, भोजपुरी, हिन्दी, संस्कृत र पाली भाषामा समेत विकिपिडिया अपडेट गर्ने गरेका छन् । उनी भन्छन्, 'शुरुशुरुमा रहर र जोशले यो काम थालियो । अहिले त फुर्सद भयो कि अपडेटमा बस्ने बानी परिसक्यो । आफूले जानेका र खोजेका सूचनाहरू यसरी विकिपिडियामार्फत अरूलाई बाँड्न पाउँदा म सन्तुष्ट छु ।"



विकिपिडियामा राखिएको सौर्य प्रणालीसम्बन्धी जानकारी

सामग्रीका रूपमा काम गर्न सक्छ। विकिपिडियाको अङ्ग्रेजी संस्करणको 'सर्चबक्स' अङ्ग्रेजीमा 'युनाइटेड नेसन्स' टाइप गरेर खोज्नासाथ त्यहाँ राष्ट्रसंघको स्थापना, यसका उद्देश्य, सङ्गठन संरचना सम्पूर्ण तथ्यहरू भेटिनेछन्। अङ्ग्रेजी भाषा कमजोर हुनेलाई कतिपय सामग्रीहरू तपाईंले नेपाली, नेवारी, हिन्दी, भोजपुरी, संस्कृत भाषामा पनि हेर्न सकिन्छ। यद्यपि यी भाषामा अङ्ग्रेजीका जति खुराक भेटिँदैनन्। अरु, नेवारी भाषा राम्ररी पढ्न सक्नेलाई त झन् खुशीको खबर! दक्षिण एसियामा सबैभन्दा बढी बोलिने हिन्दी भाषाको तुलनामा नेवारी भाषामा बढी 'कन्टेन्ट'हरू नेवारी विकिपिडियामा छन् *(हेर्नुस् बक्स)*।

इन्टरनेटको पहुँच पुगेका विद्यालयमा विकिपिडियाको प्रयोग सजिलै गर्न सकिएला। तर, इन्टरनेट नै नदेखेका ठाउँका शिक्षक विद्यार्थीले के गर्ने त ? यो जिज्ञाशा उठ्नु स्वभाविकै लाग्न सक्छ। इन्टरनेट नभएका विद्यालयका शिक्षकले सदरमुकाममा आएका बेला जिल्ला शिक्षा कार्यालय वा अन्य संस्थामा इन्टरनेट सुविधा लिएर आवश्यक पाठ्यसामग्री, नक्सा, तस्वीरहरू डाउनलोड गर्न सक्छन्। त्यसरी झिकिएका सामग्रीलाई सीडी वा 'पेनड्राइभ'मा राखेर आफ्नो विद्यालयको कम्प्युटरबाट विद्यार्थीहरूलाई देखाउन पनि सकिन्छ।

विकिपिडियामा जोसुकैले नयाँ सामग्री 'अपलोड' गर्ने र पुराना सामग्रीलाई सम्पादन गर्न सक्ने भएकाले यसको यथार्थता र विश्वसनीयतामा सधैंजसो प्रश्न पनि उठ्ने गरेको छ। जसलाई विकिमिडिया फाउण्डेशन स्वयंले आफ्नो मुख्य कमजोरीका रूपमा स्वीकार गरेको छ। पटकपटकको सम्पादन हुने भएकाले विकिपिडियाका लेखरचनाहरू प्राय: अपुरो र अधुरा हुन्छन्, भनिन्छ। यसकारण पनि जानकारहरू विकिपिडियालाई सूचनाको प्रारम्भिक स्रोतको रूपमा प्रयोग गर्दा उपयुक्त हुने बताउँछन्।

मदन पुरस्कार पुस्तकालयका सङ्कलन व्यवस्थापन निर्देशक साजन सुवेदी भन्छन्, "यो सूचना सङ्कलनको शुरुको बिन्दु हो, तर अन्तिम विकल्प चाहिँ हैन।" भेटिएका सामग्रीको 'क्रसचेक' गर्नुपर्ने उनको सुझाव छ। चार वर्ष वनस्पतिशास्त्र पढाएका सुवेदी भन्छन्, "म त निकै सन्तुष्ट छु। यति सजिलोसँग सूचना पाउनु भनेको एकदमै ठूलो कुरा हो।"

## सहायक परियोजना

विकिपिडियाले आफ्नो भगिनी परियोजनाअन्तर्गत विक्सनरी (शब्दकोश), विकिबुक्स (पुस्तक), विकिसोर्स (लाइब्रेरी), विकिभर्सिटी (सिकाइ क्रियाकलाप), विकिकोट (सूक्तिहरू), विकिन्यूज (समाचार) जस्ता 'कन्टेन्ट'हरू समेत सञ्चालन गरेको छ। यीमध्ये शिक्षक र विद्यार्थीहरूका लागि 'विकिभर्सिटी' बढी लाभदायी हुनसक्छ। यसमा विद्यालय शिक्षा र शिक्षण क्रियाकलापसँग सम्बन्धित उपयोगी सामग्रीहरू भेटिनेछन्। *(हेर्नुस् बक्स)*

### पढ्ने पढाउनेका लागि 'विकिभर्सिटी'

'विकिभर्सिटी' विकिमिडिया फाउण्डेशनको भगिनी परियोजनामध्येको एक हो। यसमा शिक्षण-सिकाइ सामग्री र क्रियाकलापमा सहयोग पुग्ने किसिमका ११ हजार ५०० भन्दा बढी स्रोतहरू राखिएका छन्। विकिभर्सिटीमा पूर्वविद्यालय अवस्था, प्राथमिक, माध्यमिक तहदेखि विश्वविद्यालयसम्मका शिक्षण क्रियाकलापसँग सम्बन्धित सामग्रीहरू समेटिएका छन्। साथमा अनौपचारिक शिक्षणका उपयोगी सामग्रीहरू समेत यसमा छन्। यी सबै तहका शिक्षण क्रियाकलापका निर्देशिकाहरू विकिभर्सिटी परियोजनामा भेटिन्छन्।

पूर्वविद्यालय अवस्थाका बालबालिकाहरूका लागि दैनिक रूपमा सिकाउनुपर्ने क्रियाकलापहरू यसमा छन्। साथै, बालबालिकाका लागि रमाइला चित्र र तस्बिरहरू समेत यो पृष्ठमा राखिएको छ। सत्यवती उच्चमावि, धादिङका प्रधानाध्यापक लक्ष्मण शर्मा भन्छन्, "विकिपिडियाका तस्बिर, चित्र, ग्राफ तथा चार्टहरू बालबालिकालाई देखाउन निकै उपयोगी छन्।" प्राथमिक र माध्यमिक तहका शिक्षणका खासगरी गणित र विज्ञान विषयका पाठ्यक्रमहरू विकिभर्सिटी परियोजनामा समेटिएका छन्। साथै, 'स्कूल सब्जेक्स्' नामको छुट्टै 'कन्टेन्ट' पनि छ, विकिभर्सिटीमा। जहाँ विद्यालय तहका पाठ्यक्रमसम्बन्धी सामग्रीहरू राखिएका छन्।

फाउण्डेशनले शैक्षिक स्रोत सामग्रीलाई खुल्ला रूपमा सङ्कलन र त्यसको सम्प्रेषण गर्ने उद्देश्यका साथ 'विकिभर्सिटी' परियोजना चलाएको हो। फाउण्डेशनले भनेको छ, "खुल्ला शैक्षिक स्रोतको सिर्जनाको यो अभियानमा सहभागी हुन हामी शिक्षक, विद्यार्थी र अनुसन्धानकर्ताहरूलाई आह्वान गर्दछौं।"


विकिकोटअन्तर्गत १७ हजारभन्दा बढी भनाइ तथा उक्तिहरू सङ्ग्रह गरिएका छन्। त्यस्तै, विकिपिडियाको महत्त्वपूर्ण परियोजना मानिएको विकिबुक्समा थुप्रै पुस्तकका करिब ३८ हजार पृष्ठहरू समेटिएका छन्। जसलाई शिक्षक विद्यार्थीले 'ई-लाइब्रेरी'का रूपमा प्रयोग गर्न सक्छन्। विकिपिडिया शब्दकोशमा १४ लाख २४ हजारभन्दा बढी अङ्ग्रेजी शब्दका अर्थहरू राखिएका छन्। साथै, कुनै पनि शब्दको उच्चारण तरिका, परिभाषा र विपरित शब्द समेत सो शब्दकोशले देखाइदिन्छ। काठमाडौं विद्यामन्दिरका छात्र उज्ज्वलकुमार सिंह भन्छन्- 'डिक्स्नरी'मा नभेटिएका शब्दका अर्थ र परिभाषाहरू खोज्नका लागि म पनि विकिपिडिया नै हेर्छु। भगिनी परियोजनाको अर्को 'कन्टेन्ट' हो- विकिपिडिया कमन्स। जहाँ पत्रपत्रिकाका प्रकाशित लेखका 'स्क्यानकपी' र तस्बिरहरू गरी ५० लाखभन्दा बढी सामग्री अपलोड गरिएका छन्। यस्तै, विकिस्पिसिज परियोजनाको पृष्ठमा शिक्षक विद्यार्थीले विभिन्न प्रजातिका जन्तु, वनस्पतिका जानकारी तथा तस्बिरहरू खोज्न सक्छन्।

रिपोर्ट

बाबुराम विश्वकर्मा

## राष्ट्रिय शिक्षा पुरस्कार- २०६६

# 'राम्रा'ले मात्रै पाएनन्




शिक्षा मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसको अवसर पारेर २३ भदौ २०६६ मा सार्वजनिक स्कूलका ४२५ र निजी स्कूलका ५८ जना 'उत्कृष्ट' शिक्षकलाई पुरस्कृत गर्ने घोषणा गरेको छ। पुरस्कृत शिक्षकहरूले चालू आर्थिक वर्षभरिमा आ–आफ्नो पुरस्कार पाइसक्ने बताइएको छ। देशका सम्पूर्ण निजी तथा सार्वजनिक विद्यालयमा अध्ययनरत डेढ लाखभन्दा बढी शिक्षकहरूमध्येबाट निश्चित मापदण्डका आधारमा उत्कृष्ट र योग्य शिक्षकहरू छानिएको शिक्षा मन्त्रालयको दाबी छ। उक्त मापदण्ड अनुसार पुरस्कार पाउने शिक्षकको विषयमा वार्षिक परीक्षामा कम्तीमा ७५ प्रतिशत छात्रछात्रा उत्तीर्ण भएको तथा सम्बन्धित शिक्षक ८५ प्रतिशत विद्यालयमा उपस्थित भएको हुनुपर्छ। सरकारी स्कूलमा कम्तीमा पाँचदेखि १० वर्ष सेवा गरेका स्थायी शिक्षक यो पुरस्कारको हकदार हुन्छन्। *(हे मापदण्ड बक्समा)*

यसपालि पुरस्कार पाउनेमा केही उत्तम, केही राम्रा र केही खराब शिक्षक पनि परेका हुनसक्छन्। शिक्षक मासिकले देशभरिबाट पुरस्कृत सरकारी स्कूलका ४२५ शिक्षकको शैक्षिक/व्यक्तिगत पृष्ठभूमिको विस्तृत अध्ययन गर्नु समय र स्रोतसाधनका हिसाबले मात्र होइन, व्यावहारिक रूपमा पनि कठिन हुन्छ। तथापि झापा, मोरङ, महोत्तरी, ललितपुर र कैलाली जिल्लाबाट पुरस्कृत शिक्षकबीच हामीले गरेको सरसर्ती अध्ययनले चाहिँ सरकारी मापदण्ड पूरा नगरेका शिक्षकले पनि शिक्षा पुरस्कार हात पारेको देखाएको छ। पुरस्कार पाउनेमा केही राम्रा शिक्षक पनि पर्छन्।

सरकारी स्कूलको पढाइ सुधार्न राम्रा शिक्षकलाई पुरस्कृत र खराबलाई दण्डित गर्नुपर्ने आवाज उठिरहेको बेला आफू वरपरका शिक्षकहरू मन्त्रालयको मापदण्ड अनुसार राष्ट्रिय शिक्षा पुरस्कार पाउन योग्य थिए कि थिएनन् भन्ने कुराको लेखाजोखा/मूल्याङ्कन गर्ने दायित्व शिक्षक, अभिभावक र छात्रछात्राको हो किनकि शिक्षा पुरस्कार पाएका शिक्षकको योगदान तथा चरित्र छात्रछात्रा, अभिभावक र नजिकको शिक्षकलाई भन्दा बढी अरूलाई थाहा हुँदैन। पुरस्कार छनोटका त्रुटि र कमी–कमजोरी सुधार गरी गतिला शिक्षकलाई मात्र यो पुरस्कारको हकदार तुल्याउन ढिलो भइरहेको छ। शिक्षक, अभिभावक र छात्रछात्राले पुरस्कारको मौजुदा प्रणाली र शैलीका खोट नकेलाई शिक्षा पुरस्कारलाई शिक्षकलाई 'साँच्चै' प्रोत्साहित गर्ने कार्यक्रम बनाउन नसकिने देखिन्छ।

झापाको ढुकुरपानी मावि दमकका शिक्षक अर्जुन अधिकारी यसपालिको राष्ट्रिय शिक्षा पुरस्कार पाउने करिब ५०० शिक्षकमध्येका एक हुन् । शिक्षक अधिकारी पुरस्कारले आफूलाई अध्यापनमा अरू सक्रिय हुन प्रोत्साहित गरेको ठान्छन् । उक्त माविका प्रअ लीला खनालका अनुसार, २७ वर्षदेखि गणित पढाइरहेका अधिकारी समयमै विद्यालयमा आउने र नियमित पढाउने 'राम्रा तथा अनुशासित' शिक्षक हुन् । चार जना मात्र विद्यार्थी भएपनि अधिकारीले कक्षा छाड्ने गरेका छैनन् । पहुँचवालासँग सम्बन्ध नभएका अधिकारी पुरस्कार पाएकोमा खुशी व्यक्त गर्दै भन्छन्, "राम्रो काम गरेमा मूल्याङ्कन हुँदोरहेछ ।" गत वर्ष दमक स्रोत-केन्द्रले पनि अधिकारीलाई उत्कृष्ट नगर शिक्षकको रूपमा सम्मान गरेको थियो ।

झापाकै कञ्चनजंघा प्रावि काकडभिट्टाका प्रअ घनश्याम पोखरेल पनि यसपटकको शिक्षा पुरस्कार पाउने राम्रा शिक्षकमा पर्छन् । उनको स्कूल सार्वजनिक भए पनि राम्रो निजी स्कूल जस्तो छ । छात्रछात्राको पोशाक पनि निजीको जस्तै छ भने पठनपाठन अङ्ग्रेजी माध्यममा हुन्छ । साना नानीहरूले कम्प्युटरको प्रयोग गर्न थालेका छन् । मनोरञ्जनका लागि स्कूलमा टेलिभिजन, खाना र खाजाका लागि क्यान्टिनको व्यवस्था गरिएको छ । बालबालिकालाई टिफिनको समयमा सुत्ने प्रबन्ध पनि छ । छात्रछात्राको उत्तीर्ण प्रतिशत ९८ रहेको उनी बताउँछन् । "शायद यिनै कुरा हेरेर मलाई पुरस्कृत गरिएको होला", उनी थप्छन् ।

तर; शिक्षा मन्त्रालयबाट यसपालि पुरस्कृत गरिएका सरकारी स्कूलका शिक्षकहरूको सूचीमा अधिकारी र पोखरेल जस्ता शिक्षक फेला पार्न सजिलो छैन । लचमु मावि जलेश्वरका निमावि शिक्षक कमलदेव ठाकुरले पर्सारघुनाथ निमाविको प्रअ हुँदा गरेको आर्थिक हिनामिनासम्बन्धी मुद्दा अहिले पनि जिप्रका महोत्तरीमा चलिरहेको छ । तर, उनी यसपालि राष्ट्रिय शिक्षा पुरस्कारबाट सम्मानित भएका छन् । महोत्तरीकै हल्खोरी निमाविको प्रअ हुँदासमेत आर्थिक अनियमितता गरेको तथा स्कूलमा नपढाएको अभियोगमा विद्यालय व्यवस्थापन समितिले ठाकुरविरुद्ध जिप्रका महोत्तरीमा उजुरी गरेको थियो । उक्त स्कूलमा छात्रछात्रा र अभिभावकले हाजिर हुन नदिएपछि ठाकुरलाई जिशिकाले २ वैशाख २०६० मा पर्सारघुनाथ निमाविको प्रअमा सरुवा गरेको थियो ।

नयाँ स्कूलमा पनि ठाकुरको रेकर्ड राम्रो रहेन । जुन अभियोगमा उनी हल्खोरी निमाविबाट धपाइए, त्यही अभियोग सरुवा भएको पर्सारघुनाथ निमाविमा पनि दोहोरियो । पर्सारघुनाथ निमाविको विद्यालय व्यवस्थापन समितिले स्कूलको शौचालय निर्माणमा आर्थिक अनियमितता गरेको भन्दै ठाकुरलाई २३ कात्तिक २०६३ देखि स्कूलमा हाजिर हुन दिएन । समितिले उनीविरुद्ध जिप्रकामा उजुरी दर्ता गरेको छ ।

## पुरस्कार छनौटका मापदण्ड

- ✓ सार्वजनिक स्कूलको स्थायी रूपमा सेवा गरेको
- ✓ ५-१० वर्षदेखि शिक्षण पेशामा रहेको
- ✓ विद्यालयमा ८५ प्रतिशत उपस्थित भएको
- ✓ सम्बन्धित शिक्षकको विषयमा ७५ प्रतिशत छात्रछात्रा उत्तीर्ण भएको
- ✓ शिक्षण पेशाप्रति प्रतिबद्ध र निष्ठावान
- ✓ स्कूलको उन्नतिमा लागेको इमान्दार, नैतिकवान
- ✓ शिक्षा पुरस्कारबाट सम्मानित नभएको

स्रोतः शिक्षा मन्त्रालय

महोत्तरीका प्रमुख जिल्ला अधिकारी सागरमणि पराजुलीले यस्ता उजुरी धेरै भएकोले ठाकुरसम्बन्धी उजुरीको फैसला हुन ढिलो भएको जानकारी शिक्षकलाई दिएका छन् । विद्यालयमा हाजिर गर्नबाट बञ्चित भएपछि ठाकुरले करिब तीन महिनाअघि जलेश्वरको लचमु माविमा काज सरुवा गराएका हुन् । नेपाल शिक्षक संघ महोत्तरी र नेपाल शिक्षक युनियनको केन्द्रीय प्रतिनिधि समेत रहिसकेका ठाकुरको शैक्षिक/प्रशासनिक रेकर्ड खराब भए पनि शिक्षा अधिकारीहरूको नजरमा चाहिँ उनी राष्ट्रिय शिक्षा पुरस्कार पाउनका लागि 'योग्य' प्रअ/शिक्षक ठहरिएको देखिन्छ । ठाकुरको पुरस्कारलाई इङ्गित गर्दै नेपाल शिक्षक मञ्चका अध्यक्ष भागेन्द्र झा शैक्षिक उन्नति र स्कूलको विकासमा योगदान गरेका भन्दा जिशिअ वरपर घुम्ने शिक्षकले शिक्षा पुरस्कार पाउने गरेको आरोप लगाउँछन् ।

सार्वजनिक स्कूलका शिक्षकले राष्ट्रिय शिक्षा पुरस्कार पाउनका लागि स्थायी शिक्षकका रूपमा कम्तीमा पाँचदेखि १० वर्ष सेवा गरेको हुनुपर्छ । तर, ७ मङ्सिर २०६३ मा स्थायी भएकी महोत्तरीकै पर्सापतौली माविकी निमावि शिक्षक नाइडु नेपालीलाई पनि यस वर्षको शिक्षा पुरस्कार प्राप्त भएको छ । उनी कार्यरत स्कूलमा लामो समय शिक्षण गरेका अरू योग्य शिक्षक हुँदाहुँदै राष्ट्रिय शिक्षा पुरस्कार नाइडुले नै पाउनुमा खेलकुद मन्त्री रहेका उनका ससुरा गणेश नेपालीको सोर्सले काम गरेको विश्वास गरिन्छ । तर उनी भन्छिन्, "धेरै मान्छेले ससुरा मन्त्री भएकोले नाइडुले पुरस्कार पाई भनेका छन् । तर म पुरस्कारका लागि योग्य छु ।" महोत्तरीकी स्थायी बासिन्दा नाइडुले एसएलसी जलेश्वरबाटै





> **'धेरै मान्छेले ससुरा मन्त्री भएकोले नाइडुले पुरस्कार पाइ भनेका छन्। तर म पुरस्कारका लागि योग्य छु।'**
>
> **नाइडु नेपाली**
> पुरस्कृत शिक्षक, पर्सापतैली निमावि, महोत्तरी

**एउटै पुरस्कार दुईपटक पाउन सफल कैलालीका राहत शिक्षक लीला बास्कोटा (बायाँ) र मापदण्ड नपुगे पनि 'मन्त्री ससुरा' को सोर्सले पुरस्कार पाउन सफल पर्सापतैली निमावि, महोत्तरीकी नाइडु नेपाली (दायाँ)।**

गरेकी हुन् भने उनका आईए र बीएका प्रमाणपत्र चाहिँ भारतको बिहार शैक्षिक संस्थाका छन्।

२०६५ को एसएलसी परीक्षामा 'निल' गएको ललितपुरको चाकुपाटस्थित चण्डी विद्याश्रमका मावि शिक्षक उपेन्द्र यादव पनि यसपटक राष्ट्रिय शिक्षा पुरस्कार पाउने शिक्षकमा दरिएका छन्। २०५८ सालदेखि उक्त विद्यालयमा पढाउन थालेका यादव माविमा सामाजिक विषय पढाउने गर्छन्। विगत १० वर्षयता चण्डी विद्याश्रमबाट एसएलसीमा वर्षको चार/पाँच जनाभन्दा बढी छात्रछात्रा उत्तीर्ण भएका छैनन्। यादवले पढाउने सामाजिक अध्ययनमा भने अधिकांश छात्रछात्रा पास हुँदै आएका छन्। गत वर्ष एसएलसीमा सामेल ५७ मध्ये सबै असफल भए पनि सामाजिक अध्ययनमा चाहिँ ५३ जना उत्तीर्ण भएका थिए। यादव छात्रछात्राले परीक्षामा हासिल गरेको शैक्षिक नतिजाका आधारमा आफूलाई पुरस्कार दिएको भन्ने ठान्दैनन्। उनी भन्छन्, "स्कूलले वार्षिक परीक्षामा हासिल गरेको उपलब्धिका आधारमा पुरस्कार दिइन्थ्यो भने मैले पाँच वर्षअघि नै शिक्षा पुरस्कार पाएको हुन्थें किनकि त्यतिबेला म काम्रेमा प्रअ हुँदा स्कूलको उन्नतिका लागि अहिलेभन्दा धेरै राम्रो काम गरेको थिएँ।"

यादव मधेशी जनअधिकार फोरमनिकट 'मधेशी शिक्षक फोरम'का महासचिव तथा मधेशी शिक्षकहरूको संस्था 'मधेशी शिक्षक समाज'का अध्यक्ष हुन्। उनी तीन महिनादेखि चलिरहेको शिक्षक-सरकार वार्तामा 'मधेशी शिक्षक फोरम'का तर्फबाट सहभागी छन्। आफूले शिक्षक सरकार-वार्तामा निर्वाह गरेको 'आक्रामक भूमिका'का कारण शिक्षा पुरस्कार पाएको हुनसक्ने यादवको अनुमान छ। उनी भन्छन्, "शिक्षक-सरकार वार्तामा पुरस्कार दिने अधिकारी पनि सामेल थिए, मेरो प्रस्तुतिले प्रभाव पारेको हुनुपर्छ।" उक्त वार्तामा संलग्न अरू शिक्षकहरू पनि पुरस्कृत भएका छन्। ललितपुरको इन्द्रायणी माविका प्रअ तथा नेकपा (एमाले) निकट नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका महासचिव बाबुराम थापा, तमलोपा निकट लोकतान्त्रिक शिक्षक युनियनका अध्यक्ष चन्द्रदेव सिंह र सोही संस्थाका ईश्वर पण्डितलाई पनि शिक्षा पुरस्कार दिइएको छ।

पुरस्कार पाएकामध्ये केही शिक्षक चाहिँ शिक्षकभन्दा बढी राजनीतिक दलको कार्यकर्ताको रूपमा चिनिएका छन्। 'सार्क शिक्षक संघ'को उपाध्यक्ष तथा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको केन्द्रीय महासचिव समेत रहिसकेका साजिलाल उमावि, दुलारी मोरङका प्रअ एकराज भट्टराईको नाम पनि शिक्षा पुरस्कार पाउने शिक्षकको सूचीमा छ। उनी एमाले मोरङ जिल्ला कमिटी सदस्य हुन्। १७ असोज २०६६ मा अवकाश पाएका भट्टराईले पुरस्कार पाउने आधार र मापदण्ड स्पष्ट नभएकोले पुरस्कार पाए पनि आफू उत्साहित नभएको बताए। उनको कथन छ, "शिक्षकको मूल्याङ्कन गर्ने निश्चित आधार र मापदण्ड छैन।" उनले पुरस्कार नातावाद, कृपावाद र कसैको आशीर्वादमा दिइने गरिएको पनि स्वीकार गरे।

शिक्षा पुरस्कार पाएका मोरङकै मनोहर जनता उमावि, मधुमल्लाका शिक्षक नरेन्द्र ढुङ्गेल पनि एमाले कार्यकर्ता हुन्। भट्टराई र ढुङ्गेलले एमालेको अनि मोरङकै हरिश्चन्द्रगढी डाइनियाका शिक्षक जमाल उद्दिन र डाइनिया माविका प्रअ जवीर यादवले मधेशी जनअधिकार फोरमको सिफारिसमा पुरस्कार पाएको यहाँका अन्य शिक्षकहरूको दाबी छ।

## साली र बहिनी पनि पुरस्कृत

शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालय र जिशिकाका अधिकारीहरूको सिफारिसमा शिक्षा पुरस्कार पाउने 'पहुँचवाला' शिक्षक थुप्रै भेटिएका छन्। क्षेत्रीय शिक्षा निर्देशनालय धनकुटाका निर्देशक डिल्ली रिमालले झापा र विराटनगरमा कार्यरत आफ्ना दुइटी बहिनी र सालोलाई शिक्षा

पुरस्कार दिलाएका छन् । ३ भदौ २०६६ मा सरुवा भएर धनकुटा पुगेका क्षेशिनि रिमालले पुरस्कारका लागि शिक्षकहरूको नाम सिफारिस गर्दा महेन्द्र मावि विराटनगरमा कार्यरत रिमालका साला डिकप्रसाद घिमिरे, शिक्षा सदन निमावि विराटनगर र सरस्वती उमावि दमकमा कार्यरत बहिनीहरू क्रमशः सीता दाहाल र तुलसा खनालको नाम घुसाएको गुनासो सम्बद्ध जिशिकाका कर्मचारीहरूले गरेका छन् । तर घिमिरेले चाहिँ भिनाजुको सिफारिसमा नभएर आफैं योग्य भएर पुरस्कार पाएको दाबी गरेका छन् ।


रिमालकी बहिनी तुलसा खनाल पुरस्कृत भएको कुरा दमकभरि नै चर्चामा रह्यो र केहीले यसको खुलेरै विरोध गरेका छन् । स्रोतका अनुसार, जिशिका झापाले पुरस्कारका लागि खनालको नाम सिफारिस गरेको थिएन । आफूले गरेको सिफारिस विपरित शिक्षा मन्त्रालयले शिक्षकलाई पुरस्कृत गरेको देख्दा आफूहरू छक्क परेको जिशिका झापाका कर्मचारीहरू बताउँछन् । जिशिकाको सिफारिस सूचीबाट जम्मा दुई जना शिक्षकले मात्र पुरस्कार पाएको बताउँदै जिशिअ दीपक काफ्ले भन्छन्, "हामीले सिफारिस मात्र गर्ने हो, निर्णय माथिबाट हुन्छ ।" नेपाल शिक्षक युनियन झापाका अध्यक्ष नारायण गौतमले पुरस्कारका लागि नाम सिफारिस गर्ने बेलामा जिशिका र शिक्षा समितिमा आफूले कुरा उठाउँदा यो माथिबाटै निर्णय हुने हो भनेर पन्छाउने गरिएको बताए ।

भानु प्रावि, विराटनगरकी शिक्षक कविता दाहालले चाहिँ शिक्षा मन्त्रालयमा कार्यरत पति केशव दाहालका कारण शिक्षा पुरस्कार पाएको किटानी अन्य शिक्षकहरूले गरेका छन् । कविता एक महिनाअघि ललितपुर सरुवा भइसकेकी छन् भने उनका पति केशव दाहाल पनि शिक्षा मन्त्रालयबाट सरुवा भएर ललितपुरकै जिशिअ भएका छन् । कविता पतिको सोर्समा नभएर आफ्नै योगदानले पुरस्कार पाएको दाबी गर्छिन् ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन मोरङका विशाल दाहालको कथनमा शिक्षा पुरस्कार 'राम्रा'ले होइन, 'हाम्रा' शिक्षकले पाउने गरेका छन् । उनले थपे- 'राम्रा' शिक्षक कक्षाकोठामा हुन्छन्, 'हाम्रा' चाहिँ नेता र शिक्षा अधिकारीको वरिपरि घुमिरहन्छन्, जो शिक्षा अधिकारीको चाकरीमा पुग्छन् त्यस्तैले यो पुरस्कार पाउँछ ।

यसै वर्ष पुरस्कृत भएका नेपाल शिक्षक संघ झापाका पूर्व अध्यक्ष तथा देवी मावि बिर्तामोडका प्रअ लेखनाथ भट्टराईलाई चाहिँ आफूलाई पुरस्कारका लागि कसले के आधारमा सिफारिस गऱ्यो भन्ने पनि थाहा छैन । उनी पुरस्कृत भएर उत्साहित देखिँदैनन् । भन्छन्, "यो पुरस्कारको मलाई रहर छैन ।" उनी स्कूलमा दैनिक एक घण्टी मात्र पढाउने गर्छन् ।





पुरस्कृत शिक्षक नेताहरू बायाँबाट क्रमशः बाबुराम थापा र उपेन्द्र यादव ।

## दोहोरिनेको लाइन

शिक्षा पुरस्कार पाएका कैलालीका शिक्षकमध्ये केहीले पहिला पनि सोही पुरस्कार पाइसकेका छन् । कैलालीको दुर्गालक्ष्मी उमावि अत्तरियाका लीला बाँस्कोटा र नवदुर्गा मावि धनगढीका प्रअ समर चौधरी यस्तै शिक्षकमा पर्छन् । बास्कोटा २०६० मा र चौधरी दुई वर्षअघि मात्र पुरस्कृत भएका थिए । सार्वजनिक स्कूलका स्थायी शिक्षकलाई यो पुरस्कार दिइने मापदण्ड भए पनि राहत शिक्षक बाँस्कोटालाई दुई-दुई पटक एउटै पुरस्कार दिनुले पुरस्कारको औचित्य र मर्यादामै गम्भीर आँच पुगेको स्थानीय शिक्षकहरूको कथन छ । दोहोऱ्याएर पुरस्कार पाएकोमा बास्कोटा चाहिँ दङ्ग छन् । उनी आफ्नो कामको मूल्याङ्कन भएको बताउँछन् । तर उनी कार्यरत दुर्गालक्ष्मी उमाविका प्राचार्य तुलबहादुर साउदले पुरस्कारको छनोट प्रक्रिया नै त्रुटिपूर्ण भएकोले पाउनुपर्नेले नपाएको र नपाउनुपर्नेले पाएको प्रतिक्रिया दिए । उनले भने, "निकटता र पहुँचका आधारमा पुरस्कार दिइएको छ । अब त पुरस्कारमै विश्वास लाग्न छाड्यो ।"

कैलालीका जिशिअ सदानन्द झा राजनीतिक दबाब र हस्तक्षेपका कारण गतिला शिक्षकको नाम सिफारिस गर्न जिशिका असमर्थ भएको बताउँछन् । क्षेत्रीय शिक्षा निर्देशनालय दिपायलका निर्देशक नैनसिंह धामी जिशिकाले सिफारिस गरेका नामहरू नै आफूले शिक्षा मन्त्रालयमा सिफारिस गर्ने गरेको दाबी गर्छन् । उनी अयोग्य शिक्षक छानिएकोमा जिशिकालाई नै जिम्मेवार ठान्छन् । शिक्षा पुरस्कारका लागि केन्द्रमा नाम पठाउँदा स्रोतव्यक्तिलाई थाहा नदिइएका कारण पनि राम्रा शिक्षक पुरस्कारबाट वञ्चित रहेको एकथरीको भनाइ छ । कैलालीमा अहिले १६ जना स्रोतव्यक्ति छन् । स्रोतव्यक्ति भीमबहादुर बलायर भन्छन्, "पुरस्कृत शिक्षक कसरी सिफारिस भए, हामीहरूलाई जानकारी छैन ।"





**पूर्वाञ्चलका क्षेशिनि डिल्ली रिमालका पुरस्कृत दुई बहिनी बायाँबाट क्रमशः तुलसा खनाल र सीता दाहाल**

२०६४ सालमा कैलालीको प्रतापपुर गाविसका सात जना शिक्षक पुरस्कृत भएका थिए। एमालेबाट शिक्षा राज्यमन्त्री बनेका मोहनसिंह राठौरको गाउँ हो प्रतापपुर। उनकै निर्णयले ती शिक्षक पुरस्कृत भएका थिए। तीमध्ये अधिकांश एमाले निकट थिए। राठौरले पुरस्कृत गरेका विद्यालय व्यवस्थापन समितिका नारमुनि राना एमालेको कोटामा सभासद् भइसकेका छन्।

उपत्यका र तराईका जिल्लाबाट प्रावि, निमावि, मावि र उमाविका शिक्षकमध्येबाट जिशिकाले पाँच जना शिक्षक पुरस्कारका निम्ति क्षेशिनिमार्फत मन्त्रालयमा सिफारिस गर्नुपर्छ भने हिमाली जिल्लाबाट जिशिकाले दुई जना शिक्षकको नाम मन्त्रालयमा पठाउनुपर्छ। तर, पुरस्कृत शिक्षकको जिल्लागत विवरण यो मापदण्ड विपरित र असन्तुलित देखिन्छ। कुनै जिल्लाबाट धेरै शिक्षक पुरस्कृत भएका छन् भने केही जिल्लाबाट अत्यन्त थोरै पुरस्कार पाउनेमा परेका छन्।

आफूले तय गरेको पुरस्कारको मापदण्ड लागू नभएका कारण शिक्षा मन्त्रालयका अधिकारीहरू चाहिँ 'मापदण्ड' लाई कामचलाउ भन्न थालेका छन्। मन्त्रालयको विद्यालय शिक्षा शाखाका उपसचिव विदुरराज गिरी भन्छन्, "हामीले तय गरेको मापदण्ड नै लागू नभएकोले पुरस्कारका लागि 'हार्ड एण्ड फास्ट' रुल छैन भन्दा पनि हुन्छ।' शिक्षा मन्त्रालयले २०३१ सालपछि देशभरिका शिक्षक, शिक्षासेवी र निजी तथा सार्वजनिक स्कूललाई पुरस्कार दिन थालेको हो।

यसपालि अन्तर्राष्ट्रिय साक्षरता तथा राष्ट्रिय शिक्षा दिवसका अवसरमा २३ भदौ २०६६ मा मन्त्रालयले पुरस्कार पाउने शिक्षकको नाम सार्वजनिक गरे पनि शिक्षकले पुरस्कार हात पार्न झण्डै वर्ष दिन कुर्नुपर्छ। पुरस्कृत शिक्षकलाई बाहिरबाट सुनको जलप लगाएको तीन तोला चाँदीको पदक र प्रमाणपत्र प्रदान गर्ने गरिएको छ। उपत्यका बाहिरका शिक्षकलाई घोषणा भएको ५/६ महिनापछि पदक र प्रमाणपत्र तयार गरेर जिशिकामार्फत स्कूलमै पठाउने गरिएको छ भने उपत्यकाका शिक्षकलाई शिक्षा मन्त्रालयले काठमाडौंमा औपचारिक समारोह आयोजना गरेर पदक र प्रमाणपत्र वितरण गर्ने गरेको छ। विद्यालय शिक्षा शाखाका अधिकृत सुरेश निरौलाका अनुसार यस वर्षको पदक निर्माण गर्नका लागि

## निरन्तरताको फल

जानकी पाठकलाई राष्ट्रिय शिक्षा पुरस्कार पाउनेको सूचीमा आफ्नो नाम पनि समावेश भएको कुरा पति हेमराज पाठकले सुनाउँदा पत्यार लागेन। तर गोरखापत्र मा उनको नाम पनि पुरस्कार पाउनेको सूचीमा प्रकाशित थियो। धनगढी नपा–२ सरस्वतीनगरमा २०३८ सालमा स्थापना भएको शैलेश्वरी प्राविको संस्थापक प्रअ भएर शिक्षण पेशामा होमिएकी उनले शिक्षण पेशालाई निरन्तरता दिइरहिन्।

२०४५ सालमा श्रीपुर गाविस–२ भुईहेराका हेमराज पाठकसँग विवाह भएपछिका ६ महिना उनी विद्यालयबाट टाढा भए पनि त्यसपछि उनले आफ्नै गाउँको चौराहामा छात्रछात्रालाई जम्मा गरेर पढाउन थालिन्। त्यतिबेला २७२ जनाकी उनी एक्ली गुरुआमा थिइन्। थारू समुदायको बाहुल्य रहेको भुईहेराको गौचरणमा बनेको फुसको झुप्रो नै विद्यालय थियो। त्यही स्कूलले सूर्योदय प्राविको रूपमा पाठककै अगुवाईमा चारकोठे पक्की भवन पायो। उनले लामो समय पाँच कक्षासम्म एक्लै पढाइन्।



अहिले शिक्षकहरूको सङ्ख्या पाँच पुगेको छ, जसमध्ये तीन वटा सरकारी दरबन्दीका छन् भने एउटा राहत र एक जना निजी स्रोत शिक्षक छन्।

जतिबेला उनलाई थारू भाषा आउँदैनथ्यो त्यतिबेला उनले थारू समुदायका बालबालिकालाई पढाउन थालिन्। उनी भन्छिन्, "आफ्ना सन्तान विद्यालय पठाउनै नमान्ने अभिभावकहरूलाई समेत सम्झाएर थारू समुदायका बालबालिकालाई स्कूलमा भित्र्याएँ। अब त विद्यालय नजाँदा छट्पटी हुन्छ।

टेण्डर खोल्ने तयारी भइरहेको छ। उनले भने, "एउटा पदक निर्माणमा रु.३ हजार जति खर्च हुन्छ, नोटिस निकालेर जसले सस्तोमा बनाउँछ, त्यसैलाई दिने हो, अर्को शिक्षा दिवससम्ममा पुरस्कार र पदक सम्बन्धित शिक्षकले पाउँछन्।"

पुरस्कार पाउनेको सिफारिस सूची समावेशी हुनुपर्ने शिक्षा मन्त्रालयको मापदण्डको पनि पालना भएको पाइँदैन। पहाडी जिल्लाबाट पुरस्कृत हुने शिक्षकमा मधेशी मूलका शिक्षकहरू परे पनि तराईका स्कूलमा कार्यरत पहाडे मूलका शिक्षक पुरस्कृतको सूचीमा फेला पर्दैनन्। २५ भदौ २०६६ को गोरखापत्र मा प्रकाशित पुरस्कृत शिक्षकको सूची हेर्दा सिरहा, सप्तरी, पर्सा, बारा, रौतहट, महोत्तरी, सर्लाही र धनुषाका सार्वजनिक स्कूलका पुरस्कृत ७८ शिक्षकमध्ये एक जना मात्र पहाडी मूलका शिक्षक छन्।

## निजीलाई पनि पुरस्कार

शिक्षा मन्त्रालयले सरकारी स्कूलका शिक्षकलाई मात्र होइन केही निजी स्कूलका शिक्षकलाई पनि पुरस्कृत गरेको छ। कैलालीको सिद्धार्थ शिशु सदन उमाविका प्राचार्य चन्द्रबहादुर चन्द पुरस्कृत भएपछि शिक्षा क्षेत्रमा लाग्न थप प्रोत्साहित गरेको बताउँछन्। कैलालीका ११ जना शिक्षकमध्ये उनी पुरस्कृत हुने निजी स्कूलका एक्ला शिक्षक हुन्। २०४० सालदेखि शिक्षण पेशामा लागेका चन्दले २०५३ देखि २०५८ सम्म बुटवलमा दीप बोर्डिङमा प्रअ भएर काम गरेका थिए। उनी निजी स्कूलको योगदानलाई राज्यले बिर्सन नमिल्ने बताउँछन्।

शिक्षा र शैक्षिक छलफलहरूमा शिक्षकको हौसला बढाउने सरकारी नीति तथा कार्यक्रम नरहेकोले सार्वजनिक स्कूलको पठनपाठन कमजोर भएको तर्क सुन्ने गरिन्छ। सरकारी स्कूलको पढाइ सुधार्न राम्रा शिक्षकलाई पुरस्कार र खराबलाई दण्ड दिइनुपर्ने माग पनि सबैले सधैंभरि गर्ने गरेका छन्। शिक्षा पुरस्कार शिक्षकको मनोबल उकास्न र तिनलाई कक्षा शिक्षणमा अभिप्रेरित गर्ने बलियो विकल्प सावित हुनसक्छ। तर, पुरस्कार वितरणको मौजुदा प्रणाली र शैली भने त्यसअनुरुपको छैन। जिशिकाले आफू वरिपरिका शिक्षकको नाम सिफारिस गर्ने, क्षेशिनिले आफ्नो तजबिजी अधिकार प्रयोग गरी जिशिकाको सिफारिसलाई थपघट गर्ने अनि शिक्षा मन्त्रालयका कर्मचारीले त्यसबारे निर्णय लिने अहिलेको शैलीका कारण पुरस्कारले शिक्षकको मनोबल र गरिमा बढाउन अलिकति पनि योगदान गर्न नसकेको शिक्षकहरूको बुझाइ छ। 📖


विराटनगरबाट **मनोज श्रेष्ठ** र कैलालीबाट **दीर्घराज उपाध्यायको** सहयोगमा



आवरण

सुदर्शन घिमिरे

# स्कूल सुधार्ने नयाँ उपक्रम


विद्यालय क्षेत्र सुधार कार्यक्रम
आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०६६

नेपाल सरकार
शिक्षा मन्त्रालय
केशरमहल काठमाण्डौ
भाद्र २०६६

**तीन वर्षको तयारीपछि सरकारले गत साउनदेखि विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू गरेको छ। यो कार्यक्रमले आगामी पाँच वर्षभित्र विद्यालयको संरचनागत परिवर्तनसँगै शैक्षिकस्तरमा उल्लेख्य सुधार गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य बोकेको छ। कार्यक्रमको अवधारणापत्रमा भनिएका कुराहरू व्यवहारमा उतारिएको खण्डमा यो कार्यक्रमले नेपालको स्कूल-शिक्षामा २०२८ सालको नयाँ शिक्षा योजनाले जत्तिकै हलचल ल्याउन सक्ने देखिन्छ। तर, सरकार चलाउने राजनीतिक दलहरूले शिक्षाप्रति पटक्कै चासो नदेखाएको स्थितिमा शिक्षा मन्त्रालयको कर्मचारीतन्त्र र दाताले दिने दबाबका भरमा मात्रै यति ठूलो परिवर्तनकारी कार्यक्रम कार्यान्वयन हुनसक्ला भनेर आशावादी हुने ठाउँ भने साँघुरो छ।**

## विद्यालय सुधार कार्यक्रम (सन् २००९-१५) का मुख्य बुँदा

- कक्षा १-८ आधारभूत तह र ९-१२ माध्यमिक तह
- कक्षा १० सम्म नि:शुल्क
- कक्षा ९ देखि प्राविधिक शिक्षाको व्यवस्था
- स्थानीय सरकारद्वारा अनिवार्य शिक्षाको व्यवस्था
- विद्यालय शिक्षामा निजी-सार्वजनिक साझेदारी
- कक्षा ३ सम्म कोही पनि अनुत्तीर्ण नहुने
- कमजोर विद्यार्थीलाई विशेष पढाइको व्यवस्था
- एसएलसी १२ कक्षाको अन्त्यमा
- कक्षा १० प्रान्त/क्षेत्रीय तहमा र कक्षा ८ को जिल्लास्तरमा
- नयाँ राष्ट्रिय परीक्षा बोर्डको स्थापना
- विद्यालय शिक्षाको लागि साधनस्रोत परिचालन र व्यवस्थापनको अधिकार स्थानीय निकायलाई
- विद्यालयमा आधारित व्यवस्थापन
- केन्द्र सरकार र स्थानीय सरकार मिलेर साधन स्रोतको जोहो गरिने
- सबै विद्यालयमा उपलब्ध हुनुपर्ने न्यूनतम अवस्थाको प्रत्याभूति
- प्रारम्भिक तहमा मातृभाषासहित त्रैभाषिक शिक्षा नीति
- जिल्ला शिक्षा कार्यालय प्राविधिक अड्डा बन्ने
- गाविस/नपामा शिक्षा डेस्कको स्थापना, डेस्कमा शिक्षा अधिकृतको व्यवस्था
- नक्साङ्कनका आधारमा विद्यालयको पुनर्वितरण र नयाँ विद्यालयको स्थापना
- प्रावि शिक्षकको न्यूनतम योग्यता १२ कक्षा उत्तीर्ण
- माध्यमिक तहका शिक्षकले स्नातकोत्तर गरेको हुनुपर्ने
- नयाँ आधारमा शिक्षकको चार तहमा वर्गीकरण- नवप्रवेशी, अनुभवी, मेन्टर र विशेषज्ञ
- शिक्षकको नियुक्ति र छनोट विद्यालयबाटै
- तयारी कोर्स गरेर मात्र शिक्षण पेशामा प्रवेश
- योग्यता वृद्धि गर्न बिदा पाउने
- पाँच वर्षभित्र अनिवार्य पुनर्ताजगी तालिम
- १-८ र १-१२ विद्यालयमा प्रधानाध्यापकको बेग्लै दरबन्दीको व्यवस्था, प्रतिस्पर्धाको आधारमा नियुक्ति
- प्रधानाध्यापकको कार्यकाल चार वर्ष

*(स्कूल सेक्टर रिफर्म कोर डकुमेण्ट, मार्च २००८ बाट)*

२ असोज २०६६ मा एक दैनिकले आमुख पृष्ठमा छाप्यो, "प्राथमिक र निम्नमाध्यमिक तह खारेज।" तर यथार्थ चाहिँ ठ्याक्कै त्यस्तो थिएन। गत १७ भदौमा शिक्षा नियमावली-२०५९ मा चौथो संशोधन गरी मन्त्रिपरिषद्ले प्राथमिक र निम्नमाध्यमिक तहलाई गाभेर 'आधारभूत तह' नामकरण गरेको थियो। नियमावलीको मूल नियम-८७ लाई प्रतिस्थापन गर्दै आएको संशोधित नियमावलीले विद्यालयको तहलाई साविकको तीन तह (कक्षा १-५ प्राथमिक, ६-८ निम्नमाध्यमिक र ९-१० माध्यमिक) लाई निरन्तरता दिँदै तीमध्ये प्राथमिक र निम्नमाध्यमिक तहलाई 'आधारभूत तह' मानेको छ। स्थूल हेर्दा व्यवहारमा कुनै परिवर्तन नल्याउने देखिए तापनि सरकारका लागि यो सानो संशोधनले ठूलो अर्थ बोकेको थियो। १ साउन २०६६ देखि देशभर लागू गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि कानूनी आधारभूमि बनाउन नै उक्त संशोधन भएको थियो।

कक्षा एकदेखि १२ सम्मको विद्यालय शिक्षाको संरचनालाई एकीकृत गरी पहुँच र स्तर दुवैमा सुधार ल्याउने उद्देश्यका साथ सरकारले करिब तीन वर्षको गृहकार्यपछि यो आर्थिक वर्षदेखि सो कार्यक्रम लागू गरेको हो। *(हे. अन्तरवार्ता)*

शिक्षा नियमावलीको सोही संशोधनले कक्षा ८ सम्मलाई नि:शुल्क घोषित गरेको छ। यसअघि औपचारिक रूपमा कक्षा पाँचसम्म मात्र नि:शुल्क थियो। त्यस्तै अब जिल्ला शिक्षा कार्यालयले नै कक्षा ८ सम्मको अनुमति र स्वीकृति दिन पाउने भएका छन्। कक्षा आठसम्मको अनुमतिका लागि धरौटी नलाग्ने व्यवस्था पनि संशोधित नियमावलीले गरेको छ।

उक्त संशोधनसँगै आधारभूत तहमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन गर्न शिक्षा मन्त्रालयले 'आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका-२०६६' तयार गरिसकेको छ। माध्यमिक र उच्च माध्यमिक तहको संरचनागत एकीकरणको योजना तीन वर्षपछि (सन् २०१२) देखि मात्र शुरु हुने भएकाले त्यो तहको निर्देशिका बन्न बाँकी रहेको छ।

## आधारभूतमा तीन उप-तह

नयाँ निर्देशिकाका अनुसार, हाल सञ्चालनमा रहेका प्राथमिक र निम्नमाध्यमिक तहका कक्षाहरू गाभेर 'आधारभूत तह' सिर्जना गरिएको भए पनि त्यसअन्तर्गत अरू तीनवटा 'उप-तह'हरू हुनेछन्। जसअनुसार प्रारम्भिक तह (कक्षा १-३), प्राथमिक (१-५) र आधारभूत (१-८) हुनेछन्। 'व्यावहारिक कारणले यस्तो व्यवस्था गरिएको' बताउँदै सुधार कार्यक्रमको संयोजन गरिरहेका शिक्षा मन्त्रालयका उपसचिव तुलसी थपलिया भन्छन्, "हाल देशभर कतै कक्षा एक मात्र, कतै तीन, कतै पाँचसम्म सञ्चालित छन्। ती सबैलाई आधारभूत तह (कक्षा आठ) सम्म सञ्चालन गर्नु व्यावहारिक दृष्टिले पनि आवश्यक नहुनसक्छ।" तर, ती विद्यालयहरूलाई समायोजन गरी आवश्यक कक्षा सञ्चालन नभएका विद्यालयमा कक्षा थप गरी मिलाउनुपर्ने अनिवार्य प्रावधान राखिएको छ। समायोजनको तरिकाबारे निर्देशिकामा भनिएको छ, "कक्षा एक मात्र सञ्चालित विद्यालयलाई कक्षा दुई र तीन थप गरी प्रारम्भिक विद्यालय, कक्षा एकदेखि चारसम्म

### विद्यालय गाभ्नेसम्बन्धी व्यवस्था

५.१ हाल सञ्चालनमा रहेका विद्यालयहरूमध्ये एकआपसमा गाभ्ने क्रममा शिक्षा नियमावलीको नियम १२ (क) लगायत देहाय बमोजिमको आधार लिनुपर्नेछ।

- क) दुई वा दुईभन्दा बढी विद्यालयका हाता एकआपसमा जोडिएका भएमा।
- ख) दुई वा दुईभन्दा बढी विद्यालयहरूको आपसी पैदल दूरी ३० मिनटभन्दा बढी नभएमा।
- ग) दुई वा दुईभन्दा बढी विद्यालय नजिकमा रहेका र प्रारम्भिक विद्यालयमा १०० भन्दा कम, प्राथमिक विद्यालयमा २०० भन्दा कम र आधारभूत विद्यालयमा ३०० भन्दा कम विद्यार्थी भएमा।
- घ) दुई वा दुईभन्दा बढी विद्यालयहरू एकआपसमा समायोजन हुन इच्छुक भई माथिल्लो स्तरको शिक्षा दिने प्रतिबद्धतासहित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिएमा।
- ङ) गाभिने विद्यालयभएका समुदायमा जनसङ्ख्याको वृद्धिदर शून्य वा नकारात्मक छ वा भविष्यमा पनि बढ्ने सम्भावना नभएमा।

### विद्यालयको स्तर मिलानसम्बन्धी व्यवस्था

६.१ हाल सञ्चालनमा रहेका तर प्रारम्भिक विद्यालय (१-३) मा स्तरोन्नति हुन आधार नपुगेका विद्यालयहरूलाई बहुकक्षा विद्यालयको रूपमा वा स्थानीय समुदाय तथा स्थानीय निकाय समेतको सहकार्यमा सञ्चालन हुने प्रारम्भिक बालविकास केन्द्र अथवा वैकल्पिक शिक्षा केन्द्रको रूपमा रुपान्तरण हुने अवसर दिइनेछ।

६.२ प्राथमिक विद्यालय (१-५) मा स्तरोन्नति हुन आधार नपुगेका विद्यालयहरूलाई प्रारम्भिक (१-३)को विद्यालयमा कायम गरिनेछ। यसप्रकारका विद्यालयहरूलाई नजिकको प्राथमिक विद्यालयको विस्तारित विद्यालयको रूपमा सञ्चालन हुनपाउने अवस्थाबाट भने वञ्चित गरिने छैन।

६.३ आधारभूत विद्यालय (१-८) मा स्तरोन्नति हुन आधार नपुगेका विद्यालयहरूलाई प्राथमिक (१-५) विद्यालयको रूपमा कायम गरिनेछ। यसप्रकारका विद्यालयहरूलाई नजिकको आधारभूत विद्यालयको विस्तारित विद्यालयको रूपमा सञ्चालन हुनपाउने अवस्थाबाट भने वन्चित गरिने छैन।

६.४ माथि उल्लेख गरेबमोजिम विद्यालयहरूको स्तरमिलान सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयहरूमा लागू हुनेछ।

(विद्यालय क्षेत्र सुधार कार्यक्रम: आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०६६ बाट)

# आवरण

**यसरी मात्र खोल्न पाइन्छ नयाँ स्कूल**

८.१ शिक्षा नियमावलीको परिच्छेद २ को अधीनमा रही विद्यालय नक्साङ्कनले निर्दिष्ट गरेको आधारमा मात्र नयाँ विद्यालय खोल्न सकिनेछ ।

८.२ यसै निर्देशिकाको परिच्छेद ३ अनुसार निर्धारण गरिएको तह र संरचनाका विद्यालय (१-३) प्रारम्भिक, (१-५) प्राथमिक र (१-८) आधारभूत विद्यालय बाहेक अन्य कक्षा सञ्चालन गर्नेगरी अनुमति दिइने छैन ।

८.३ कुनै पनि नयाँ खोलिने विद्यालयले एकपटक अनुमति लिइसकेपछि सो विद्यालयले तोकिएको तहर कक्षा निर्दिष्ट समयमा अनिवार्य रूपले सञ्चालन गर्नुपर्नेछ ।

८.४ नयाँ विद्यालयको स्थापना र स्वीकृति गर्दा उपरोक्त ८.१ को अतिरिक्त निम्नानुसारको आधारहरूलाई समेत परिपालना गर्नुपर्नेछ :

क) **प्रारम्भिक विद्यालय** (१-३): न्यूनतम ३०-४० घरपरिवार बसोवास गर्ने वस्तीमा एक प्रारम्भिक विद्यालय हुनेछ, जसमा १५०-२०० भन्दा बढी जनसङ्ख्या र १००-१५० सम्म ५-७ वर्ष उमेर समूहका बालबालिका हुनुपर्नेछ । तुलनात्मक रूपमा बाक्लो वस्तीलाई सेवा दिन सजिलो पर्नेगरी विद्यालय स्थापना गरिनुपर्दछ ।

ख) **प्राथमिक विद्यालय** (१-५): न्यूनतम ८०-१०० घरपरिवार बसोवास गर्ने वस्तीमा एक प्राथमिक विद्यालय हुनेछ, जसमा ४००-५०० भन्दा बढी जनसङ्ख्या र २००-२५० सम्म ५-९ वर्ष उमेर समूहका बालबालिका हुनुपर्नेछ ।

ग) **आधारभूत विद्यालय** (१-८): न्यूनतम १५०-२०० धरपरिवार बसोवास गर्ने वस्तीमा एक आधारभूत विद्यालय हुनेछ, जसमा ८००-१००० भन्दा बढी जनसङ्ख्या र ३००-३५० सम्म ५-१३ वर्ष उमेर समूहका बालबालिका हुनुपर्नेछ ।

८.५ माथि उल्लेख भएका मापदण्डहरू पूरा नहुने समुदायहरूमा सञ्चालनमा रहेका र नयाँ खुल्ने विद्यालयहरू बहुकक्षा विद्यालयका रूपमा सञ्चालन गर्न सकिनेछ ।

(विद्यालय क्षेत्र सुधार कार्यक्रम: आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०६६ बाट)

सञ्चालित विद्यालयमा कक्षा पाँच थप गरी प्राथमिक र कक्षा एकदेखि ६ या एकदेखि सातसम्म सञ्चालित विद्यालयहरूमा आवश्यकताअनुसार क्रमश: कक्षा थप गरी आधारभूत विद्यालयको रूपमा समायोजन गर्न सकिनेछ ।"

*हाल सञ्चालनमा रहेका विद्यालयहरूको स्तरोन्नतिको आधार तोक्ने काम पनि भएको छ:*

**प्रारम्भिक विद्यालय** (१-३): पाँचदेखि स्थानीय समुदायमा सात वर्ष उमेर समूहका १५० जना बालबालिका रहेको र तीमध्ये न्यूनतम १०० जना बालबालिका विद्यालय भर्ना भएको हुनुपर्नेछ ।

**प्राथमिक विद्यालय** (१-५): पाँचदेखि नौ वर्ष उमेर समूहका २५० जना बालबालिका स्थानीय समुदायमा रहेको हुनुपर्ने र तीमध्ये न्यूनतम २०० जना बालबालिका विद्यालय भर्ना भएको हुनुपर्नेछ ।

**आधारभूत विद्यालय** (१-८): पाँचदेखि १२ वर्ष उमेर समूहका ३५० जना बालबालिका स्थानीय समुदायमा रहेको हुनुपर्ने र तीमध्ये न्यूनतम ३०० जना बालबालिका विद्यालय भर्ना भएको हुनुपर्नेछ ।

निर्देशिकाअनुसार, अब सञ्चालनमा आउने विद्यालयहरू आधारभूत विद्यालयको रूपमा सञ्चालन हुनेछन् भने यसअघि नै अनुमति वा स्वीकृति प्राप्त गरेका निम्नमाध्यमिक विद्यालयहरूलाई आधारभूत वा निम्नमाध्यमिक विद्यालयमध्ये कुनै एउटा नाममा सञ्चालन गर्न बाधा पर्ने छैन । यस्तै विद्यालय संरचनागत परिवर्तनपछि विद्यालय गाभ्ने र स्तर मिलानसम्बन्धी प्रक्रिया पनि निर्देशिकामा उल्लेख गरिएको छ । (हे. बक्स)

## नक्साङ्कन पछि मात्र नयाँ स्कूल

देशव्यापी रूपमा विद्यालयहरूको वितरण/अवस्थितिबोध गराउने किसिमको नक्साङ्कन पछि मात्र विद्यालय खोल्ने अवधारणा शिक्षा मन्त्रालयले धेरैअघि नै प्रयोग गर्न खोजेको भए पनि अहिलेसम्म जथाभावी रूपमा नै स्कूल खोल्ने र अनुमति दिने कार्य हुँदै आएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रममार्फत पहिलोपटक त्यसलाई अनिवार्य गराउने प्रयत्न गरिएको छ । निर्देशिकामा भनिएको छ, "विद्यालय नक्साङ्कनले निर्दिष्ट गरेको आधारमा मात्र नयाँ विद्यालय खोल्न सकिनेछ । अबदेखि प्रारम्भिक, प्राथमिक र आधारभूत विद्यालय बाहेकका अन्य कक्षा सञ्चालन गर्ने गरी अनुमति नदिइने प्रावधानलाई अनिवार्य गरिएको छ ।"

उपसचिव थपलियाका अनुसार, हाल ३० जिल्लामा विद्यालय नक्साङ्कनको कार्य भइरहेको छ । एचडी नेपाल नामक प्राइभेट कम्पनीले उक्त कार्यको जिम्मेवारी लिएको छ, र यसमा भूगोलविद् प्रा. भीमप्रसाद सुवेदीलगायतका विशेषज्ञ र प्राविधिकहरूको सहभागिता रहेको छ । यो कार्यक्रमको एउटा महत्त्वपूर्ण दाता एशियाली विकास बैंकले नै सो कम्पनी छनोट गरेको बताइएको छ । थपलिया भन्छन्, "फिल्डबाट तथ्याङ्क सङ्कलन गर्ने काम सम्पन्न भइसकेको र हाल तथ्याङ्क विश्लेषण गरी वैज्ञानिक तरिकाले विद्यालयको नक्साङ्कन गर्ने कार्य भइरहेको छ ।" नमुनाका रूपमा गत वर्ष नै कार्यक्रम लागू गरिएका तीन जिल्लामा यो काम पोहोर नै सम्पन्न भइसकेको छ, जहाँ सबैजसो घरधुरीलाई सर्वेक्षणमा समेट्न खोजिएको थियो । यसो गर्दा निकै खर्चिलो हुने भएकाले यसपालि नमुना सर्वेक्षणका आधारमा विद्यालयको नक्साङ्कन गर्न लागिएको उनी बताउँछन् ।

## एकहजार घण्टा पढाइ हुनैपर्ने !

नयाँ निर्देशिकाअनुसार, विद्यालयमा वर्षमा कम्तीमा एक हजार घण्टा पढाइ हुनै पर्नेछ । साविकको शिक्षा नियमावलीमा शैक्षिक सत्रभरिमा २२० दिन

विद्यालय सञ्चालन गर्नुपर्ने प्रावधान राखिएको भए पनि यसरी घण्टा तोकिएको यो पहिलोपल्ट हो। नियमावलीले तोकेको न्यूनतम दिन पनि बन्द, हड्ताल, स्थानीय पर्व बिदा या शिक्षकको अनुपस्थिति या यस्तै कारणले धेरैजसो विद्यालयहरूले सो क्यालेण्डरलाई अनुसरण गर्न सकिरहेका छैनन्। अर्कातिर दिन तोकिदिँदा स्कूल खोलिसकेपछि प्राविधिक रूपमा सो मापदण्ड पूरा हुने तर सोही अनुसार कक्षाकोठामा शैक्षणिक क्रियाकलाप हुने नगरेकाले विद्यार्थीको सिकाइ उपलब्धिमा नकारात्मक असर गरिरहेको छ। एक हजार घण्टा शैक्षणिक क्रियाकलाप भयो भने २२० दिन स्कूल खुल्दा प्रतिदिन ५.२८ घण्टा पठनपाठनसँग सम्बन्धित गतिविधि हुनैपर्छ। तर कक्षा तीनसम्म पढाइ हुने विद्यालयमा भने न्यूनतम ८०० घण्टा पढाइ भए पुग्ने व्यवस्था गरिएको छ।

त्यसैगरी शिक्षकलाई पनि कडिकडाउ गरी कक्षाकोठामा पस्न बाध्य तुल्याउने प्रावधान राखिएको छ। "शिक्षकले शैक्षिक सत्रभित्र न्यूनतम १००० घण्टा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न भएको हुनुपर्नेछ।" निर्देशिकामा भनिएको छ, "पाँच सय घण्टा विद्यालयको व्यवस्थापन तथा विकास गतिविधिमा संलग्न भएकै हुनुपर्नेछ।" यो प्रावधान व्यवहारमा लागू हुने हो भने, बाँकी १४५ मध्ये ११० दिन पनि शिक्षक विद्यालय र पेशागत विकासकै लागि थप क्रियाशील हुनुपर्नेछ। २२० घण्टा स्कूलमा उपस्थित भए पनि बाँकी समय घरायसी काममा रहने शिक्षकहरूलाई नयाँ प्रावधानले केही असजिलो महसूस गराउन सक्छ। नयाँ व्यवस्थालाई कडाइका साथ लागू गर्ने र नमान्ने शिक्षकमाथि कारबाही गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिलाई दिइएको छ।

## एसएलसी उत्तीर्णले कक्षा तीनसम्म मात्र पढाउन पाउने

प्राथमिक र निम्नमाध्यमिक शिक्षक पनि विद्यालयसँगै स्वत: 'आधारभूत तहका शिक्षक'मा रुपान्तरित हुने भएका छन्। नयाँ व्यवस्था अनुसार साविकको प्राथमिक र निम्न माध्यमिक तहको शिक्षक भन्ने दुई तहका शिक्षकको परिचय फेरिनेछ। यसका लागि शिक्षा ऐनमा संशोधन गरिनुपर्नेछ। विसुयोले शिक्षक बन्नका लागि न्यूनतम योग्यता १२ कक्षा उत्तीर्ण हुनुपर्ने गरेको छ। सोअनुरुप आगामी पाँच वर्षभित्र उक्त योग्यता हासिल गर्नुपर्ने; नभए स्वेच्छिक अवकाश लिनुपर्ने प्रावधान अगाडि सारिएको छ।

शिक्षकहरूका बीचमा हलचल पैदा गराउने अर्को नयाँ नीति पनि निर्देशिकाले अख्तियार गरेको छ। नयाँ व्यवस्था अनुसार, एसएलसी मात्र योग्यता भएका शिक्षकले कक्षा तीनसम्म मात्र पढाउन पाउने छन्। साविकमा उनीहरूले कक्षा पाँचसम्म पढाउन पाउँथे। यसैगरी हरेक पाँच वर्षमा प्रत्येक शिक्षकले पुनर्ताजगी तालिम लिनुपर्नेछ। हाल आंशिक तालिम प्राप्त गरेका शिक्षकले तालिम पूरा गर्ने अवसर पाउनेछन्।

## प्रधानाध्यापक चार वर्षको लागि मात्र !

अबदेखि कक्षा १-८ सञ्चालन भएको विद्यालयका लागि प्रधानाध्यापक भन्ने छुट्टै पदको व्यवस्था हुने भएको छ। बी.एड वा अरू विषयमा स्नातक गरी

### प्रधानाध्यापकसम्बन्धी व्यवस्था

आधारभूत तह (१-८) मात्र सञ्चालन भएको विद्यालयमा छुट्टै प्रधानाध्यापकको व्यवस्था गरिनेछ।

११.८ प्रधानाध्यापकको योग्यता कम्तीमा बी.एड. उत्तीर्ण वा स्नातक तह उत्तीर्ण गरी १० महिना शिक्षक तालिम प्राप्त गरेको हुनुपर्नेछ। यसका अतिरिक्त व्यवस्थापन तालिम लिएका शिक्षकलाई प्रधानाध्यापकको नियुक्तिमा विशेष प्राथमिकता दिइनेछ।

११.९ कार्यरत शिक्षकहरूमध्येबाट नै प्रधानाध्यापकको छनोट गरिनेछ। छनोट गर्दा महिला, दलित तथा पिछडिएका वर्गका शिक्षकहरूलाई विशेष प्राथमिकता दिइनेछ।

११.१० प्रधानाध्यापक चार वर्षका लागि करारमा नियुक्ति गरिनेछ र छनोट गर्दा निम्न प्रक्रिया अपनाइनेछ। आवेदकबाट निश्चित अवधिभित्र सम्बन्धित विद्यालय सञ्चालन र विकास गर्ने कार्ययोजनासहितको प्रस्तावना आह्वान गरिनेछ। प्रधानाध्यापकको लागि माथि उल्लिखित योग्यताका अतिरिक्त निजहरूले पेश गरेको प्रस्तावनालाई प्रमुख आधार मानिनेछ।

११.११ विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको छनोट तथा नियुक्ति गर्दा शिक्षा नियमावलीमा उल्लिखित प्रक्रियालाई अवलम्बन गर्दै माथि उल्लिखित बुँदाहरूलाई आधारको रूपमा लिनुपर्नेछ।

११.१२ प्रधानाध्यापकको कार्यको सुपरीवेक्षण तथा मूल्याङ्कन विद्यालय व्यवस्थापन समितिले गर्नेछ। निजको कार्यसम्पादन स्तर र विद्यालयको उपलब्धि मूल्याङ्कन र भावी कार्ययोजनाका आधारमा विद्यालय व्यवस्थापन समितिले अर्को कार्यकालका लागि म्याद थप गर्न सकिनेछ।

११.१३ विद्यालयको शैक्षिक व्यवस्थापनको प्रमुख दायित्व प्रधानाध्यापकको हुनेछ। विद्यालय व्यवस्थापन तथा शिक्षण सुधार गर्ने सन्दर्भमा मापदण्ड निर्धारण गरी सुधारका कार्य गर्न प्रधानाध्यापक विशेष जिम्मेवार हुनेछन् भने शिक्षकहरूद्वारा गरिएको कार्यसम्पादनको वस्तुगत मूल्याङ्कन समेत प्रधानाध्यापकबाट हुनेछ।

११.१४ प्रधानाध्यापकको लागि योग्यता पुगेका सबै कार्यरत शिक्षकहरू उम्मेदवार हुनसक्ने छन्। यदि कार्यरत प्रधानाध्यापकको आवश्यक योग्यता छैन भने ती व्यक्ति प्रधानाध्यापकको छनोट प्रक्रियामा सहभागी हुन पाउने छैनन्। तर १० वर्ष वा सोभन्दा बढी समय प्रधानाध्यापकको रूपमा काम गरि सकेका तर न्यूनतम योग्यता नपुगेकाहरू एक कार्यकालको लागि मात्र प्रतिस्पर्धामा सहभागी हुन सक्नेछन्।

(विद्यालय क्षेत्र सुधार कार्यक्रम: आधारभूत शिक्षा कार्यान्वयन निर्देशिका २०६६ बाट)

**विद्यालय सुधारः अवस्था र लक्ष्य (प्रतिशतमा)**

| सूचक | २००८/०९ अवस्था | २०१५/१६ लक्ष्य |
|---|---|---|
| **शिक्षा बजेटमा हिस्सा** | | |
| आधारभूत शिक्षा | ७१ | ७६ |
| माध्यमिक शिक्षा | ९ | ९ |
| **कक्षा एकमा भर्ना** | | |
| बालविकास केन्द्रको अनुभव सहित | ३६ | ८० |
| कुल भर्ना | १४८ | १२३ |
| खुद भर्ना | ८१ | १०० |
| **खुद भर्ना दर** | | |
| प्राथमिक शिक्षा | ९२ | १०० |
| आधारभूत शिक्षा | ७३ | ९० |
| माध्यमिक शिक्षा | २१ | ३१ |
| **शिक्षक (आवश्यक योग्यता र तालिमसहितको)** | | |
| आधारभूत शिक्षा | ६६ | १०० |
| माध्यमिक शिक्षा | ७७ | १०० |
| **विद्यार्थी शिक्षक अनुपात** | | |
| आधारभूत शिक्षा | ४३ | ३४ |
| माध्यमिक शिक्षा | ३९ | २५ |
| **कक्षा दोहोऱ्याउने दर** | | |
| कक्षा एक | १८ | १ |
| कक्षा आठ | ११ | २ |
| **टिकाउ दर** | | |
| कक्षा पाँच | ५८ | ९० |
| कक्षा आठ | ४१ | ८० |
| **सक्षमता दर** | | |
| आधारभूत शिक्षा | ०.४९ | ०.७५ |
| माध्यमिक शिक्षा | ०.३३ | ०.६० |
| **सिकाइ उपलब्धि** | | |
| कक्षा पाँच | ५३ | ८० |
| कक्षा आठ | ४६ | ६० |
| **उत्तीर्ण दर** | | |
| एसएलसी | ६२ | ७५ |
| उच्चमाध्यमिक | २५ | ५० |

*(स्कूल सेक्टर रिफर्म प्लान २००९-२०१५, जून २००९ बाट)*

१० महिना तालिम गरेको शिक्षक मात्र सो पदका लागि योग्य मानिनेछ। उसको कार्यावधि चार वर्षको हुनेछ। प्रअको नियुक्ति पनि प्रतिस्पर्धाका आधारमा गरिने कुरा विसुयोको कार्यक्रममा उल्लेख गरिएको छ। निश्चित अवधिभित्र सम्बन्धित विद्यालय सञ्चालन र विकास गर्ने कार्ययोजनासहितको प्रस्ताव आह्वान गर्ने र प्राप्त प्रस्ताव माथि छलफल गरेर जसको प्रस्ताव उत्तम ठहरिन्छ, व्यवस्थापन समितिले उसैलाई प्रधानाध्यापक नियुक्त गर्नेछ। प्रअको मूल्याङ्कन व्यवस्थापन समितिले गर्नेछ। *(हे. बक्स)*

प्रधानाध्यापकसम्बन्धी यस्तो व्यवस्था हाम्रो सन्दर्भमा नौलो हो। तर केही विकसित देशहरूले भने यो अभ्यासलाई पहिलेदेखि नै अपनाउँदै आएका छन्। भनसुन र नातावादका आधारमा भन्दा विद्यालयको प्रगतिलाई केन्द्रमा राख्न नयाँ व्यवस्था गरिएको बुझ्न कठिन छैन। यसले पुराना र वरिष्ठलाई होइन, राम्रो भिजन भएको र केही गर्न सक्ने प्रतिबद्धता भएको शिक्षकलाई स्कूलको नेतृत्व सुम्पन खोजेको देखिन्छ।

## कक्षा तीनसम्म कोही फेल नहुने

नयाँ निर्देशिकाले अबदेखि कक्षा तीनसम्म कोही पनि बालबालिका फेल नगरिने स्पष्ट व्यवस्था गरेको छ। त्यसका लागि निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनुपर्नेछ। हाल नमुनाका रूपमा देशका पाँच जिल्लाका प्राथमिक तहमा यही प्रणाली लागू गरिएको छ। सबैभन्दा बढी बालबालिकाले कक्षा एकमा दोहोऱ्याउने गरेको र कतिले एकपटक फेल भएपछि पढाइ नै छाड्ने गरेको कटु अनुभवको पृष्ठभूमिमा यो व्यवस्था गरिएको हो। कतिपय अधिकारकर्मी र शिक्षाविद्हरूले कलिला बालबालिका, जो मानसिक र संवेगात्मक विकासको प्रारम्भिक चरणमै हुन्छन्, तिनलाई 'तिमी असफल भयौ' भनेर बिल्ला भिराउने कार्यलाई अमानवीय र अवैज्ञानिक भएको भनी तीखो आलोचना पनि गर्ने गरेका छन्। त्यस दृष्टिले सरकारको उक्त कदमले ती अबोध केटाकेटीहरू माथि एकहदसम्म न्याय गर्न खोजेजस्तो पनि देखिन्छ। यद्यपि स्वतः पास हुने भएकाले केटाकेटीहरू न्यूनतम ज्ञान नभए पनि कक्षा चढ्दै गएको र स्तर कायम हुन नसकेको गुनासो नआएको होइन। कमजोर विद्यार्थीलाई थप 'रिमेडियल सपोर्ट' गरेर भए पनि तिनको स्तर राम्रो बनाउनुपर्छ भन्ने यसको मर्म रहेको बताउँदै शिक्षा मन्त्रालयका सहसचिव डा. लवदेव अवस्थी भन्छन्, "शिक्षकले राम्रोसित काम गर्ने र स्कूल राम्रोसित चल्ने हो भने गुणस्तरको समस्या रहँदैन।" यी दुवै काम हुन नसकेकोले हाल गुणस्तरको समस्या रहेको उनको निष्कर्ष छ।

तर निरन्तर मूल्याङ्कन प्रणाली कक्षा तीनमा मात्र सीमित हुने छैन। "राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरेको मापदण्डका आधारमा क्रमशः कक्षा सातसम्म लागू गरिनेछ।" निर्देशिकामा भनिएको छ। त्यसो त मूल दस्तावेजले नै कक्षा ८ मा जिल्लास्तरीय, कक्षा १० को क्षेत्रीय र कक्षा १२ को अन्तिम परीक्षालाई राष्ट्रियस्तरमा लिइने स्पष्ट

किटान पहिल्यै गरिसकेको थियो। माध्यमिक तहमा प्रवेश गर्ने कुनै पनि विद्यार्थीले कक्षा आठको परीक्षा अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्नेछ।

## गुणस्तरको कुरा

निर्देशिकामा स्कूलको गुणस्तरलाई पनि एकहदसम्म ध्यान दिइएको छ। पुस्तकालयलाई पहिलोपटक स्कूलको अनिवार्य अङ्ग बनाउन खोजिएको छ। आधारभूत तहका, पाठ्यक्रम, पाठ्यपुस्तक र अरू आवश्यक सन्दर्भ सामग्रीसहित कम्तीमा पाँच सय वटा पुस्तक भएको एक पुस्तकालयको व्यवस्था गरिएको छ। त्यस्तै, भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानीका मापदण्ड पनि तोकिएका छन्।

विद्यालयलाई प्रभावकारी बनाउने कुरामा यसपटक अलि बढी ध्यान दिएको देखिन्छ। निर्देशिकामा भनिएको छ, "शिक्षक उपस्थिति, विद्यार्थी उपस्थिति, विद्यालय खोलिने दिन, कक्षागत/विषयगत विद्यार्थी सिकाइ उपलब्धि, विद्यालयको कार्यकुशलता, दक्षता, निरन्तर विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेशागत सहयोग, विद्यालय निरीक्षण, प्रवर्द्धनात्मक शिक्षण विधिको प्रयोग आदि तोकिएको मापदण्डअनुसार विद्यालयमा कार्य भएको हुनुपर्नेछ।" त्यस्तै सिकाइ प्रक्रिया, समावेशीकरण, मातृ एवं बहुभाषामा शिक्षणलगायतका कुरालाई पनि निर्देशिकामा समेटिएको छ।

गुणस्तरको प्रमुख र महत्त्वपूर्ण पक्ष हो, पाठ्यक्रम। तर सुधार कार्यक्रमको दस्तावेज निर्माणसँगसँगै पाठ्यक्रम परिवर्तन भएकाले पाठ्यक्रममा ठूलो परिमार्जनको गुञ्जाइस नरहेको पाठ्यक्रम विकास केन्द्रको भनाइ छ। "कक्षा तीनसम्मको पाठ्यक्रम २०६२ मा परिवर्तन भइसकेको हो भने कक्षा पाँचसम्मको पाठ्यक्रम पनि परिवर्तन भइसक्यो।" केन्द्रका पाठ्यक्रम अधिकृत तुलसी थपलिया भन्छन्, "भइहाले पनि सानातिना कुरामा होला। पाठ्यक्रम नै परिवर्तन गर्ने आवश्यकता पर्ने छैन।" उनका अनुसार निमावि तहको पाठ्यक्रम गत वर्ष नै परिमार्जन गर्ने कार्यक्रम रहेकोमा केही विवादका कारण त्यो काम यो वर्ष सम्पन्न गर्ने लक्ष्य रहेको छ। माध्यमिक तहको पाठ्यक्रममा पनि गतसाल नै महत्त्वपूर्ण परिमार्जन भइसकेको छ। स्थानीय पाठ्यक्रम कस्तो हुने भन्ने कुरामा चाहिँ अध्ययन भइरहेको बुझिएको छ। २० प्रतिशत पाठ्यक्रम स्थानीयस्तरमै बनाइने नीतिलाई अङ्गीकार गरिएको भए पनि दक्ष जनशक्तिका अभावलगायतका कारणले व्यवहारमा धेरैजसो विद्यालयमा लागू हुनसकेको छैन। नमुनाका रूपमा सुधार कार्यक्रमलाई लागू गर्ने सन्दर्भमा डडेल्धुरामा यसबारेमा अध्ययन भएको थियो।

## गाँठो ऐनमा अड्कियो


विद्यालय क्षेत्र सुधारसम्बन्धी नीतिगत दस्तावेज फागुन २०६४ मा अन्तिम रुप दिइएको थियो भने संविधानसभाको चुनावपछि ३ असार २०६५ मा मन्त्रिपरिषद्ले सो दस्तावेजलाई स्वीकृति प्रदान गरिसकेको थियो। सो अनुरुपको सातवर्षे योजना पनि बनिसकेको छ। सुधार कार्यक्रमले प्रस्ताव गरेका *(हे. बक्स)* मुख्य मुख्य संरचनागत परिवर्तन र नीतिगत सुधारका कामहरूलाई कार्यान्वयनमा लैजान कानूनी पूर्वाधार अपरिहार्य हुन्छ। तर त्यसको एक वर्ष बितिसक्दा पनि सरकारले सो दस्तावेजले माग गरेअनुरुपको शिक्षा ऐनमा सुधार गर्न सकेको छैन। "सुधार दस्तावेजले खोजेअनुसारको परिवर्तन र सुधारका काम कार्यान्वयनमा लैजान त ऐनमै संशोधन हुनुपर्छ। यदि ऐनमै संशोधन भइसकेको हुन्थ्यो भने हामीले सुधार कार्यक्रमले अपेक्षा गरेअनुसारकै निर्देशिका बनाउन सक्थ्यौं" थपलिया भन्छन्, "ऐन बन्न नसकेको तर कार्यक्रम लागू भइसकेको सन्दर्भमा ऐननियमले बाधा नपुऱ्याएका र तत्काल गर्न मिल्ने विषयलाई समेटेर मात्रै यो निर्देशिका बनाइएको हो। ऐन संशोधन हुन नसकेका कारण हामी अप्ठ्यारोमा परेका छौं।"

समुदायमा चलाएका स्कूललाई राष्ट्रियकरण गर्ने मुख्य ध्येयका साथ २०२८ सालमा आएको शिक्षा ऐन विद्यालयको सञ्चालनमा स्थानीय निकाय र समुदायलाई पुनर्स्थापित गर्ने सोच बोकेको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई लागू गर्न विस्थापित नै गर्नुपर्ने कुरामा सबै सहमत देखिन्छन्। पुरानो ऐन खारेज गर्न कसैको आपत्ति नभए पनि नयाँ ऐनमा के कस्तो प्रावधान राख्ने भन्नेमा सरोकारवालाहरू बीच मतैक्य छैन। सुधार कार्यक्रमले प्रस्तावित गरेको शिक्षकको नियुक्ति, शिक्षक लाइसेन्स, विद्यालयको व्यवस्थापनमा समुदायलाई जिम्मेवारी लगायतका विषयमा शिक्षकका पेशागत संस्थाहरू र सरकार तथा प्रमुख राजनीतिक दलहरूका बीचमै विवाद जारी छ। सुधार कार्यक्रमको मर्म विपरित स्वयं शिक्षामन्त्री उभिन पुगेकाले पनि मन्त्रालय र सरकार अप्ठेरोमा पर्न गएको छ। मन्त्री कुशवाहा शिक्षक लाइसेन्स खारेज गर्ने अडान राखिरहेका छन्, जसलाई रुन् बढी सशक्त र प्रभावकारी बनाउनुपर्ने कुरा सुधार कार्यक्रममा स्पष्ट उल्लेख गरिएको छ।

यसैबीच शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालको संयोजकत्वमा ऐनको मस्यौदा गर्न एक समिति बनाइएको छ। तर सरकार, प्रमुख दलहरू र शिक्षकको पेशागत संस्थाहरूका बीचमा ठोस सहमति र समझदारी नबन्दासम्म नयाँ ऐन मस्यौदाले गति लिन नसक्ने कुरामा मन्त्रालयका पदाधिकारीहरू समेत सहमत देखिन्छन्। उता सरकारमा सहभागी प्रमुख दलहरू र मुख्य विपक्षी दलबीचको विवादका कारण संसद्को समेत बैठक बस्न नसक्दा त्यसले पनि अप्रत्यक्ष रूपमा यसलाई समेत प्रभावित गरिरहेको छ।

अन्तर्वार्ता

# एसएसआरका चुनौती र अपेक्षा



सुदर्शन घिमिरे

**डा. लवदेव अवस्थी**
सहसचिव, शिक्षा मन्त्रालय

**विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआर) को आवश्यकता किन परेको हो ?**

मुख्य रूपमा पाँचवटा कारणले यसको आवश्यकता परेको हो । पहिलो, छरिएर रहेका विद्यालय क्षेत्रसँग सम्बन्धित नीतिहरूलाई एकीकृत गरी समन्वय र तालमेल मिलाउनु आवश्यक थियो । जस्तै; कक्षा १० सम्मको पाठ्यक्रम र परीक्षा सञ्चालन एउटा निकायबाट र कक्षा ११-१२ को अर्को संस्थाबाट काम हुनुभन्दा ती दुवै काम स्कूले शिक्षाभित्र एउटै निकायबाट हुनु साधनस्रोतको उपयोगिता र व्यवस्थापनका दृष्टिले उत्तम हो । दोस्रो, स्कूल आउने उमेरका केटाकेटीहरूको स्कूल आउने दर यताका केही वर्षमा राम्रोसित बढिरहेको छ । तर सोही अनुपातमा हाम्रा विद्यालयहरूको शैक्षिक गुणस्तरमा अभिवृद्धि हुनसकिरहेको छैन । समयको मागअनुरुप विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न यो कार्यक्रम जरुरी भएको हो । तेस्रो, शिक्षा मन्त्रालयदेखि स्कूल र समुदायसम्म सबैलाई अरु बढी जवाफदेही बनाउन आवश्यक थियो, ताकि त्यसले समग्र शिक्षाकै स्तर अभिवृद्धिमा ठोस योगदान गरोस् । चौथो, हालको पढाइ-केन्द्रित सोचबाट सिकाइ-केन्द्रित सोचमा रुपान्तरण गर्नका लागि । यो किनभने हामीले जहिले पनि पढाउने पक्षबाट मात्र सोच्यौं । सोहीअनुरुपको क्रियाकलाप गर्‍यौं । सिक्ने पक्षमा त्यति ध्यान दिएनौं । यो योजनाअनुसार विद्यार्थीले मात्र होइन, शिक्षकदेखि शिक्षा मन्त्रालयका पदाधिकारी अर्थात् हामी सबैले सिक्ने कुरालाई केन्द्रमा राख्नुपर्छ र बाँकी कुराहरूलाई त्यसले निर्देशित गर्नुपर्छ । पाँचौं, स्कूललाई पूर्णत: क्रियाशील (फुल्ली फङ्सनल) तुल्याउन । हाम्रा सार्वजनिक विद्यालयहरूको गुणस्तरमा अपेक्षित सुधार हुन नसकेको जनगुनासो आउनु पछाडिको मुख्य कारण हो, स्कूलहरू 'फुल्ली फङ्सनल' नहुनु । स्कूललाई 'फुल्ली फङ्सनल' बनाउनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने काम यसले गर्नेछ ।

**कार्यक्रमको अन्तमा के के उपलब्धि हुन्छ त ?**

धेरै उपलब्धि हुनेछन् । विद्यालयहरू पूर्णत: क्रियाशील अथवा जीवन्त र प्रभावकारी युनिट बन्नेछन् । सबैले आ-आफ्नो दायित्व पालना गर्ने भावनाको विकास हुनेछ । परिणामस्वरुप स्कूलको गुणस्तरमा सुधार आउनेछ जसले प्रतिस्पर्धी र सृजनशील जनशक्ति उत्पादन गर्नमा ठोस योगदान पुर्‍याउनेछ । स्थानीय निकायलाई बढी अधिकार सम्पन्न संस्था बनाइसकेपछि विद्यालयमा साधनस्रोतको परिचालन क्रमश: बढ्दै जानेछ र आधारभूत तहसम्मको शिक्षाको व्यवस्था गर्न हामी आत्मनिर्भर हुनेछौं । त्यसैगरी, शिक्षा समाजको मुख्य एजेण्डाको रूपमा स्थापित हुन पुग्नेछ ।

**चुनौती के के छन् ?**

हाम्रो प्रवृत्ति र व्यवहार नै मुख्य चुनौतीको रूपमा उपस्थित छन् । हरेक कुरामा नकारात्मक सोच्ने, हामीले राम्रो गर्न सक्दैनौं भन्ने हीनभावनाबाट हामी मुक्त हुन सकिरहेका छैनौं । हामी राम्रो गरिरहेका छौं, राम्रो गर्न सक्छौं भन्ने आत्मविश्वास सृजना गर्ने र सकारात्मक सोचको विकास गर्नु नै हाम्रो मुख्य चुनौती हो । त्यस्तै, जिम्मेवारी र दायित्वको स्पष्ट किटान गरेर तदनुरुप सबै क्षेत्र र तहलाई जिम्मेवार बनाई सही तरिकाले परिचालन गर्ने कुरा पनि कम चुनौतीपूर्ण छैन । अर्को महत्त्वपूर्ण चुनौती हो, हाम्रा सबै गतिविधि र क्रियाकलापलाई कसरी परिणाममुखी बनाउने ?

विगतमा आपूर्ति-केन्द्रित सोच थियो । उदाहरणका लागि शिक्षक नभएको ठाउँमा शिक्षक थपिदिए हुन्थ्यो, कक्षाकोठा नपुगे थप कोठा बनाइदिए हुन्थ्यो । जे पुगेन त्यो गरिदिए हुन्छ भन्ने ठानिन्थ्यो । तर त्यसो गरेर मात्र हामीले खोजेको परिणाम आउँदो रहेनछ । त्यसैले अब हामीले हाम्रो सोच र सिष्टम दुवैलाई नै आपूर्तिमुखी होइन, परिणाममुखी बनाउनु आवश्यक छ ।

**अपुग शिक्षक दरबन्दी थप्नेलगायतका आवश्यक साधनस्रोतको व्यवस्थापन गर्न चाहिँ चुनौतीपूर्ण छैन ?**

साधनस्रोतको व्यवस्थापन र परिचालनका लागि स्थानीय सरकारलाई बढी अधिकारसम्पन्न बनाइनेछ । तर मुख्य अभिभावकका रूपमा केन्द्र सरकारको भूमिका रहिनैरहनेछ । मेरो विचारमा, माध्यमिक तहको संरचनागत एकीकरण पछि शिक्षक अपुग हुने अवस्था अहिले जस्तो रहने छैन । उदाहरणको लागि कक्षा ९ र १० लागि जुन विज्ञान शिक्षक राखिन्छ, उसैले कक्षा १२ सम्म पढाउँछ । ११ र १२ का लागि बेग्लै विज्ञान शिक्षक राख्नु आवश्यक हुनेछैन । शिक्षक व्यवस्थापन युनिटलाई विकेन्द्रित गरिनेछ । अहिलेसम्म सबै शिक्षक केन्द्रीय पुलमा छन् । भोलि स्थानीय सरकारको कुनै युनिटमा आबद्ध गरिनेछ । अहिले ९ र १० मा बढी र ११ र १२ मा कम शिक्षक छन् । नपुग शिक्षक थपिने पनि छन् ।

**शिक्षकलाई स्थायी गर्ने लगायतका सेवा सुविधाले नयाँ व्यवस्थामा निरन्तरता पाउँछन् त ?**

नपाउने कुरै छैन। अरु बढी विस्तार र सुनिश्चित गर्छ। शिक्षकले पाउने सुविधा हिजोभन्दा आज बढी छ। भोलि झन बढी हुनेछ। सरकार शिक्षकको वृत्ति-विकासमा कटिबद्ध छ। त्यसलाई सम्बोधन गरेर कार्यक्रम आउने नै छ। शिक्षकहरूले सेवा र सुविधाका बारेमा चिन्ता लिनै पर्दैन।

**सार्वजनिक र निजी विद्यालयबीचको बढ्दो खाडललाई निमिट्यान्न पार्न यसले केही गर्छ ?**

पक्कै पनि धेरै गर्छ। सार्वजनिक विद्यालयप्रति विश्वास जगाउनु हाम्रो पहिलो ध्येय हो। अहिले सार्वजनिक विद्यालयमा गुणस्तर नै नभएको होइन । सार्वजनिक र निजी दुवैको आ-आफ्नै गुणहरू छन्, ती दुवैको सकारात्मक पक्षलाई दुवैथरीको स्कूलमा अनुकरण गरिनु जरुरी छ। दोहोरो सिकाइको प्रबन्ध गरिनेछ। स्कूल पूर्ण स्वायत्त र फङ्सनल भइसकेपछि गुणस्तरमा अहिले ठानिएको ग्याप पनि निकै कम हुनेछ। यताका केही वर्षमा सार्वजनिक विद्यालयको गुणस्तरमा सुधार हुँदै आएको अनुभव हुन पनि थालेको छ।

**सुधार कार्यक्रमको केन्द्रमा स्थानीय निकायलाई राख्नुभएको देखिन्छ। तर स्थानीय निकाय नै निर्वाचित र कामकाजी हुनसकिरहेको छैन नि ?**

यो रिक्तता छिटै पूर्ति हुनेछ भन्ने हाम्रो विश्वास छ। हो, स्थानीय निकाय जनप्रतिनिधियुक्त भएका भए हाम्रो सुधारले अहिले नै राम्रो गति लिइसकेको हुनेथियो। तर तत्काल स्थानीय निकायमा जनप्रतिनिधि नहुँदैमा हाम्रो कार्यक्रम नै कार्यान्वयनमा जानै सक्दैन भन्ने होइन। शिक्षामा हाम्रो फङ्सनल युनिट विद्यालय व्यवस्थापन समिति हो। सबै स्कूलमा व्यवस्थापन समिति छन्। त्यो त क्रियाशील नै छ। जनस्तरसम्मको विकेन्द्रीकृत स्वरुप नै व्यवस्थापन समिति रहेको छ। त्यसैले स्थानीय निकायको अभावमा स्कूल नै नचल्ने अवस्था छैन।

**यो कार्यक्रमप्रति राजनीतिक नेतृत्वको अपनत्व र प्रतिबद्धता नै देखिएको छैन। खाली दाता र कर्मचारीतन्त्रले मात्र गर्न खोजेर यो कार्यक्रम कसरी सफल हुनसक्ला ?**

मन्त्रिपरिषद्ले स्वीकृत गरेको दस्तावेज भएको नाताले यसमा सरकारको स्वामित्व नै छैन भन्न मिल्दैन। जहाँसम्म राजनीतिक क्षेत्रको स्वामित्वको सवाल छ, आजको राजनीतिक आकाङ्क्षालाई सम्बोधन गर्ने अभिप्राय: नै यो कार्यक्रमले बोकेको छ। राजनीतिक दलहरूले समाजको रुपान्तरण र विकास गर्न खोजेका छन्। शिक्षामा पहुँच र गुणस्तर दुवै अभिवृद्धि गर्न चाहेका छन्। यीलगायतका आकाङ्क्षाहरूको सम्बोधन यो दस्तावेजमा गर्ने प्रयास गरिएको छ। यो दस्तावेज निर्माणको क्रममा मन्त्रालयले विभिन्न राजनीतिक दलहरूसँग पनि छलफल गरेको थियो। यो कार्यक्रम सन् २०१५ सम्म 'सबैको लागि शिक्षा कार्यक्रम' अर्थात् सहस्राब्दी विकास लक्ष्यकै विस्तारित र सङ्गठित स्वरुप हो, एकदमै नयाँ कार्यक्रम होइन। कर्मचारीतन्त्रले त यसको गृहकार्य मात्र गरिदिएको हो।



विश्लेषण

डा. विद्यानाथ कोइराला



## विद्यालय सुधार योजना

# कति निरन्तरता अन्यौल ?

**हालैको अध्ययनले भन्छ– योग्यता शिक्षकको बढ्यो। तालिम शिक्षकले खाए। कक्षाकोठामा स्थानान्तरण गरेनन्। राहत र करार कोटामा केहीले जागिर खाए। तिनले संस्थागत निरन्तरता पाएनन्। यस अर्थमा विसुयोले शिक्षक सेवा आयोगलाई विस्तारित गरेन। राहत र करार नराख्ने नीति पनि ल्याएन।**

### आधारगत निरन्तरता

विद्यालय सुधार योजना (विसुयो)को दस्तावेजले भन्छ- विसुयोको आधार पूर्व योजनाहरू हुन्। सबैका लागि शिक्षा योजना (EFA)। माध्यमिक शिक्षा सुधार योजना (SESP)। सामुदायिक विद्यालय सुधार योजना (CSSP), शिक्षक शिक्षा परियोजना (TEP) र तीनवर्षे विकास योजना। आधारशिला हो- विद्यालय पुनर्संरचनाका देशी-विदेशी चिन्तन (restructring school)। यसरी हेर्दा पूर्व योजनाकै निरन्तरता हो- विसुयो। तर, पुराना शिक्षा आयोगका सोचहरू यसमा छैनन्। समसामयिक राजनीतिक सोचहरू। यस अर्थमा हेर्दा यो राजनीतिक सहमतिको दस्तावेज होइन। विगतका शिक्षा योजनाहरूको वैचारिक सम्मिलन पनि होइन। मूलत: प्राविधिकीय चिन्तन हो। तिनकै वरपरका दस्तावेजले पृष्ठपोषण गरिएको कागजात हो। कर्मचारीतन्त्रले बनाएको। अरूको सलखा राखेको। कर्मचारीतन्त्रले नै लागू गर्ने खाले।

### नवीनतागत दाबी

विसुयोले अनेकन् दाबी गऱ्यो। पहिलो दाबी हो- विद्यालय संरचना बदल्यौं। हुन पनि बदलियो। अब कर्मचारीतन्त्रका सबैले १२ कक्षाकै स्कूल खोजे। ८ कक्षाकै प्राथमिक विद्यालय खोजे। राजनीतिक दलहरूले पनि त्यही बोले। एउटा नयाँ मानक तयार भयो। पाइन्टको मानक जस्तो। कहिले गोगो। कहिले बेलिबटम। कहिले चुस्। कहिले ब्यागी। अहिलेको विसुयोले द्वि-व्यागी विद्यालय बनायो। पहिलो व्यागी १-८ को प्राथमिक तथा आधारभूत शिक्षा। दोस्रो व्यागी- ९-१२ को माध्यमिक कक्षा। विसुयोको दोस्रो दाबी हो- परीक्षा सुधारमा विकेन्द्रीकरण। कक्षा ८ मा जाँच हुने। १० मा हुने। १२ मा हुने। पञ्चायतकालीन शिक्षामा ५ मा हुने गरेको ८ मा सऱ्यो। ८ मा हुने गरेको १० मा। १० मा हुने गरेको १२ मा। यस अर्थमा विसुयोले 'बूढा मरे भाषा सरे' को नीति लियो। जाँचको धर्म बदलिएन। कर्म बदलिएन। भाषा बदलियो। यो पनि सर्वदलीय स्वीकृतिकै वस्तु बन्यो। विसुयोको तेस्रो दाबी हो- पाठ्यक्रममा सान्दर्भिकीकरण भयो। स्थानीयकरण जोडियो। यो नवीन दाबी हैन। निरन्तरता हो पञ्चायतकालीन २० प्रतिशत स्थानीय पाठ्यक्रमको निरन्तरता। शिक्षालाई योग्यतास्फीति (qualification escalation)। तालिम खाएको लालपुर्जा। राहत र करार जे भए पनि निश्चित शिक्षक अनुपातको सुनिश्चितता। त्यसको लागि प्रति बालबालिका लगानी गर्ने नीति (per child funding policy)। यी सबै कुरा पुरानै दस्तावेजका निरन्तरता हुन्। नवीन होइनन्। हालैको अध्ययनले भन्छ- योग्यता शिक्षकको बढ्यो। तालिम शिक्षकले खाए। कक्षाकोठामा स्थानान्तरण गरेनन्। गरे पनि अपेक्षित उत्पादन भएन। राहत र करार कोटामा केहीले जागिर खाए। तिनले संस्थागत निरन्तरता पाएनन्। यस अर्थमा विसुयोले शिक्षक सेवा आयोगलाई विस्तारित गरेन। राहत र करार नराख्ने नीति पनि ल्याएन। शिक्षक संघ/सङ्गठनलाई लाइसेन्स दिने अधिकारी पनि बनाएन। सरकारलाई शिक्षकको पूर्व तयारी कोटा (job-induction training provider) पनि बनाएन। यस अर्थमा यो दाबी लुगा धुनेले पानी पड्काउने तालको भयो। पड्किने। डामै नबस्ने। परिणति नदेखिने। विसुयोको पाँचौं दाबी हो- विद्यालय स्वायत्त हुने। व्यवस्थापन विकेन्द्रित। यसका लागि विद्यालय खोल्ने, सम्मिलन (merge) गर्ने र विकास गर्ने जिम्मेवारी स्थानीय सरकारले पायो।

त्यहीं प्रश्न रह्यो । देशमा स्थानीय सरकार नै बनेन । बनेको स्थानीय निकाय (bodies) मात्रै थियो । अह्राएको मान्ने । तोकिदिएको जिम्मेवारी पूरा गर्ने । यसरी हेर्दा विसुयोको रहर अपरिपक्व जन्म (pre-mature birth) मा टुङ्गियो । राजनीतिक दलले सहमति नदिएको । विद्यालय खोल्ने व्यक्ति र समूह मात्रै हुन् भन्ने नबुझेको । विद्यालय खोल्न, सम्मिलन गर्न र विकास गर्न स्थानीय निकाय वा सरकारलाई अधिकारै छैन भन्ने कुरा थाहा नभएको । यस मानेमा विसुयोको सदासयता मात्रै रह्यो । यो त राजनीतिक सहमति हुन बाँकी दस्तावेज बन्यो ।

विसुयोको छैठौं दाबी हो- पाठ्यक्रममा नरम सीप (soft skill) समावेश गर्‍यौं । पहिले द्विधारे विद्यालय सोच्यो । साधारण धारको । व्यावसायिक धारको । दोस्रो, अन्तरधार आवागमन खोल्ने शैक्षिक प्रावधान सोच्यो । कालान्तरमा यो चिन्तन फेरियो । व्यावहारिक बनाउन नरम-जीवन-जीविकाको सीप (soft life skill) ले पूर्व सोचहरू विस्थापित गर्‍यो । यस अर्थमा पञ्चायतकालीन पूर्वव्यावसायिक शिक्षामा केही थपघट भयो । व्यवसायोन्मुखी हुने सोच लागू हुनेभयो । व्यावसायिक र प्राविधिक बनाउने चिन्तन धुलियो । यसरी हेर्दा गरिखाने सीप भन्नेहरूलाई चड्कन भयो । शिक्षक उनै । संयन्त्र उनै । गरम सीप खोज्नेले नरम सीप पाए । नरम सीप दिने शिक्षक चाहिँ उही र उस्तै भए । विसुयोको सातौं दाबी हो- अब खुल्ने विद्यालयहरू मानकमा आधारित हुन्छन् । सरकारले प्रति बालबालिका लगानी गर्छ । तर यो दाबी पनि खलासीको तालको छ । पुलिस देखे एउटा मानक । नदेखे अर्को मानक । यात्रु हामी नै हौं । यस अर्थमा दिइएको मानक (given standard) । लिइएको मानक बन्न नसकेको विसुयो ।

## सूचक एवं सूचकाङ्कगत आधार

विसुयोले सबैका लागि शिक्षाकै बुद्धि लियो । सूचकको प्रारुप त्यही । सूचकाङ्कको प्रारुप त्यही । प्रारुप तथ्याङ्कगत रह्यो । समाजगत बनेन । दलितको सूचक के ? सूचकाङ्क के ? दलितमा पनि मुसहरको के ? विश्वकर्माको के ? मुस्लिममा पनि शेखको के ? धुनीको के ? जनजातिमा पनि थकालीको के ? राजीको के ? यसरी हेर्दा विसुयोले पूर्व प्रारुपलाई नै निरन्तरता दियो । सामाजिक समता (social equity) पन्छायो । न त्यसरी रणनीति बनायो । न कार्यक्रम । न सूचक राख्यो । न मूल्याङ्कन । यस मानेमा विसुयोले तथ्याङ्क चिन्यो । नेपाल चिनेन ।

## सुशासनको आधार

सुशासनको आँखामा विसुयो अल्मलियो । कर्मचारीतन्त्रमै आश्रय लियो (कोफ्सा नेपालको २०६६ को मेरै लेख हेर्नुहोला ।) न प्रान्तले यसो गर्ने भन्न सक्यो । न प्रान्तलाई स्थानीय सरकार भन्न सक्यो । न जिल्लालाई छोड्न सक्यो । यो स्थितिमा यसले राजनीतिक दलको विकेन्द्रीकरणसम्बन्धी अन्योललाई नै निरन्तरता दियो । दिइने विकेन्द्रीकरण कि ? लिइने विकेन्द्रीकरण । केन्द्रले अह्राएको काम गर्ने विकेन्द्रीकरण कि ? केन्द्रलाई अह्राउने विकेन्द्रीकरण ? यो स्थितिमा विसुयोले न कानून समायो । न शिक्षा ऐन । न शिक्षा ऐनमा यो-यो संशोधन गर भन्यो । न राजनीतिक सहमति यस-यसमा चाहियो भन्यो ।

**विद्यालय सुधार योजनाको दस्तावेज प्राविधिक भयो । न राजनीतिक पुटको । न जनताको पुटको । लामो प्रक्रिया र ठूलो लगानीको कमजोर बच्चा हो यो । समयको माग बटुलेर पनि अहिलेकै संयन्त्रको तागतसँग सम्झौता गर्न बाध्य दस्तावेज हो । यस अर्थमा नवीनताभन्दा निरन्तरताको वाहक हो ।**

यसरी हेर्दा यसले राजनीतिक आड पनि पाएन । कानूनी आड पनि भेटेन । जे भेट्यो- कर्मचारीतन्त्रको आड । यस मानेमा रुपान्तरण गरेन । गर्ने छाँट पनि देखाएन । त्यही हालत उच्च शिक्षासँग जोड्नेमा रह्यो । न जोड्न सक्ने । न छोड्न सक्ने । शब्द राखिदियो 'समन्वय गर्ने' । उच्च शिक्षा चलाउने विश्वविद्यालयको ऐन बेग्लै । उच्च माविको बेग्लै । प्राविधिक शिक्षा परिषद्को बेग्लै । यसरी हेर्दा ऐनगत साम्यता पनि नखोजिएको । भिन्नता पनि नखोजिएको । अर्थात् 'शिक्षा मन्त्रालयले भनेको सबैले टेर्छन्' भन्ने मानसिकता लियो । निजी विद्यालयलाई पनि त्यही आँखाले हेर्‍यो ।

## मेरो सोच

रुपान्तरण नै खोज्नेलाई सुधारको के काम ? सुधार खोज्नेलाई रुपान्तरणको के अर्थ । यही स्थिति हो- विसुयो र अहिलेको जनमानसको । किनकि विसुयोले संरचना बदल्दा स्वाभाविक बदलाव देखियो । त्यसैको वरपर यो दस्तावेज घुम्यो । यस स्थितिमा मेरो सोच हो- (क) २०१२ सालदेखिका शैक्षिक दस्तावेजलाई विषयगत रूपमा लेख्ने । नीति के ? नियत के ? नियति के ? यसरी लेखेपछि सुधारको प्रस्ताव के ? रुपान्तरणको के भन्ने । यो भनाइको आधारमा विसुयोको खाका दिने । (ख) राजनीतिक दलले शिक्षामा धेरथोर खाका दिए । ती खाकाहरू दिने । उनीहरूका शब्दावलीमा रुपान्तरणका खाका । अहिलेको स्थिति दिने । गर्ने वा गरिने उपायहरू लेख्ने । यसरी विसुयोलाई व्यावहारिक बनाउँछौं भन्ने खाका । यसरी जनमुखी बनाउँछौं भन्ने खाका । यसरी उत्पादनमुखी बनाउँछौं भन्ने खाका । यसरी गुणस्तर बढाउँछौं भन्ने खाका । (ग) राजनीतिक सहमति नहुँदा दुई तहको योजना बनाउने । पहिलो, हिजोका कार्यक्रमको निरन्तरताका लागि । दोस्रो, आजका चाहना परिपूर्तिका लागि । त्यसो हुँदा कार्यक्रम ठोकिन्नथ्यो । राजनीतिक सहमतिमा लानुपर्ने कुरा खुट्टिन्थ्यो । (घ) शिक्षक नियुक्ति, लाइसेन्स तयारी र व्यवस्थापनमा दबाबी कार्य गर्ने । यसका लागि शिक्षक सेवा आयोग संवैधानिक बनाउने । शिक्षक युनियनहरू पेशेवर बनाउने । शिक्षकका राजनीतिक गुरुहरूलाई जिम्मेवार बनाउने । सामाजिक लेखा परीक्षणझैं राजनीतिक लेखा परीक्षण गरेर । शिक्षक लेखा परीक्षण गरेर । कति पढायौं, कति पढाएनौं भनी स्वीकार्ने थलो दिएर । के भए पढाउँछौं के भए पढाउँन्नौं भनेर । विद्यार्थीलाई पनि यस्तै परीक्षण गराउने । त्यही काम अभिभावकलाई गराउने । यस अर्थमा आत्मालोचना । आत्मस्वीकार्यता । (ङ) शिक्षक तयारीमा रुपान्तरण गर्ने । अहिले दिएर गर्‍यौं । लिएर गर्ने । एउटा बच्चाले कसरी सिक्यो भन्ने घटना लिएर । कहाँ

**रुपान्तरण नै खोज्नेलाई सुधारको के काम ? सुधार खोज्नेलाई रुपान्तरणको के अर्थ । यही स्थिति हो– विसुयो र अहिलेको जनमानसको ।**

अनुसन्धानले के भन्यो भन्ने जानकारी लिएर । यसरी वस्तुगत आधारमा रुपान्तरण खोज्ने । मनोगत रूपमा खोज्ने (च) पाठ्यपुस्तक पढाउन बन्देज लगाउने । पढेका कुरा लेखेका सामग्री बनाउन लगाउने । भोगेका कुराको सामग्री । देखेका कुराको सामग्री । विद्यालय तहमै सामग्री उत्पादन गर्ने । गराउने । वितरण गर्ने । (छ) शिक्षक एवं विद्यार्थीलाई जहाँ पनि सिकिन्छ, सिकाइन्छ भन्ने कुराको अनुभव गराउने । सिकिएका ज्ञानहरूको साम्यता खोज्ने । खोजाउने । भिन्नता खोज्ने । खोजाउने । त्यसमै आफ्नो बुद्धि जोड्न लगाउने । जोडेको बुद्धिमा काम गर्ने परिवेश सिर्जिने । (ज) अनौपचारिक तथा वैकल्पिक शिक्षालाई विद्यालयकै अङ्ग बनाउने । द्वैधमोडी अंग । औपचारिक मोड । अनौपचारिक मोड । (ञ) शैक्षिक नीतिको सार्वजनिकीकरण गर्ने, गराउने । भर्ना हुनसक्नेलाई नीति के ? पढ्न नसक्नेलाई के ? स्कूलको गतिमा पढ्नेलाई के ? आफ्नै गतिमा पढ्नेलाई के ? पढ्न नसक्नेलाई क्षमतागत उन्नति गराउने तर्किव के ? अक्षर नसिक्ने तर सङ्गीतमा रुचि लिनेलाई के ? भाषा सिक्ने तर गणितमा चासो नलिनेलाई के ? परम्परागत सीप भएकालाई प्रस्तुतिको माध्यम के ? कलाको प्रस्तुति कि ? शब्दको ? प्रविधिको प्रस्तुति कि ? समकक्षी जाँचको । यस्ता कुराहरूको उत्तर खोज्ने ।

## निचोड

विसुयोको विश्लेषणबाट मैले अनेकन् निचोडहरू निकालें । पहिलो निचोड हो– यो विद्यालय सुधार योजनाको दस्तावेज प्राविधिक भयो । न राजनीतिक पुटको । न जनताको पुटको । न तीनवटैको सन्तुलनको । दोस्रो निचोड हो– लामो प्रक्रिया र ठूलो लगानीको कमजोर बच्चा हो । सन्दर्भ बदलिँदा पनि विषयवस्तु नबदलिएको । विषयवस्तु बदल्दा पनि संस्कार बदल्ने उपक्रम नभएको । संस्कार बदल्न खोजे पनि सन्दर्भ नहेरिएको । तेस्रो निचोड हो– संरचनाबाट निरन्तर सहयोग खोजे पनि संस्थागत सहयोग लिने प्रबन्ध नमिलाइएको पूर्ववर्ती कार्यकै समकक्षी उत्पादन हो । चौथो निचोड हो– समयको माग बटुलेर पनि अहिलेकै संयन्त्रको तागतसँग सम्झौता गर्न बाध्य दस्तावेज हो । पाँचौं निचोड हो– हिजोका कार्यक्रमहरूको निरन्तरता दिने कागजात हो । आजका कुरामा यहाँ यसो गर्नुपर्छ भन्न नसक्ने दस्तावेज पनि हो । छैठौं निचोड हो– उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक तथा व्यावसायिक सीप विकास परिषद् र विश्वविद्यालयबीच विद्यालयको समन्वय हुनुपर्छ भन्ने दस्तावेज हो । त्यसको बनोटलाई ध्यानमा राखेर कसरी गर्ने त भन्न नसक्ने सामग्री पनि हो । यो शिक्षाको दस्तावेज भएपछि स्वतः सबैले मान्छन् भन्ने मान्यता बोकेको दस्तावेज पनि हो । सातौं निचोड हो– योजनाहरूले भनेका कुरालाई के आधारमा लागू गर्ने त भन्ने प्रश्नलाई सरल र सहज ढङ्गले समष्टिगत उत्तर दिने व्यष्टिगत एकल कागजात पनि हो । यस अर्थमा नवीनताभन्दा निरन्तरताको वाहक हो । रुपान्तरणभन्दा यथास्थितिमै प्रगति खोज्ने मलुवा पुस्तिका हो । अझै राजनीतिक सहमति खोजिरहेको दस्तावेज पनि हो ।



प्रा. कृष्ण खनाल



# शिक्षक र राजनीति

**बिहानदेखि बेलुकासम्म स्कूललाई पहिलो प्राथमिकतामा राख्नु नै एउटा शिक्षकको 'प्रोफेसनालिजम' हो । पार्टीको भेला छ भनेर स्कूल बन्द गर्ने अथवा कुनै नेताको स्वागतको लागि केटाकेटी उभ्याउने शिक्षकलाई 'प्रोफेसनल' भन्न मिल्दैन ।**

नेपालमा शिक्षा, शिक्षक र राजनीति सँगसँगै अघि बढेका हुन् । राजनीतिलाई व्यापक अर्थमा लिने हो भने शिक्षा र शिक्षक दुवै राजनीतिका अपरिहार्य कडी हुन् । राजनीति-मुलुकमा चेतना, परिवर्तन, विकास र त्यसको व्यवस्थापनका लागि हो भनेर मान्दा एउटा चेतनशील समुदायको रूपमा रहेको शिक्षक त्यस्तो राजनीतिबाट अलग हुन सक्दैन । अहिले हामीले राजनीतिलाई नकारात्मक रूपबाट बुझ्न थालेका छौँ । कुनै पार्टीको झण्डा बोकेर हिँड्ने, जिन्दावाद र मुर्दावादमा सीमित हुने र व्यक्तिगत लाभ-हानिका लागि गरिने दौडधुप नै राजनीति हो भन्ने भ्रम समाजमा पर्न गएको छ । तर, त्यो यथार्थ होइन । राजनीति भनेको परिवर्तनको वाहक हो, सत्तामा पुग्ने साधन मात्र होइन । राजनीति परिवर्तनको लागि हुन्छ र त्यो सिर्जनशील पनि हुन्छ ।

हाम्रो समाजमा शिक्षक भनेको सामाजिक चेतनाको प्रतिनिधिपात्र हो । ६०-७० वर्ष पहिले नेपालमा विद्यालय खोल्ने तत्परता कसले देखाए होलान् ? निश्चित रूपमा त्यस किसिमको सामाजिक चेतनाको ज्योति बाल्ने काममा केही पढे-लेखेका र सामाजिक चेतना भएका युवाहरू नै संलग्न थिए। तीमध्ये अधिकांश पछि शिक्षक नै बने। समाज परिवर्तन गर्नुपर्छ भन्ने अन्तरप्रेरणा र अठोटका कारण नै उनीहरूले शिक्षणकार्य रोजेका थिए । यो काम आफैँमा राजनीति पनि हो । हामीकहाँ शिक्षा, शिक्षक र राजनीति निरन्तर रूपमा एकअर्कामा अन्योन्याश्रित रहँदै आएका छन् ।

२००७ सालपछि स्कूल खोल्ने लहर तीव्र भयो। २०२८ सालमा नयाँ शिक्षा लागू हुनुभन्दा अघि स्कूलहरू स्वतस्फूर्त रूपमा समाजले नै स्थापना गर्थ्यो । सरकारले त स्कूल खोल्ने स्वीकृति र केही शिक्षक दरबन्दी मात्रै सहयोग गर्थ्यो । अन्य खर्च स्थानीय रूपमा नै उठाइन्थ्यो । त्यसैले त्यतिबेला प्रायः शिक्षकहरू सरकारी जागिरे थिएनन् । अहिले जस्तो प्रमोशन, पेन्सन, उपदान पनि केही थिएन । स्थानीय समुदायले जे-जति सहयोग गर्छ त्यसमा चित्त बुझाएर शिक्षकहरूले काम गर्थे । तर, शिक्षकको सामाजिक प्रतिष्ठा भने उच्च थियो त्यतिबेला । शिक्षण पेशा आज जागिरमा परिणत भएको छ । जागिरे भइसकेपछि अरू जागिरेसँग तुलना हुने नै थियो । त्यसरी तुलना गर्दा शिक्षण पेशा 'ग्ल्यामर' (आकर्षण) विहीन देखिन थाल्यो । किनभने, अन्य निजामती कर्मचारीले भन्सार, राजस्व या यस्तै पैसा धेरै चलखेल हुने क्षेत्रमा काम गर्न र पैसा कमाउन सक्छन् । अनि त्यसैको आडमा फुर्तिफार्ती गर्ने गर्छन् । तर, शिक्षकलाई यस्तो अवसर प्राप्त हुने कुरै भएन । सामाजिक प्रतिष्ठा र मूल्य क्षय भइसकेको स्थितिमा, जागिर पनि सन्तुष्टिभन्दा असन्तोषको कारक बन्न पुग्यो ।

२०३६ सालपछि राजनीतिक माहोल केही खुकुलो बनेपछि भित्रभित्र पार्टी सङ्गठनमा संलग्न कतिपय शिक्षक कम्युनिष्ट पार्टीको पूर्णकालीन सदस्य बने र राजनीतिमा आए । जनमतसङ्ग्रहमा बहुदलको प्रचार गर्न पाउनुपर्छ भन्ने मागसहित नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको जन्म भयो । त्योभन्दा अघि शिक्षकहरू औपचारिक रूपमा कुनै सङ्गठनमा आवद्ध थिएनन् । शिक्षक सङ्गठनको जन्मसँगै त्यसभित्र पनि पेशागत भन्दा दलीय राजनीति हुन थाल्यो । सङ्गठनको नेतृत्वमा एकखालको कम्युनिष्ट विचार बोक्नेहरू पुगेपछि त्यससँग असहमत हुनेहरू आफ्नै ढङ्गले सङ्गठित हुन थाले ।

२०४७ सालमा नेपाली काङ्ग्रेसको निकट रहने गरी शिक्षक संघ अस्तित्वमा आयो । त्यतिबेला संघलाई 'ट्रेड युनियन' मा परिणत गर्ने कुरा उठेको थियो। तर, शिक्षकलाई ट्रेड युनियनको सदस्य बनाउँदा शिक्षकले पाइआएको मान-प्रतिष्ठा गुम्न सक्छ भन्ने तर्कका आधारमा त्यस कुराको विरोध पनि भएको थियो । तर, दलहरूको ढिपीका अगाडि यस्ता तर्कको के जोड चल्थ्यो ! काङ्ग्रेसको शिक्षक संघ, एमालेको शिक्षक सङ्गठन र माओवादीको क्रान्तिकारी शिक्षक संघहुँदै अहिले हरेकजसो पार्टीसँग आबद्ध शिक्षकका दर्जनौं संघ-सङ्गठन खुलिसकेका छन् । ती ट्रेड युनियनभन्दा भिन्न छैनन् । त्यसकारण आज 'शिक्षक र राजनीति' भन्दा पनि 'शिक्षक र पार्टी' भन्ने विषय राखेर छलफल गर्नुपर्ने भएको छ । किनभने राजनीतिलाई हामीले पार्टी-राजनीतिमा सीमित गरिसकेका छौँ । पार्टीहरूलाई राजनीति गर्न जसरी महिला, मजदुर, किसान, व्यापारी चाहियो त्यसैगरी शिक्षक पनि चाहियो । किनभने, देशैभरि फैलिएर स्थानीय जनमतलाई प्रभावित पार्न सक्ने शिक्षकहरूको राजनीतिक महत्त्व धेरै




**हाम्रो समाजमा शिक्षक भनेको सामाजिक चेतनाको प्रतिनिधिपात्र हो। ६०-७० वर्ष पहिले नेपालमा विद्यालय खोल्ने तत्परता कसले देखाए होलान् ? निश्चित रूपमा त्यस किसिमको सामाजिक चेतनाको ज्योति बाल्ने काममा केही पढे-लेखेका र सामाजिक चेतना भएका युवाहरू नै संलग्न थिए। तीमध्ये अधिकांश पछि शिक्षक नै बने।**

छ। हाम्रा पार्टीहरूले शिक्षकलाई चन्दा पनि दिने र सङ्गठन विस्तारमा पनि सहयोग गर्ने 'भोलेन्टियर' सज्जन कार्यकर्ताका रूपमा बुझेका छन्।

अहिले पनि पार्टीहरूबीच बढीभन्दा बढी शिक्षकलाई आफूतिर तान्ने प्रतिस्पर्धा जारी छ। शिक्षकले आफूलाई कुनै पार्टीसित सम्बन्धित नरहेको बताउँदा बताउँदै पनि अप्रत्यक्ष तवरले पार्टीविशेषको समर्थन र प्रचार गरेर स्थानीय जनमतलाई प्रभावित पारिरहेका हुन्छन्। शिक्षकको यो भूमिका हरेक पार्टीले बुझेका छन्। शिक्षकले राजनीतिलाई व्यापक अर्थमा समाजमा प्रवेश गराइरहेको हुन्छ। त्यस आधारमा उसले आफ्नो आस्था अनुसारको पार्टीलाई मद्दत पनि गरिरहेको हुन्छ। त्यसमाथि यो भूमिकाको हिसाबले भन्दा शिक्षकहरू पार्टी राजनीतिबाट न हिजो मुक्त थिए; न आज छन्। सोझै पार्टीको सदस्य नबन्लान्; सभा-जुलुसमा प्रत्यक्ष सहभागी नहोलान् तर कुनै दलप्रति तिनको आस्था र समर्थन भने रही नै हाल्छ।

देशमा पार्टी राजनीति खुला भएपछि भूमिगत वा लुकेर राजनीति गरिरहेका शिक्षकले कि त जागिर छोडेर खुला राजनीतिमा आउनुपर्ने भयो या राजनीति छोड्नुपर्ने भयो। यसरी पार्टी राजनीतिमा उनीहरूको भूमिका सेकेण्डरी भयो। २०४८ मा पहिलो क्रमटमा जो-जो राजनीतिमा आए तिनले टिकट पनि पाए, कतिले चुनाव पनि जिते। तर बाँकीले टिकट पाउने अवस्था पनि भएन र पार्टीमा पनि आफूले खोजे जस्तो भूमिकासहित काम गर्ने मौका पाएनन्। लामो समयसम्म पार्टीप्रति सहानुभूति र समर्थन राख्ने त्यस्ता शिक्षकहरूको आफ्नै विवशता हुन्छ। समाजमा आफ्नो प्रभुत्व कायम राख्न र सत्ताबाट पाउने लाभ/नियुक्तिहरू पाउनका लागि पार्टीका केन्द्रीय नेता र मन्त्रीहरूसित सम्पर्कमा रहनुपर्ने बाध्यतामा त्यस्ता शिक्षकहरू परे। आफ्नो गाउँ-ठाउँमा विकास कार्य तथा विद्यालय निर्माणदेखि अन्य सामाजिक क्रियाकलापका लागि पनि त्यस्ता शिक्षकहरू निम्ति पार्टीसितको सम्बन्ध अपरिहार्य बन्यो।

केही शिक्षकलाई माथिल्लो तहमा बढुवाको आश हुन्छ। केहीलाई शहर-बजारमा छोराछोरीको शिक्षादीक्षा र जागिरको प्रबन्ध मिलाउन पार्टीसित सम्बन्ध राख्नुपर्ने हुन्छ। एउटा शिक्षक पार्टीको नेता नलिइकन कुनै मन्त्री/सचिवकहाँ जाँदा काम बन्ने अवस्था रहेन। जो पार्टीका नेता/कार्यकर्तालाई साथमा लिएर जान्छन्; तिनको काम सजिलै हुन्छ। यसरी राजनीतिको घेरा सीमित र साँघुरो बन्दा पनि शिक्षकको भूमिकामा परिवर्तन आयो। उनीहरू हिजोको जस्तो चेतनाका प्रतिनिधि-पात्रका रूपमा नभइकन एउटा पार्टीको कार्यकर्ताको रूपमा सीमित हुनपुगे। समाजप्रतिको भूमिकाबाट विस्थापित भए।

यस्तो अवस्था किन र कसरी आयो त? माथि नै उल्लेख गरिसकियो- नेपालको शिक्षा, शिक्षक र राजनीति एक-अर्कासँग गाँसिएर अघिबढेका छन्। राजनीतिक आकाङ्क्षाले शिक्षाको महत्त्व बुझ्यो र शिक्षा प्रसार तथा शिक्षक नियुक्तिमा सकेसम्म सहयोग पुऱ्यायो। राजनीतिजन्य आकाङ्क्षाका कारण जन्माइएका स्कूल र राजनीतिक अभिभावकत्वसहित नियुक्त गरिएका शिक्षकहरू राजनीतिबाट टाढा रहन व्यवहारत: सम्भव हुँदैनथ्यो। अरू पार्टी प्रतिबन्धित भएका बेला त शिक्षक र विद्यार्थीहरूले नै आस्थाको राजनीतिलाई जोगाइदिएका थिए। तर, पार्टी राजनीतिमाथिको प्रतिबन्ध फुकुवा भएपछि राजनीतिमा आउने सम्भावना भएकाहरू नेतृत्वमा प्रवेश गरे, अर्काथरी कार्यकर्तामै सीमित भए। उनीहरूभन्दा कम हैसियतका मान्छेहरू राजनीतिको अग्रपङ्क्तिमा आइपुगे। हिजो जसले साम्यवाद या लोकतन्त्रको कुरा गरेर समाजलाई नेतृत्व दिइरहेका थिए आज तिनीहरू त्यो भूमिकाबाट विस्थापित भए। अनि निजी स्वार्थ पूरा गर्नका लागि पार्टीको झण्डा बोक्न बाध्य भए।

शिक्षकहरू राजनीतिक वादका आधारमा पनि बाँडिएका छन्। कुनै आस्था वा वादप्रतिको भावनाले बुढेसकालसम्म समातिरहन्छ। थोरै मानिस मात्र त्यो भावनाबाट मुक्त हुनसक्छन्। तर पनि थुप्रै शिक्षकहरू आफूले विद्यार्थी छँदादेखि

बोकेको आस्थाका कारण पनि आफू नजिकको दलसँग आबद्ध भइरहन अभिप्रेरित हुन्छन् ।

यहाँ हामी नेपालको ८०/८५ प्रतिशत विद्यार्थीहरू पढ्ने सार्वजनिक स्कूलका शिक्षकहरूको चर्चा गरिरहेका छौं । यी त्यस्ता शिक्षक हुन् जसले पढाएका एकाध मेधावी विद्यार्थी बाहेक प्राय: एसएलसीबाटै र केही सरकारी अनुदानबाट चलेका क्याम्पसमा पुगेपछि शैक्षिक दृश्यपटलबाट बिलाउँछन्। तर, यसको दोष ती विद्यार्थीलाई पढाउने शिक्षकलाई भन्दा अहिलेको दुईखाले स्कूल– शिक्षा नीतिलाई जान्छ । यही त्रुटिपूर्ण शिक्षा नीतिका कारण सार्वजनिक स्कूलमा पढाउने शिक्षक र उसको पेशाका बीचमा यान्त्रिक सम्बन्ध मात्र सीमित हुन पुगेको छ । यसैकारण जसोतसो जागिर धान्ने, तलब लिने, पाएसम्म प्रमोसन लिने प्रवृत्ति शिक्षकमा विकास भएको हो ।

काठमाडौंका बोर्डिङ स्कूलमा १२ कक्षा पढेका धेरैजसो केटाकेटीले राम्रै रोजगारीको अवसर पाएका छन् । तर के हामी जुन शिक्षकको बारेमा चर्चा गरिरहेका छौं तिनले पढाउने स्कूलबाट १२ कक्षा उत्तीर्ण गरेका केटाकेटीले त्यो अवसर पाउन सकेका छन्? छैनन्। ठूलो सङ्ख्या अवसरबाट विमुख रहेको छ । यसले देशलाई दीर्घकालीन रूपमा असर गरिरहेको छ । तर यो समस्याबाट मुक्ति पाउनका लागि शिक्षकलाई मात्र 'टार्गेट' गरेर हुँदैन। शिक्षक बढी राजनीतिमा लागे; शिक्षकहरू पार्टीको झोला बोकेर हिँड्छन् भनेर दोष शिक्षकलाई मात्र थोपरेर हुँदैन। समस्याको मूल जरो त हाम्रो राजनीतिक संरचनामा छ ।

नेपालको स्कूल–शिक्षा सुधार गर्न सर्वप्रथम हाम्रा पार्टीहरूको सङ्गठन संरचना र पार्टी सञ्चालनका रणनीतिहरू बदल्नुपर्छ । जुन दिनसम्म पार्टीहरूले शिक्षकलाई एउटा आश्रित कार्यकर्ता मात्र ठान्छन्, त्यो दिनसम्म शिक्षा र शिक्षकलाई सुधार्ने कुरा एउटा कोरा कल्पना मात्र हुन्छ । त्यो सम्भव नै छैन ।

जो मान्छे कमाउन सक्ने हैसियतमा पुगेका छन् तिनीहरूले आफ्ना केटाकेटीलाई महङ्गा निजी स्कूलहरूमा पढाइरहेका छन् । जो निजी स्कूलमा छोराछोरी पढाउने हैसियतमा छैनन् तिनीहरू पनि त्यो हैसियतमा पुग्न प्रयास गरिरहेका छन् । ठूला नेता हुन् वा सभासद् र कर्मचारी– तिनको पहिलो प्राथमिकता आफ्ना छोराछोरीलाई सके विदेश नसके काठमाडौंका महङ्गा स्कूलमा पढाउने हो। यसरी हामीले शिक्षालाई अत्यन्त 'राइटिस्ट ट्रेन्ड' मा धकेल्दै छौं । यो 'ट्रेन्ड'मा गएपछि शिक्षामा एकदम थोरै मानिसको मात्र पहुँच हुन्छ। कोही कम्युनिष्ट इतर हुँदैमा त्यो 'राइटिस्ट' हुँदैन । आफ्ना केटाकेटीलाई सार्वजनिक स्कूलको सट्टा निजी स्कूल/कलेजमा भर्ना गर्ने क्रान्तिकारी कम्युनिष्ट पार्टीका नेताहरू पनि 'राइटिस्ट' नै कहलिन्छन् । अरूलाई दक्षिणपन्थी भनेर गाली गर्ने हाम्रै माओवादी पार्टी पनि यो मामिलामा 'राइटिस्ट' नै हुन गएको छ ।

## समाधान के ?

हाम्रो स्कूल-शिक्षा र शिक्षकका समस्याहरू मूलत: राजनीतिसँग गाँसिएका हुँदा तिनको समाधान पनि त्यहीँबाट खोज्न थाल्नुपर्छ । यसनिम्ति सर्वप्रथम पार्टीहरूले शिक्षा र शिक्षकका बारेमा आफ्नो दृष्टिकोण बदल्नु आवश्यक छ । शिक्षा सचिवदेखि जिल्ला शिक्षा अधिकारी; स्कूल निरीक्षक, शिक्षक र विद्यार्थीसमेत सबैलाई आफ्नो पिछलग्गु बनाउन खोज्ने पार्टीहरूको प्रवृत्ति नसुध्रिएसम्म समस्याको समाधान निस्कँदैन । शिक्षकलाई मात्रै तारो बनाएर त केही पनि हुँदैन । शिक्षा र शिक्षकलाई अलग गर्न सकिँदैन । किनभने, शिक्षाविना शिक्षक रहँदैन । अलग पार्न सकिने र मिल्ने त शिक्षक र राजनीतिक दल नै हुन् । पार्टीहरूले 'शिक्षकहरू पढाऊ नपढाऊ मतलब छैन तर हाम्रो कार्यकर्ता बन' भन्ने एक बुँदे कार्यक्रममा पुनरावलोकन गर्नुपर्छ । पार्टीहरूले शिक्षकलाई प्रयोग गरेर मात्र चुनाव जितिन्छ भन्ने मानसिकता पनि बदल्नुपर्छ ।

स्कूल शिक्षा र शिक्षकको भूमिका सुधार गर्न राजनीतिसँगै शिक्षानीति र शैक्षिक संयन्त्रमा पनि आमूल परिवर्तन गर्नु जरुरी हुन्छ। यसमा शिक्षा मन्त्रालयका पदाधिकारी र जिल्ला शिक्षा अधिकारीहरूले पनि आँट गर्नुपर्छ । गलत कुरालाई राजनीतिक नेतृत्वले जति नै दबाब दिए पनि नगर्ने र सही काम गर्न प्रेरित गर्ने आँट र इमान उनीहरूमा हुनु आवश्यक छ । दूरगामी असर पार्ने काम गर्न राजनीतिक दबाबहरू आउँदा त्यस्ता काम गर्न ऐननियमले रोकेको छ, 'जागिरै गए पनि म त्यो काम गर्दिनँ' भन्ने साहस कर्मचारीले देखाउन सक्नुपर्छ। यसरी पनि शैक्षिक क्षेत्रमा सुधार गर्न सकिन्छ ।

१५/२० प्रतिशतको हितको कुरा गरेर ८०/८५ प्रतिशत मानिसको अहित हुने हालको द्वैध शिक्षा नीति पनि हितकर छैन। त्यसलाई जतिसक्यो चाँडो परिवर्तन गर्नुमै सबैको भलो हुन्छ । एउटै विद्यालय पद्धतिमा पढाइ गरिनुपर्छ । कसैले निजी रूपमा शिक्षामा लगानी गर्न चाहन्छ भने त्यो नाफामुखी नभई च्यारिटीको हिसाबले हुनुपर्छ। १२ कक्षासम्मको पढाइ एउटै विद्यालय पद्धतिअन्तर्गत भएपछि मात्र शिक्षामा व्याप्त वर्गीय विभेद घट्न सक्छ। शिक्षामा नै समता र समानता हुनसकेन भने समाजमा अरू कुनै कुरामा पनि समानता र समता कायम हुन सक्दैन ।

जब स्कूल शिक्षा एउटै बनाइन्छ, त्यसपछि शिक्षक, प्रशासक, योजनाविद्, नेतालगायत सबै आफ्ना छोराछोरी एउटै विद्यालय पद्धतिमा पढाउन बाध्य हुन्छन् । आफ्ना छोराछोरी पढ्ने भएपछि सार्वजनिक स्कूललाई सुधार्न र राम्रो पार्न बाध्य हुनेछन् ।

हामीले अहिलेसम्म शैक्षिक सुधार तलबाट खोजिरहेका छौं । शिक्षकलाई सुध्रनु पर्‍यो भनिरहेका छौं । तर, यसरी हामीले खोजेको सुधार प्राप्त हुँदैन । स्थानीय तहमा अहिले पनि समयमा स्कूल जाने, बन्द, हड्तालमा सहभागी नबन्ने आदर्शवादी सयौं शिक्षक छन् । तर, तिनले मात्र राम्रो काम गरेर के गर्ने? स्कूल सुधारिन सकेका छैनन्। त्यसकारण, मूलत: माथिबाटै बिग्रिएको हुँदा सुधारको थालनी पनि माथिबाटै हुनुपर्छ । राजनीतिक दलहरू सुधारको लागि तयार भए भने जिल्ला शिक्षा अधिकारी र मन्त्रालयका कर्मचारीहरूले

**जुन दिनसम्म पार्टीहरूले शिक्षकलाई एउटा आश्रित कार्यकर्ता मात्र ठान्छन्, त्यो दिनसम्म शिक्षा र शिक्षकलाई सुधार्ने कुरा एउटा कोरा कल्पना मात्र हुन्छ । त्यो सम्भव नै छैन ।**

पनि निर्भीक भएर काम गर्ने वातावरण बन्छ। शिक्षकहरू त स्वत: सुधिनै हाल्छन्।

शिक्षा र शिक्षकको सन्दर्भमा राजनीतिको पनि नयाँ परिभाषा गरिनुपर्छ। शिक्षकलाई पार्टीको झण्डा बोक्ने कार्यकर्ताको रूपमा लिन छोडेर हिजोको जस्तै समाज परिवर्तनको पात्रको रूपमा लिने अभ्याससहितको पुन:परिभाषा गरिनु जरुरी छ। यसो गर्दा शिक्षकहरूलाई 'प्रोफेसनल' बन्न प्रेरित गर्न सकिन्छ। बिहानदेखि बेलुकासम्म स्कूललाई पहिलो प्राथमिकतामा राख्नु नै एउटा शिक्षकको 'प्रोफेसनालिजम' हो। पार्टीको भेला छ भनेर स्कूल बन्द गर्ने अथवा कुनै नेताको स्वागतको लागि केटाकेटीलाई उभ्याउने शिक्षकलाई 'प्रोफेसनल' भन्न मिल्दैन। नजिकै ठूलो आमसभा चलिरहेको बेला पनि स्कूलमा पठनपाठन भइरहेको देखेपछि त्यो स्कूल र शिक्षकप्रति अभिभावकको श्रद्धाभाव स्वत: पैदा भइहाल्छ। अभिभावकको मन जितेपछि नेताहरूले पनि 'हाम्रो आमसभा हुँदाहुँदै त्यो स्कूल किन बन्द भएन' भनेर सोध्न सक्दैनन्।

सकभर पार्टीका कार्यक्रमहरू स्कूल हातामा नगर्दै वेश हुन्छ। गर्नै परे पनि बिदाको दिन पार्नु पर्छ। स्कूल बन्द गरेर कार्यक्रम गर्न जबर्जस्ती गर्दा 'म कार्यक्रममै आउँदिनँ' भनी नेताले भन्न सक्नुपर्छ। सयौं विद्यार्थीको पढाइ बिगारेर स्कूललाई भाषण गर्ने मञ्च बनाउँदा नेताहरूले लज्जाबोध गर्नु/गराउनुपर्छ। यस्तो कार्यलाई सबैले अपराध ठान्नुपर्छ।

शिक्षक अझै पनि सामाजिक दायित्वबाट पूरै विस्थापित भएको अवस्था छैन। माओवादी द्वन्द्वको बेला पनि एकथरी शिक्षक स्कूलबाट विस्थापित भए, काटिए, झुण्ड्याइए, मारिए। अर्काथरी शिक्षक बन्दूक बोकेर दौडिए। तर, त्यस्तो विषम परिस्थितिमा पनि कतिपय शिक्षक बीचमा बसेर गाउँघरमा शान्ति कायम गर्न र द्वन्द्व न्यूनीकरणको पक्षमा लागिरहे। यस्तो भूमिका निर्वाह गर्ने शिक्षकहरूको ठूलो जमात आज पार्टीबाट विमुख भएको छ। यो समाजको लागि नोक्सान हो। खाली शिक्षक राजनीतिमा लागे, बिगारे मात्र भनेर हुँदैन। यथार्थमा; बिगारेको शिक्षकले नभई यहाँको परिस्थितिले हो। शिक्षकलाई राजनीतिमा जसरी परिचालन गरियो, प्रयोग गरियो त्यसबाट बिग्रिएको हो।

२०४८ मा काङ्ग्रेसले शिक्षकहरू पार्टीको सक्रिय सदस्य बन्न नपाउने भन्यो। तर त्यो अत्यन्तै नक्कली कुरा थियो। किनभने पार्टीको सक्रिय सदस्य बन्न चाहने एकजनालाई पनि त्यसले रोकेन, रोक्न चाहेन। शिक्षकले दलको सदस्य बन्न नपाउने भनेर नियम बनाए पनि त्यसलाई रोक्न सम्भव छैन। यसबारेमा मौन बसेर विश्वविद्यालयले व्यावहारिक बाटो समातेको छ। भित्रभित्र को कुन पार्टीको सदस्य बन्छ त्यसमा विश्वविद्यालयले कुनै वास्ता गर्दैन। तर, जो पार्टीको तर्फबाट चुनाव उठ्न चाहन्छ उसले विश्वविद्यालयको जागिरबाट राजिनामा गर्नुपर्ने कानूनी व्यवस्था छ। स्कूल शिक्षकको हकमा पनि यस्तो व्यवस्था गर्न सकिन्छ। पार्टीको कार्यसमितिमा नै बस्ने हो भने शिक्षकले शिक्षण पेशामा रहनु उचित हुँदैन। तर, उसलाई कुनै पार्टीको सदस्यताबाट वञ्चित गर्नु व्यावहारिक हुँदैन।

**शिक्षक बढी राजनीतिमा लागे; शिक्षकहरू पार्टीको झोला बोकेर हिँड्छन् भनेर दोष शिक्षकलाई मात्र थोपरेर हुँदैन। समस्याको मूल जरो त हाम्रो राजनीतिक संरचनामा छ।**

शिक्षामा सुधार र परिवर्तनको लागि शिक्षकहरूले केही गर्नै नसक्ने भन्ने हुँदैन। शिक्षण पेशाप्रति आफ्नो चेतनाले देखाएको कुरा भन्न र सुधार गर्न उनीहरू आफैं अग्रसर पनि हुनुपर्छ। पेशाप्रति प्रतिबद्ध शिक्षकहरूले शिक्षा-नीति यस्तो बनाउनुपर्छ भन्न सक्नुपर्छ। यसनिम्ति आफ्ना संस्थाहरूमार्फत संस्थागत पहल पनि गर्नुपर्छ। जहाज सङ्कटमा छ भने त्यसलाई डुब्नबाट बचाउने दायित्व क्याप्टेन र चालक दलका सदस्यको मात्र हुँदैन, त्यसमा सवार सबैको हुन्छ। त्यसैगरी सरकार र राजनीतिक नेतृत्वले शिक्षा क्षेत्रलाई सही बाटोमा हिँडाउने र रुपान्तरण गर्ने कामको अगुवाई गरेनन् भनेर शिक्षकहरूले हात बाँधेर बस्नुहुँदैन। उनीहरू जुर्मुराउनै पर्छ र आ-आफ्नो तहबाट पढाउने कार्य नछोडी सार्थक दबाब र हस्तक्षेप गर्नुपर्छ।

स्कूलको स्थापना र सञ्चालन गर्ने जिम्मेवारी समुदायलाई नै दिइनुपर्छ। सरकारले समुदायलाई सञ्चालन खर्चका लागि एकमुष्ठ रकम र भौतिक सुविधा उपलब्ध गराउने हो। समुदायका कति बालबालिका स्कूल गइरहेका छन् कति गइरहेका छैनन् भनी खोजबिन गर्ने काम पनि शिक्षकले गर्नुपर्छ। स्कूलप्रति सामूहिक र साझेदारीको भावना वृद्धि गर्न सकिए मात्र सार्वजनिक स्कूलको शिक्षा सुधारिन सक्छ। सार्वजनिक स्कूलको मान्यतालाई जोगाएर बसेका शिक्षकहरूको ऐक्यबद्धता कायम गर्न सकियो भने शिक्षामा चाहिएको परिवर्तन राजनीतिले रोकेर पनि रोकिँदैन। तर, त्यसका लागि अग्रपङ्क्तिमा शिक्षक नै आउनुपर्छ।

शिक्षक परिवर्तनका वाहक र निरन्तरताका प्रतीक हुन्। शिक्षण पेशामा मानिस आउने र जाने भइरहन्छ। यो पेशामा आउने अधिकांश युवा नै हुन्छन्। कैयौं युवाको जीवन शिक्षण पेशाबाट शुरु हुन्छ। भोलि ठूलठूला नेता पनि शिक्षण पेशाबाट आउन सक्छन्। तर सबै कुरा शिक्षक नै हो भन्नु चाहिँ हुँदैन। किनभने, शिक्षकलाई हामीले 'विचरा' बनाइसकेका छौं। जागिरे प्रवृत्तिबाट अलग रही शिक्षकको नैतिक मूल्य र मान्यता जोगाएर बसेका शिक्षक थोरै नै भएपनि हामीले तिनीहरूलाई एकजुट गरेर स्कूल शिक्षा सुधारमा आकर्षित गर्न सक्यौं भने नयाँ फड्को मार्न सक्नेछौं।

कतिपय शिक्षकको राजनीति गर्ने आकाङ्क्षा पूरा गर्नका लागि निर्वाचन ऐनमा विशेष व्यवस्था गर्न सकिन्छ। उदाहरणको लागि स्थानीय तहमा रहेका शिक्षकलाई 'नन-पार्टी टिकट' मा स्थानीय तहको निर्वाचन उठ्न दिने व्यवस्था गर्न सकिन्छ। त्यसो गर्दा चुनावमा उठ्ने शिक्षकले चुनाव जितेमा त्यस अवधिका लागि 'लियन' बिदा दिने व्यवस्था गर्न सकिन्छ। र, पराजित भएमा शिक्षक पद यथावत् रहन्छ र उसले स्कूलमा फर्किएर नियमित रूपमा पढाउन थाल्छ। यस्तै स्थानीय तहमा शिक्षा बोर्डहरू गठन गरी शिक्षकहरूबीचमा नै प्रतिस्पर्धा गराएर शिक्षकहरूलाई समावेश गर्न पनि सकिन्छ।

**प्रस्तुति: ध्रुब सिम्खडा**

कृष्णप्रसाद ढकाल



# सरकारी शिक्षक र तिनका सन्तान

**यदि हामीले आफ्ना छोराछोरीलाई आफूले पढाउने स्कूलमा नपढाउने हो भने अरूका छोराछोरीलाई 'हाम्रो स्कूलमा भर्ना गर' भन्ने नैतिक आधार बाँकी रहन्न । हामीले छोराछोरीलाई आफ्नो स्कूलमा पढाउन थालेपछि हामी आफैंलाई विद्यालयको पढाइ सुधार गर्ने जाँगर र ऊर्जा पैदा हुन्छ ।**

शिक्षकका पेशागत संघसंस्थाले मात्र होइन, विश्व शिक्षक महासंघ (ईआई)ले समेत शिक्षामा भइरहेको निजीकरण, उदारीकरण र व्यापारीकरणको विरोध गरिरहेको छ । शिक्षाको व्यापारीकरणको अन्त्य हुनुपर्दछ भन्ने हाम्रो मान्यता हो । शिक्षा निजीकरण गर्दा सर्वसाधारणको पहुँचभन्दा यो टाढाको वस्तु मात्र बन्दैन महँगो पनि हुन्छ । अत: शिक्षा राज्यकै दायित्व हुनुपर्छ । शिक्षा पाउनु सम्पूर्ण नागरिकको नैसर्गिक अधिकार हो । यसबाट कोही पनि वञ्चित गराइनुहुन्न । सबै नागरिकले राज्यबाट समयसापेक्ष र स्तरीय शिक्षा प्राप्त गर्न पाउनुपर्दछ ।

हामीले यो कुरा बारम्बार दोहोऱ्याई रहे पनि राज्यले यसलाई आत्मसात गर्न सकेको छैन । बरु राज्यले धनी र गरीबका छोराछोरीका लागि अलग-अलग विद्यालय सञ्चालन गर्ने वातावरण सिर्जना गरेर शिक्षामा प्रत्यक्ष/परोक्ष वर्गीकरण, विभेद र व्यापारीकरण गर्ने कुरालाई प्रोत्साहन गरिरहेको देखिँदैछ । हाम्रा राजनीतिक दलहरूले पनि शिक्षालाई भागबण्डाको विषय बनाइरहेका छन् ।

हाम्रा सामुदायिक विद्यालयहरूले अभिभावकहरूलाई सन्तुष्टि प्रदान गर्न सकिरहेका छैनन् । शिक्षाको गुणस्तर कमजोर भइरहेकोले राम्रो प्रतिफल प्राप्त हुनसकिरहेको छैन । सामुदायिक विद्यालयप्रतिको जनविश्वास र आकर्षण दिनैपिच्छे घटिरहेको छ । कसको कमजोरीले गर्दा यस्तो भएको होला ? सरकारको ? विद्यालय व्यवस्थापनको ? या शिक्षकको ? यस्ता जिज्ञासा सबैको मनमा उत्पन्न हुने गर्छन् । तर यीमध्ये कुनै एउटाको कारणले मात्र सामुदायिक स्कूल ओरालो लागेका होइनन् । त्यसनिम्ति सबै पक्ष धेरथोर जिम्मेवार छन् । स्कूल सुधारका लागि राजनीतिक हस्तक्षेपको अन्त्य, कुशल नेतृत्व, प्रभावकारी व्यवस्थापन, चुस्त अनुगमन प्रणाली तथा अभिभावकहरूको जागरुकता चाहिन्छ नै । तर, सक्षम, क्रियाशील र समर्पित शिक्षक उपलब्ध भएको स्थितिमा चाहिँ माथिका कुराहरूको अभावमा पनि विद्यालयको शैक्षिक स्तर माथि उठ्न सक्छ ।

शहर-बजारमा निजी स्कूलको दबदबा बढ्दै जाँदा सामुदायिक विद्यालयका शिक्षकहरू पनि छोराछोरीलाई आफूले पढाउने स्कूलमा नपढाएर निजीमा दौडाएको पाइन्छ । शहरका सरकारी स्कूलमा छोराछोरी पढाउने सरकारी शिक्षक भेट्न कठिन छ । शिक्षक स्वयंले आफूले पढाउने विद्यालयमा आफ्ना बालबच्चा भर्ना गर्न छोडेका कारण विद्यार्थीको अभावमा केही सामुदायिक स्कूल बन्द नै हुने अवस्थामा पुगेका छन् । तर, यता निजी विद्यालयहरूमा भने धान्नै नसक्ने गरी छात्रछात्राको चाप बढिरहेको छ । सरकारी स्कूलप्रति शिक्षकले चासो नदेखाएकै कारण पनि ती स्कूल उपेक्षामा परेको तथ्य लुकेको छैन । सरकारी स्कूलको शैक्षिक स्तर गिर्दै जानुमा शिक्षक र सरकारी कर्मचारीहरूले आफ्ना छोराछोरीहरू त्यहाँ नपढाउनुलाई सबैले एउटा मुख्य कारण मानेका छन् ।

सामुदायिक विद्यालयका शिक्षकहरूले आफ्ना छोराछोरीलाई आफ्नो विद्यालयमा नपढाएर किन निजी विद्यालयमा पठाउँछन् ? भन्ने प्रश्न आज यत्रतत्रबाट उठाइने गरेको छ । आफूले पढाउने विद्यालयको पठनपाठनको स्तरमा शङ्का लागेर शिक्षकहरूले आफ्ना छोराछोरीलाई निजी स्कूलमा पठाएका त होइनन् ? के सरकारी स्कूलका शिक्षकलाई आफ्नै क्षमता र अध्यापन कार्यप्रति विश्वास नभएको हो ? आफैंले आफूमाथि भरोसा गर्न सकिएन भने अरूले हामीप्रति कसरी विश्वास गर्लान् ? त्यसैले सरकारी विद्यालयको पठनपाठनको स्तरप्रतिको आशङ्का र अविश्वासको विशाल खाडल अरूले होइन हामी शिक्षकले नै बढाइरहेका छौं ।

# विचार

अभिभावकहरूबाट टाढिने काम हामी शिक्षक आफैँले गरिरहेका छौं। शिक्षकहरूले सरकारी विद्यालयलाई जागिर पकाउने थलो मात्र बनाइरहेको आरोप लाग्ने गरेको छ। शिक्षकहरूले आफ्ना सन्तानलाई आफैँले पढाउने विद्यालयमा नपढाएका कारण यस्तो कुरा उठ्ने गरेको हो। यसबाट शिक्षकहरूले आफ्नै काम, जिम्मेवारी र भूमिकाप्रति अविश्वास गरेको र आफ्नै प्रमाणपत्रमाथि नै अविश्वास गरेको जस्तो भएको छ। अरूका सन्तानको भविष्य चम्काउने हामी शिक्षकले महँगो शुल्क तिरेर आफ्ना छोराछोरीलाई निजी स्कूलमा दौडाउनुको औचित्य छैन। आफू विद्यालय आउँदा आफ्ना छोराछोरीलाई हातमा समातेर साथैमा ल्याउने र फर्कंदा साथैमा लैजाने जस्तो सजिलो र राम्रो काम छोडेर किन पराइको गेटबाट छिराएर पढ भनी छाड्ने ? यी र यस्ता प्रश्न जताततैबाट उठेका छन् र उठ्नु स्वाभाविक पनि हो।

विद्यालय सरस्वतीको मन्दिर हो। शिक्षकहरू त्यस मन्दिरका पुजारी हुन्। भक्तजन (अभिभावक) हरूले महिनैपिच्छे स्कूलरुपी मन्दिरमा चढाएको भेटी हामी शिक्षक टपाटप खल्तीमा हाल्छौं तर आफ्ना सन्तानलाई भने त्यस मन्दिरमा पस्न दिँदैनौं। हाम्रा सन्तान जहाँ पढ्छन् त्यहाँचाहिँ आफूले पढाउने विद्यालयमा लाग्नेभन्दा १० गुणाभन्दा बढी भेटी चढाउन हामी पछिपर्दैनौं। यसबाट हामीले बद्नामी पनि बोकिरहेका छौं। आफूले पढाउने विद्यालयका सीधासाधा, निर्धा-निमुखा अभिभावकबाट शुल्क लिनु र महँगा स्कूलका ठूलाबडालाई पोस्नु शिक्षकलाई सुहाउँदैन। यदि हामीले आफ्ना छोराछोरीलाई आफूले पढाउने स्कूलमा नपढाउने हो भने अरूका छोराछोरीलाई 'हाम्रो स्कूलमा भर्ना गर' भन्ने नैतिक आधार बाँकी रहन्न। हामीले छोराछोरीलाई आफ्नो स्कूलमा पढाउन थालेपछि हामी आफैँलाई विद्यालयको पढाइ सुधार गर्ने जाँगर र ऊर्जा पैदा हुन्छ। कक्षाकोठामा पनि हामी अरु मेहनत गर्न थाल्छौं। र हामी शिक्षक नै विद्यालय सुधारको अगुवा बन्छौं।

के हामी शिक्षकहरू हिजोको अवस्थामा पुग्न सकौंला ? के हाम्रो गुमेको इज्जत, प्रतिष्ठा र सम्मानलाई पूर्ववत् अवस्थामा पुऱ्याउन सकिएला ? के हामी सबैको भएर रहन सकौंला ? निश्चय पनि सकिन्छ। यसका लागि हामीमा हिम्मत, जोश, जाँगर, प्रतिबद्धता, समर्पण र त्यागको भावना हुनु आवश्यक छ। अब शैक्षिक सुधार अरूबाट होइन हामी आफैँबाट थालनी गरौँ। हामी साँच्ची नै सच्चिन चाहने हो भने हामी आफैंले गुमाएको हाम्रा अभिभावकहरूको ममता र सद्भाव पुनः प्राप्त गर्ने प्रयत्न गरौँ। आफ्ना अभिभावकहरूलाई विद्यालयमा भेला पारौँ र भनौं "अबदेखि हामी पनि आफ्ना छोराछोरीहरूलाई यसै विद्यालयमा पढाउँछौं। निजी स्कूलमा लैजाँदैनौं। तपाईंहरू विद्यालयलाई सहयोग र संरक्षण गर्नुहोस्। निजी र राजनीतिक कुरा बिर्सेर विद्यालयको हितमा हामी सबै एकढिक्का बनौं। समर्पित होऔं। हामी सबैको एकतामा नै विद्यालयको भविष्य आधारित छ" भन्ने कुरा बुझौं, बुझाऔं। अभिभावकहरूको मन जित्ने प्रयत्न गरौं। यसमा सफलता प्राप्त गर्न धेरै समय लाग्दैन। शिक्षकको कर्मथलो सुध्रिँदा धेरै कुराको सुधार हुन्छ। 'विद्यालय हाम्रो हो, हामी विद्यालयका हौँ' भन्ने हेक्का राखौं। आफ्ना नानीहरूलाई आफ्नै स्कूलमा फर्काऔं।

**आफूले पढाउने विद्यालयको पठनपाठनको स्तरमा शङ्का लागेर शिक्षकहरूले आफ्ना छोराछोरीलाई निजी स्कूलमा पठाएका त होइनन् ? के सरकारी स्कूलका शिक्षकलाई आफ्नै क्षमता र अध्यापन कार्यप्रति विश्वास नभएको हो ? आफैँले आफूमाथि भरोसा गर्न सकिएन भने अरूले हामीप्रति कसरी विश्वास गर्लान् ?**

हामीले राम्रोसँग पढाएनौं भने हाम्रो उत्पादन निकम्मा हुन जान्छ। सडकमा पुग्छ र खाते कहलिन्छ। विद्यालयमा हाम्रा व्यवहारअनुरुप नै विद्यार्थीहरू देखा पर्दछन्। हामी शिष्ट छौं, विनम्र छौं, अनुशासित छौं र चरित्रवान् छौं भने हाम्रा विद्यार्थीहरू पनि त्यस्तै हुन्छन्। शिक्षकका बानीव्यहोरा, आचरण र चालचलनले पनि विद्यार्थीहरूलाई भविष्यमा कतातिर डोऱ्याउने हो भन्ने कुरा निर्धारण गरिरहेको हुन्छ। शिक्षकले भुल्नै नहुने कुरा के हो भने हाम्रो इज्जत विद्यार्थीले गर्छन्। फलानो सर त कति मिलनसार, कति भद्र, कति सहयोगी, पढाइ कति राम्रो, कति प्रस्ट र कति सरल भनेर हाम्रा विद्यार्थीले यत्र-तत्र भनी हिँड्दा हाम्रो गरिमा, इज्जत र प्रतिष्ठा स्वतः बढिरहेको हुन्छ। अतः यसो भनिने वातावरण निर्माण गर्न कदापि पछि नपरौं।

विद्यार्थीको भविष्य निर्माणमा संलग्न शिक्षकले इमान्दारीपूर्वक काम गर्दा जुन इज्जत, मर्यादा र सन्तुष्टि प्राप्त हुन्छ, त्यसबाट मिल्ने आनन्दलाई संसारका कुनै वस्तुसँग तुलना गर्न सकिन्न। शिक्षक नै त्यस्तो व्यक्ति हो, जसले भविष्यलाई वर्तमानमा आकार दिन्छ। एउटा अध्ययनशील र सिर्जनशील शिक्षकले सम्पूर्ण राष्ट्र र सिङ्गो युगलाई गति दिएको हुन्छ। तर एउटा अयोग्य र अल्छी शिक्षकले आफ्नो समाज, राष्ट्र र संसारलाई पछाडि धकेल्ने काम गर्छ। हामी पूर्ण हुँदा हाम्रो उत्पादन पूर्ण हुन्छ। हामीले त प्रत्येक विद्यार्थीमा अन्तर्निहित प्रतिभालाई प्रेम, सद्भाव र प्रेरणाद्वारा उजागर गर्न सक्नुपर्दछ। दिनानुदिन चुनौतीपूर्ण हुँदै गइरहेको हाम्रो शिक्षण पेशालाई हाम्रा व्यवहार, क्रियाकलाप, आचरण र प्रस्तुतिद्वारा अत्यन्त सम्मानित, मर्यादित र आकर्षक बनाउनु परेको छ। यस चुनौतीलाई हामी शिक्षक एक भएर सामना गरौं। शिक्षामा भइरहेको राजनीतिक हस्तक्षेप बन्द गराऔं। अभिभावकसँग मिलौं। समाजमा घुलमिल हुने वातावरण निर्माण गरौं। आफ्ना नानीहरूलाई आफ्नै विद्यालयमा भर्ना गरी स्वागत गरौं।

*(ढकाल नेपाल शिक्षक युनियनका अध्यक्ष हुन्।)*

महाकवि लक्ष्मीप्रसाद देवकोटा



# शिक्षा

**महाकवि देवकोटाको शतवार्षिकी जन्मजयन्तीका अवसरमा 'लक्ष्मी निबन्धसङ्ग्रह'बाट साभार गरी 'शिक्षा' नामक निबन्ध प्रस्तुत गरिएको हो। आजभन्दा ६४ वर्ष पहिले महाकविले बोध गरेका शैक्षिक समस्या आज पनि हल भएका छैनन्। र, शिक्षकको हविगत पनि उही र उस्तै छ।**

हामी ज्यादाजसो शिक्षा जसलाई भन्छौं, त्यसले मानिसलाई मूर्ख बनाइरहेछ। लादिनु र नाकडोरी लगाइमाग्नु नै शिक्षाको मुख्य लक्षण देखिन्छ। भोगटेको चश्मा तिनले लाए, जो पण्डित विद्वान् बने। अक्षरको कालो नाचले आँखा नतिरमिराई मानिसलाई सरस्वती खुल्दिनन् भन्ने हाम्रो साधारण विचार छ। दुनियाँभरको महामहोपाध्याय एउटा महात्मा छ भन्दछन्। अङ्ग्रेजीले रङ्गिने चश्मा लगाएर ज्यादाजसो संस्कृतले सुषुप्तिको अनेक युगमा कुइरोद्वारा मात्र परमेश्वरको उज्यालो भेट्टाउँछ। नासमझ परिपक्व नभइकन विश्वविद्यालयको प्रमाणपत्र दिँदैन। विद्यालयहरू यन्त्र बनाउने कारखाना छन्। समाजको ऐठन परेको शिक्षामा मानव बुद्धिले हातखुट्टा चलाउन पाउन्न। शिक्षकहरू धोत्रिएका आवाजका भ्यागुता छन्। स्वतन्त्र प्रकाशनको अवरोधलाई तालिम भनिन्छ। बालुवादार बाल्यावस्था बाँधिन चाहँदैन, विचरा चाखदार आँखाले के देख्दछन्? सेता चिच्याहटलाग्दा भित्ता। ईश्वरले बनाएको संसारको उपन्यासबाट तिलस्मी जादु गुमाउनु बालशिक्षाको ध्येय हो। प्राकृतिक विकास नपाएका रुग्ण कलपुर्जाहरूमा घिच्याइएका वाक्क लाग्दा पाठहरूको समूहलाई हामीहरू किताप भन्दछौं। गुलाफको जरामा हात नहाल्नु नै बुद्धिमानी हो। हामी सबैलाई एकै मिसिनमा छाँटकाँट दिन चाहन्छौं। विचार रेखाहरू हावाका लहरझैं आफ्नो दिशा लेऊन्। म त आफ्नो रायले विकास लिँदो हृदयलाई किन्न चाहन्नँ। तर, साधारण शिक्षकहरू मूर्खता लाद्न चाहन्छन् र अल्पज्ञानको कट्टरपनाले ठोकुवा मिजाससँग पढाउँछन्। बेतको अत्याचारले राय लदाउने तानाशाहीहरू आफूलाई विद्वान् सम्झन्छन्। भौतिकता र प्रतिभाको नैसर्गिक प्रभावलाई रोक्ता धेरैजसो कवि र कलाकारहरू अदालतका अध्यक्षताभन्दा माथि पुग्न सकेका छैनन्। हाय! नबाँध यी काला जञ्जीरले मलाई। म खुला हावामा शीत सुँघ्न चाहन्छु। शब्दमा ती चित्र बन्दैनन् जो मैले खुला घाममा देखिरहेछु; तिम्रो सभ्यता यत्तिकै न हो? मैले यसमा केही मोहनी पाइनँ।

तर पद्धतिपुजारीहरू भन्दछन्, 'त्यो सिद्धान्ततः चरा र पशुलाई शायद बिरुवालाई पो काम लाग्छ। विवेकशील मानिस क्रमिक विकासद्वारा परिपक्व हुन्छ। युग-युगका औताली किन खेर फाल्ने? तिनमा अनन्त परिश्रमले छाने-बिनेका चीजहरू छन्। हामी पहिलेदेखिन् शुरु गर्न सक्दैनौं। जीवन छोटो छ, मार्गप्रदर्शक नभई विश्वको विशालता त्यस्तै अतर्स्याउने भुलभुलैया बन्दछ। तत्त्वान्वेषक वेदनाशील छ र अरूहरूको दुःखद्वारा आफूले दुःख निवारणका आविष्कृत उपायहरू हात लगाउनु नै बुद्धिमानी हो। मानिस अनुभवले सिक्छ र जङ्गली अवरोधहीनतामा मानिसको साम्यदार मानवताको विकासशील सौन्दर्य नियत रेखामा स्पष्टीकृत हुनसक्दैन। मानव-संस्थाहरूमा र शिक्षा क्रमहरूमा पूर्णता नरहनु साधारणै कुरा हो। तर, शिक्षा पनि एक कला हो, जसको हामी बेपर्वाह राख्न सक्दैनौं।

म तिनीहरूको सबै कुरा काट्न सक्दिनँ तर मेरो मत धेरै कुरामा शिक्षा प्रणालीको विरोधी छ। मलाई शिक्षा भनेको त्यस्तो केही कुरा हुनुपर्दछ जस्तो लाग्दछ जसले किसानको आदत लेओस्, माटो खनोस्, मलिलो बनाओस्। जमिन तयार गरोस् तर प्रकृतिलाई सहायता दिनका निमित्त मात्र, बीउलाई खुला हावा र उज्यालो दिनका निमित्त मात्र, बिरुवालाई स्वर्गको किरणबाट पोषण लिने मौका दिनका निमित्त मात्र। मानिस कृत्रिम छैन भन्न म सक्दिनँ। त्यो त बाबा आदमउपरको सरापै हो। नाङ्गै जन्मिनमा बुन्नु, तान बनाउनाको सङ्केत रहेझैं विवेक सम्पन्न हुनुमा कानून-स्थिति र बन्धनशील विकासहरू अन्तर्गत छन्। तर, प्रकृतिको नियम छाडेर एक पाइलाभन्दा पनि मनुष्यतामा सफलता मिल्न सक्दैन। भाव र विचारको जगतमा हामी कतिसम्म प्रकृतिको अनुसार चल्दछौं, अथवा अरूहरूलाई क्रमिक विकास दिनमा हामी कहाँनेर भूल-चूकमा पर्दछौं। जीवनको क्षेत्रमा कुनै रेखागणित छैन। यहाँ पूर्णबाट पूर्ण निकाले पनि पूर्ण नै बाँकी रहन्छ। एकभित्र परार्द्ध छ, अणुभित्र विश्व। विज्ञानले सबै कुरा भेट्टाउन सक्दैन र हाम्रा मनोवैज्ञानिक अध्ययनहरू विवेकको अँध्यारो भित्रभित्रै टुङ्गिन्छन्। यसकारले कुनै कारणले शिक्षक पनि पढाउन जान्दैन। शिक्षा जञ्जीर नहोस्, सिक्री नहोस्, नहोस् ऐठन; होस् प्राकृत विकासलाई सहायता दिने प्राकृत उपाय।

साङ्ग्रो गराओस्, तर हठसिद्धान्ती नबनोस् र चारौंतर्फ देखाओस्। अकाट्य अनन्त नियमहरूको होस् दिलाओस् तर सङ्कुचित बन्धनले नजेलोस्। शिक्षाले आत्मालाई बाधा नबनाओस् तर सङ्कुचित बन्धनले नजेलोस्। शिक्षाले आत्मालाई बाधा नबनाओस् तर प्रकृतिका र जीवनका क्षेत्रमा स्वतन्त्रतान्वेषक बनाओस्। हाम्रा सबै शक्तिको प्राकृत विकास गरोस् र अर्द्धविकसित अवस्थामा राखेर हामीलाई साङ्ग्रो कट्टर नबनाओस्। पूर्णतातिर लैजानु यसको ध्येय होस्। भित्रबाट प्रकाशका निमित्त ठाउँ खोजिरहेका शक्तिहरूलाई यसले प्राकृत मार्ग दिन सकोस्।

पढाउनुमा केही कृत्रिमता छैन भन्न कोही सक्दैन। लडकालाई बागमतीमा पौडी खेल्न मन गइरहेछ, तर शिक्षकले कान निमोठेर भन्छ- "पढ! पढ!! दुई तियाँ छ, दुई चौको आठ" बागीको आत्मा अनन्त च्याँठ अनुभव गरेर भन्दछ, "यसमा के मोहिनी? दोहोऱ्यायो, दोहोऱ्यायो, आखिर उत्तिकै! यी अङ्कका खुट्टा छैनन्, दुई चौको आठै हुनुमा के मज्जा? कहिले दश, कहिले बाह्र होस्! अनि पो मज्जा।" एकोहोरो ठाउँमा सधैं उस्तैउस्तै टुङ्गिनुमा उसलाई मजा लाग्दैन। ऊ बन्धन चाहँदैन; कहिले खुर्र दगुरोस् त "दुई चौको दश, दुई पञ्चे दुई सय" होस् त अनि पौडी खेलेजस्तो हुन्थ्यो। अनि त्यो दुई एउटा पुल होस्, अर्को खोला। अनि त्यो चार मुँगफली छोडाउने सहपाठी हुन्। त्यसो भए पो मजा। शरीर तौलमा राख्न, टाउको ठाडोको ठाडै पानीमाथि। अनि माछाजस्तो हातरुपी पयरले चालिँदै बहँदै आफ्नो मजाको दिशामा जानु, अलिकति पानी पनि खाइने होओस्! त्यहाँ छ खतराको मजा! त्यो नभएको दुनियाँको के काम? यहाँ खालि कान निमोठ्छन् या हातमा एकैछिन रन्न तातो डाम लगाइदिने त हुन् नि! यहाँ जीवन! यहाँ जडाउ र ज्ञानहरू जिल्ददार छन्। "मास्टरजीको चश्माले हेर्नको के चासो?" यस्ताका विरोधी क्रिया अचेत र सचेत दुवै तवरले चलिरहेको बेलामा त्यो वैवेकिक गणितसूत्रमा मानवात्मा न मोहनी देख्छ, न सार! जीवनको कुतकुती अरू दिशामा छ! पौडिनु त्यहाँ डुब्नु छ, पानी खानु छ। अङ्क गणितमा पौडी खेल्दा बेञ्चमुनिका खुट्टासम्म चाल्ने मौका रहन्छ! यसकारण मानवात्मालाई यो बन्धन अप्राकृत असह्य छ। बस! मास्टरजी कपाल दुख्यो! ऊँ ऊँ! आँखा रसाए, म इस्कुल जान्नँ भन्दा पनि ठग भनेर गाली गर्ने घरमा! यहीं मर्छु भनेको त हो नि काल पनि आउन्न!' बस! बिदा मिल्यो। हिंड् खुट्टा! अहिले सुस्त, अनि कुनामा मोडिएपछि खुशीको उफरपाफरमा!

**जति मैले बी.ए.सम्म पढें त्यति त मलाई विश्वास लाग्छ तीनै वर्षमा केटाकेटीलाई कथा सुनाए तिनीहरूसँग कुरा गर्ने एउटा बालक निकेतन बनाए म सजिलैसँग बालबालिकाहरूका मनमा ऊन् राम्रो तवरसँग घुसाइदिन्थें।**

यही रीतले आत्मा एक चीज चाहन्छ, शिक्षा अर्को चीज दिइरहेछ। आत्मा भन्छ 'चङ्गा!' इस्कुल भन्छ 'ढुङ्गा'। एउटा केटाकेटीले आफैं टुँडिखेलमा बसेर लुमडी जान दुई बगल हिँड्नुभन्दा तेर्सो जान पाए धेरै हुनेथियो भन्ने विचार गर्न लागेको थियो। तर, घण्टी बज्छ, कराल चेहरा भएको चश्मादार उड्वा मास्टर बेतको छडी लिएर क्लासमा पसे। "लौ भन्! हल र स्टीभन्सन साहबको एघारौं थियोरेम्", कण्ठस्थ लप्टन जाँचकले सिपाहीको पाठ बुझेझैं। बस! कपाल कन्याउन लाग्यो, कपाल कन्याइले आएको कुरा कुइरो भयो, 'क ख' र 'ग क' दुइटै भन्दा 'ख ग' ठूलो छ भन्ने प्रमाणित गर्नुपऱ्यो! "वाः खुब धक्कू लगाउँथिस् त!" "गोबरको मगजमा उम्रिएका यी क्या हुन्?" तलास खलबलियो। "अरु! भन् अरु गधा" गधाले रेखागणित प्राकृत तवरले बुझ्थ्यो त्यो लुमडी जाने बाटोमा तर यो अप्राकृतिक तवरमा मानिस गधामनितिर ओर्ल्यो मगजै चलेन! "यो जस्तो बोधो गधा मैले देखिनँ। थाप् हात!" उत्तेजना पाउँदी कल्पना तत्त्वान्वेषिणी बनेर प्राकृत जीवनमा नव-नव प्राप्ति गर्दै संसारको मोहनी अनुभव गर्न चाहन्थ्यो तर त्यो आठ पहर पढाउने खुला विश्वविद्यालयबाट वञ्चित भएर प्राकृत सिद्धान्त र तत्त्वलाई नासमरुसँग जोडेको र जबर्जस्तीले रङ्गाएको, बेतदार अनुशासनद्वारा मगजका मोहनीले चुम्बकिँदा गिर्खाहरूलाई बङ्ग्याएर उही मास्टरजीको "विद्या भनेको मेचमा बस्नु पाउनु हो" भन्ने स्वाङ बढाउने क्रियामा नआई रेखागणितका निमित्त विचरो सम्वर्द्धनशील बाल्यमस्तिष्क लाचार रहन्छ।

हामी खाना दिन जान्दैनौं। दिने तवर पनि ठीक किसिमको छैन। इस्कुलको नास्तिकताले पचास या सय मनुष्यमा एउटै आत्मा हुन्छ भन्दछ। व्यक्तित्वको अभिरुचिअनुसार पोषण छैन। आर्यसंस्कार दिनु आधुनिक शिक्षकको वृत्ति छ। हामी उल्था गर्छौं; विदेशलाई श्रेष्ठता दिन्छौं। शिक्षित नेपालीले आफ्नो घर कहिल्यै पनि बुझ्दैन। नेपाली भाषामा लेखिएका उही चीज नराम्रा हुन्छन्, या तिनमा हृदयस्पर्शिता रहँदैन, अङ्ग्रेजीमा उल्था गरे तिनै चीज दिलदार हुन्छन्। अङ्ग्रेजी शब्दकोषका लम्बा लबज जान्नु विद्वता कहलाउँछ। आफ्ना भाषामा समरु बोल्ने अशिक्षित भन्दा विदेशी भाषामा नासमरु बोल्ने विद्वान ठहिरन्छ। हामी अङ्ग्रेजी देखतै श्रद्धा गर्दछौं। स्वदेशी भावहरू हामीबाट निक्लँदैनन्। हामी हिन्दू जातिलाई हेप्दछौं। तान्ने किसिमका जान्ने हुन चाहन्छौं। सङ्कीर्णता, विकीर्णता नै शिक्षा हो। जीवनबाट दूर गराउनु विद्यालयको क्रम छ। हामीलाई के चाहिएको छ त्यो बुझ्ने थोरै छन्। प्रवृत्तिहरूको संस्कारशील पोषण पाइन्न। मगज बिग्रिन्छ जस्तो चर्कल्लो पिपिले गानको मधुर आत्मा प्रतिभाशाली व्यक्तिहरू मूर्ख बनाउने प्रमाणलाई शिक्षा नाम दिइएको छ। यहाँ गर्व, अहंकार, मद, मात्सर्य, म्लेच्छता, शक्तिप्रेम, हिंसात्मक प्रवृत्तिहरू र असत्यको हरएक किसिमका तत्त्वकला अक्षरहरूद्वारा उचित तवरले पढाइन्छन्। तब ज्ञान मगजमा बस्दछ, हृदय रित्तो बन्दछ र छिलिमिलि चतुरताको सिंगार पाएको खप्परे सुगाझैं दोहोरावटमा आत्मशमन राखेर

खोक्रो बोली बोल्ने सोखमा फुर्फुरिन्छ।

हामी कति समय बर्बाद गरिरहेछौं यत्तिका निमित्त! जति मैले बी.ए.सम्म पढें त्यति त मलाई विश्वास लाग्छ तीनै वर्षमा केटाकेटीलाई कथा सुनाएर तिनीहरूसँग कुरा गर्ने एउटा बालक निकेतन बनाए म सजिलैसँग बालबालिकाहरूका मनमा झन् राम्रो तवरसँग घुसाइदिन्थें। मानिस अरू अर्धशिक्षित छँदैछ र न्यूनसंवर्द्धित। मलाई खेद लाग्दछ कि यत्तिको मेहनत बेकार गयो। पन्ध्र वर्ष ता पढिसकें र मेरो जीवन सालाखाला पच्चीस होला। तर के हात लाग्थ्यो? कागजको खोस्टो, जसले मलाई हरहमेशा गिज्याइरहेछ र संसारलाई हरहमेशा छकाइरहेछ। मैले त्यस कक्षासम्म राम्ररी न पढें न आइपुगें। जाँचको ऐंडीमा नम्बरका निमित्त पढियो। थोरै जिज्ञासाले पढियो होला र? किताबले राम्ररी मेरो हृदय छुनै सकेन, नत्र मलाई आजकल किताब पढ्नेदेखिन् किन यत्रो आलस्य र वैमनस्य लाग्दथ्यो? पन्ध्र वर्षको बोध चिच्याहट पाई पढ्दै नपढूँ जस्तो लाग्नु आधुनिक शिक्षाको लक्षण हो। कति सस्तो सन्तोषले हामी बी.ए., एम.ए. हुनासाथ किताब पन्छाउँछौं। मुख्य काम छ रोटी कमाउनु, नौनी लगाउनु! मलाई त्यो कुरा पढाउन शरम लाग्दैन जो म आफैं जान्दिनँ! दुनियाँ आशा गर्दछ म उसलाई निराश गराउन चाहन्नँ। यसरी मैले कति सय लडका बिगारिदिएँ हुँला! उनीहरू बिग्रनलाई बाबुका निधारका मोतीले तिर्दथे, र यति गर्नका निमित्त जीवनको आधा भाग लगाउनु कुन बुद्धिमानी भयो? मलाई अपशोच लाग्छ यतिका मूल्यवान् वर्षसम्म राष्ट्रको शिशु निरर्थक आत्मविकारको क्रममा चल्दछ। हामी कहिले परिपक्व हुने? मलाई हतपत लाग्दछ। गूँगो कलम देख्तै रिस नउठ्नु उन्नतिशीलको लक्षण हो। कलेजले पढाउने कुरासम्म त दश वर्षमा कथाकुथुङ्ग्रीबाटै सिकिहालोस् न यो कुरा कहानीबाट! अनि सोह्र वर्ष हुँदा दुनियाँ बुझेर अगाडि सरोस् न नवयुवक! म सुन्दछु बाह्र हाते तीन वर्ष काट्यो क्या र! तर वर्षको भेडो बन्नुमा के देखियो यहाँ! पन्ध्र रुपियाँ, एक सय असी घण्टा काम गरेर! अनि गरिबका बाबुआमाले के मोहनी देखून्? अरू म चाहन्छु, कुरा गर्ने शिक्षकहरू दुनियाँमा डुलून्। खुला इस्कुल बनुन्। छानिएका सत्पात्रहरूद्वारा दुनियाँलाई शिक्षित हुन दुई दिनको कुरा छ। पन्ध्र-बीस वर्ष पढेर दाढी पाकेर बिग्रिसकेका हुन्छौं या दोस्रो संसारमा बेपरवाहको नतिजा भोग गर्न पुगिसकेका हुन्छौं। समयको दुरुपयोग देख्दा आत्मा सन्तुष्ट रहँदैन। हामीले शिक्षालाई जीवनमा लगेर घरघरमै घुसाउनुपर्दछ। 'शुरु भएकै छैन' भन्ने पनि छन् नि? उपाय हजारौं निक्लन्छन् त्यहाँ, जहाँ हामी मगज लगाउँछौं। श्रद्धासँग यो पन्ध्र वर्षलाई काटेर पाँचौं वर्ष गराउन सकियोस् त? दश वर्ष जीवन राष्ट्रलाई थपिने थियो र हामी दश वर्षका कष्ट नपाई दश वर्ष अग्रसर हुनेथियौं र अरु जाति फेरि अरू पन्ध्र वर्ष पढ्दै गर्ने थिए र हामी पाँचै वर्षमा तिनलाई उछिन्ने थियौं। सापेक्षिक दृष्टिमा हामी तिनसँग बीस वर्ष नाफा गरेर जीवनको दौड छाड्ने थियौं। तर, हामी मेहनती जाति भए पनि कट्टर प्राचीनवादी छौं।


स्रोत: www.flickr.com

**लडकालाई बागमतीमा पौडी खेल्न मन गइरहेछ, तर शिक्षकले कान निमोठेर भन्छ– "पढ! पढ!! दुई तियाँ छ, दुई चौको आठ" बागीको आत्मा अनन्त च्याँठ अनुभव गरेर भन्दछ, "यसमा के मोहिनी? दोहोऱ्यायो, दोहोऱ्यायो, आखिर उत्तिकै! यी अङ्का खुट्टा छैनन्, दुई चौको आठै हुनुमा के मज्जा? कहिले दश, कहिले बाह्र होस्! अनि पो मज्जा।"**

अनुभवदेखि डराउँछौं। तर, यहाँ खतरा छैन। खालि दुई-चार मगजदार मिले उपाय निस्किन्छ। हामी दश वर्षका शववेदनाबाट नवयुगका शिशुलाई बचाउँछौं। 'असम्भव' भन्ने पनि कुनै छन् नि! तिनीहरू सस्तो नैराश्य लिने किसिमका कठिनतावादी हुन्! शिक्षा सुधारमा राष्ट्रको सुनौलो भविष्य छ! झुपडीसम्म किताब पुऱ्याउन सकिन्छ र खेतमा परीक्षा।

शिक्षा म त्यसलाई भन्दछु, जसले मानिसलाई पूरा मानिस बनाउँछ, जसले जीवनको अल्पतामा दृष्टि राखेर समयको हिसाब उपयोग गर्न सिकाउँछ र सबभन्दा उत्तम मानवोपकारी क्रियाहरूमा जसले सबै मानसिक र शारीरिक शक्तिहरूलाई बचाउने तवरले मिलापसँग संवर्द्धन दिन्छ; जसले मानवात्मालाई आफ्नो भित्री शक्ति र सूक्ष्माति सूक्ष्म भावनाहरूमा सचेत गराउँछ, जसले सत्यको पथमा मनुष्यको अनन्त शक्ति पत्ता लगाई विकासशील क्रमहरूद्वारा प्रकाशनशील बनाउँछ र बढ्दो शक्तिको साथ त्यस्तो अमीर चैतन्यको विकास गराउँछ, जसले हितकारिताको सामर्थ्यदायी नै आत्मबलको गौरव सम्झन्छ। जसले प्राकृत आभ्यन्तरिक उद्‌गारमा साम्य, सौन्दर्य र सत्याभास दिन्छ र हरहमेशा जागरित राख्दछ, विश्वास उत्पादन गर्दछ र विश्वासका अमर नियमहरूद्वारा स्वर्ग र ईश्वरको चेत खँदिलो बनाउँछ, जसले मानवताको आह्वान आत्मालाई कसरविना उचालेर प्रत्युत्तरदायी बनाउँछ।

डा. तीर्थबहादुर श्रेष्ठ



# महाकविको नेपाल

देवकोटाको नेपाल कत्रो छ हामीले अझै आँक्न सकेका छैनौं। तर, नेपाललाई क्षेत्रफलको सामान्य आधारमा 'सानो' भन्नु र यसको पर्वतीय उचाइको सर्वोच्चता समेत नदेख्नु महाकविका शब्दमा "नेपाली नहुनुको अन्धता हो।"



महाकवि लक्ष्मीप्रसाद देवकोटा
वि.सं. १९६६-२०१६

*"नेपाल !*
*सुन्दर शान्त विशाल !"*

वामन अवतार लिएका विष्णु भगवानले तीनपाउमा तीनैलोक ढाकिदिएझैं महाकवि लक्ष्मीप्रसाद देवकोटाले माथिको हरफका तीन शब्दमा नेपालको सम्पूर्ण स्वरुपको व्याख्या गरिदिएका छन् । नेपालको प्राकृतिक सुन्दरतामा संसारै मुग्ध छ, यहाँको शान्त वातावरणमा देवात्मा भेट्टाउँछन् ऋषिमुनिहरू र यहाँको पर्वतीय विशालतामा सबैको मन हराउँछ । देवकोटाको *के नेपाल सानो छ?* भन्ने निबन्धबाट नेपालको लम्बाइ, चौडाइ र उचाइसँगै आध्यात्मिक गहिराइको पनि खुलासा हुन्छ ।

हाम्रा स्कूले छात्रछात्रादेखि अन्तर्राष्ट्रिय गोष्ठी-सम्मेलनमा पुग्ने नेपाली सहभागीहरू अझै पनि नेपाललाई सानै देख्छन् र सानै भन्छन् । तिनले "नेपाल एक सानो भूपरिवेष्ठित देश हो" भन्ने रटान शायद जन्मनुभन्दा पहिले नै सिकेर आउँछन् कि जस्तो भान पनि हुन्छ । त्यसैले सानो के हो, ठूलो के हो भन्ने कुरा कोट्याउन देवकोटाले निकै शब्दहरू खर्चिनुभएको छ; त्यो पनि आजभन्दा ६५/७० वर्ष पहिले । यस परिप्रेक्ष्यमा महाकविको निबन्धलाई एक दूरदर्शक यन्त्रको रूपमा आँखामा जोडेर हेर्न सक्नुपरेको छ । महाकवि लेख्छन्, *"नेपालभन्दा चीन ठूलो कसैले मलाई भन्यो भने त मलाई मान्छेभन्दा हात्ती ठूलो भनेको सुन्दा हाँस्न मन लागेजस्तो लाग्छ । माटोको परिमाणले खेत ठूलो म गन्दिनँ : त्यसको गुण, अवस्था, उब्जनी र भावुक प्रभावको कसीले मात्र ।"*

भू-क्षेत्रफलका दृष्टिले चीन नेपालभन्दा ६५ गुणाले ठूलो छ तर वनस्पति वैभव; त्यो पनि फूल फुल्ने बिरुवा प्रजातिको सङ्ख्याको आधारमा दाँज्दा पाँच गुणा मात्र ठूलो छ । चीनभरिमा २८,७०० फूल फुल्ने वनस्पति छन् भने नेपालमा ५,५६८ प्रजाति । चिनियाँ वैज्ञानिकबाटै प्रस्तुत सन् १९९६ को तथ्याङ्क हो यो । यसै गरेर पशुपक्षी र अन्य जैविक विविधता तथा प्राकृतिक जलवायुको विविधताको कसीमा दाँज्दा पनि नेपाल सानो छैन । यही हिसाबमा नेपालभन्दा भारतको भूमि लगभग १६ गुणाले ठूलो छ । तर, पुष्पधनको कसीमा चाहिँ तीन गुणाले मात्र ठूलो छ । भारतभरिमा १७,००० फूल फुल्ने बिरुवा प्रजाति छन् ।

नेपालमा विद्यमान जनजाति, भाषाभाषी र तिनका सांस्कृतिक सम्पदाको बारेमा विश्लेषण गर्‍यौं भने नेपालको बडप्पन अझ बढी खुल्न आउँछ । सयभन्दा बढी प्रकारका भाषाभाषी यसैभित्र अटाएका छन् । हाम्रा भाषाको सन्दर्भमा महाकवि भन्छन्, *"नीला पहाडहरूको प्राकृतिक भाषा; झर्नाहरू घुसेका मीठा लवज, हिमालयको झल्का पसेका शब्द, अमर वल्लरीहरू ढल्केका वाइमात्रा, चराचुरुङ्गीसँग उड्ने र बोल्ने अक्षरहरू । मेरो भाषा ज्यादा नफैलेको होस्, तर मेरो इन्द्रेणीको झर्ना यही हो ।"*

भू-स्वरुप र भौगोलिक परिस्थितिमा नेपाललाई 'पृथ्वीको सानो शिरबिन्दु' को रूपमा र, त्यो पनि 'ॐको बिन्दुझैं परमानन्द घनीभूत' बिन्दुको रूपमा परिभाषित गरिएको छ । यो वास्तविकतालाई विशेष अर्थपूर्ण रूपमा डाइहेन्फर्थ (G.O.D. Dyhenfurth) ले हिमालयलाई दिएको 'तेस्रो ध्रुव'को संज्ञाले अझै प्रचारमा ल्याइदिएको छ । तसर्थ नेपाललाई क्षेत्रफलको सामान्य आधारमा 'सानो' भन्नु र यसको पर्वतीय उचाइको सर्वोच्चता समेत नदेख्नु महाकविका शब्दमा "नेपाली नहुनुको अन्धता हो ।"

देवकोटाको नेपाल कत्रो छ हामीले अझै आँक्न सकेका छैनौं । तर, तल उल्लेख गरिएका केही पङ्क्तिमा हामी त्यसको ढुकढुकी छाम्न र व्याख्या गर्न सक्छौं । देवकोटाले लेखेका छन्:

*"यहाँ पृथ्वीमण्डलमा हुनसक्ने र भएका समस्त चीजहरूको सूक्ष्म प्रतिविम्ब टनाटन छ । हिउँदको दृश्यमा ध्रुवप्रदेशको नमुना; ग्रीष्म वर्षाको दृश्यमा नैरक्षिक मुलुकहरूको नमुना यही नजरसामुन्ने छ । यहीँ सब आवहवा पाइन्छन्; यहीँ छन् बेबिलोनका ह्यांगिङ गार्डेन-झूलन वाग; यहीं छन् तीनसय नायगरा फल्स; चीनको पर्खाल सात आश्चर्यमा गन्नेले यी नेपाली किनारका महान् पर्खालमा चमत्कार नदेख्नु नेपाली नहुनुको अन्धता हो ।"*

हुनपनि हावापानीको दृष्टिले नेपाल एक सानो संसारै हो । यहाँ ध्रुव-प्रदेशदेखि लिएर नैरक्षिक प्रदेशका हावापानी पाइन्छ भन्ने कुरा स्पष्ट छ । पृथ्वीमण्डलको प्रतिविम्ब यहाँ टनाटन छ भन्ने कुरा अझ तथ्यपरक देखिन आउँछ ।

**ध्रुवप्रदेश**: उत्तरी ध्रुव र दक्षिणी ध्रुवका अधिकांश भाग सदासर्वदा हिमाच्छादित रहने गरेझैं हाम्रो हिमालयको ५,००० मिटरभन्दा उच्च क्षेत्रहरूलाई सधैं हिउँले ढाकेको हुन्छ । त्यसै भएर यो हिउँको घर अर्थात् हिमालयले 'तेस्रो ध्रुव' (Third pole) भन्ने संज्ञा पाएको हो । पानीका यी ठोस ढिक्काहरू मानव जीवनोपयोगी जलका अद्वितीय भण्डार हुन् । भनिन्छ हाम्रो पृथ्वीको सतहको अन्दाजी ७० प्रतिशत क्षेत्रफल सागर, महासागर र समुद्रले ढाकेको छ । तर, त्यो पानी मानिसको लागि उपयोगी छैन । त्यो पिउन मिल्दैन र सिंचाई वा उद्योगधन्दामा पनि काम लाग्दैन । पिउनयोग्य पानीको अंश त पृथ्वीमा तीन प्रतिशत मात्र छ । त्यो पानी हिउँको रूपमा सञ्चित छ । पहाडी क्षेत्रमा र हिमालमा जमेको यस्तो पानी स्वत: शक्तिमान हुन्छ । त्यसैले पर्वतीय जलसम्पदाको निम्ति हाम्रो हिमालयको ध्रुव-प्रदेश ज्यादै उच्च महत्त्वको छ । वर्तमान विश्वको चर्को समस्या बन्दै गएको पृथ्वी तात्ने क्रमको प्रत्यक्ष प्रभाव हिमक्षेत्रमा पर्न थालेको छ । हिमाल पग्लियो, हिमतालहरू फुटे भने के होला भन्ने चिन्ता व्यापक हुँदै गएको छ ।

**नैरक्षिक प्रदेश (Tropical Zone)**: पृथ्वीमण्डलको कर्कटरेखा र मकररेखाको बीचमा पर्ने नैरक्षिक प्रदेश ज्यादै उष्ण हुन्छ । यहाँ बाह्रै महिना सूर्य शिरैमाथि चम्कन्छ र गर्मी महिना कहिल्यै सिद्धिदैन । दक्षिण अमेरिका तथा अफ्रिकी महादेशको अधिक भाग यस

क्षेत्रभित्र पर्दछ । सधैं उष्ण र सधैं आर्द्र वर्षा भइरहने क्षेत्रमा घना वन फस्टाउँछ । दक्षिण अमेरिकाको ब्राजिल, पेरु, कोलम्बिया, अफ्रिकाका कङ्गो, केन्या र घाना तथा एशियाको सिङ्गापुर, मलेशिया, इण्डोनेसिया आदि क्षेत्रमा यस्तो हावापानी हुन्छ । यो हावापानीको थोरै प्रभाव भारतको आसाम हुँदै पूर्वी नेपालको केही तराई खण्डमा पनि भेट्न सकिन्छ । वर्षायाम र सुख्खायाम भिन्दाभिन्दै रूपमा छुट्टिने नैरक्षिक प्रदेशको उष्ण हावापानी नेपालको तराई, मधेश तथा औल-बेंसीमा अनुभव गर्न सकिन्छ । यस्तो क्षेत्र सामान्यतया १,००० मिटरभन्दा होचा भू-भागमा अवस्थित हुन्छ, त्यहाँ साल, सिसौ र सिमलको वन, अग्लाअग्ला घाँसेमैदान र ठूला कदका जनावर बाघ, भालु, मृग, हात्ती, गैंडा आदिको वासस्थान हुन्छ । देवकोटाको त्यो नैरक्षिक प्रदेश आज अधिकांश फँडानी भएर कृषिभूमि एवं मानिस बसोवासको मुख्य थलो बनिसकेको छ ।

ध्रुव-प्रदेश र नैरक्षिक प्रदेशको बीचमा अरू चार प्रकारका हावापानी भएका क्षेत्र हाम्रो पर्वत स्वरुपमा विद्यमान छन् । त्यसैले देवकोटा भन्छन्, "यहीं सब आवहावा पाइन्छन् ।" सामान्यतया शीतप्रधान वृक्षरहित लेकाली (Alpine) हावापानी, वृक्षसहितको उप-लेकाली (Sub-alpine) हावापानी, शीतोष्ण (Temperate) हावापानी तथा उप-उष्ण (Sub-tropical) हावापानीलाई हामी सजिलैसँग उचाइको आधारमा पहिचान गर्न सक्छौं ।

**लेकाली क्षेत्र:** युरोपको आल्पस् पर्वत, अलस्का, उत्तरी क्यानडा र उत्तरी रूसको तुन्द्रा (Tundra) क्षेत्रको हावापानी हाम्रो हिमालमा ४,००० मिटर र ५,००० मिटरको बीचमा पाइन्छ । ४,००० मिटर र हिमरेखा ५,००० मिटरको बीचमा पर्ने हाम्रा घाँसेमैदान, बुकीपाटन र जडिबुटीहरू यसै हावापानीका प्रतिफल हुन् । त्यहाँ भेडा, चौंरी पालन गर्नेहरू वर्षायाम बिताउँछन् । यार्सागुम्बा जस्तो बहुमूल्य जडिबुटी यस्तै उच्च ठाउँमा भेटिन्छ । यी बिरुवाहरू बर्सेनि बढ्छन्, हुर्कन्छन् र मर्दछन् । तर, मर्नुभन्दा पहिले बीउ छरेर जान्छन् ।

**उप-लेकाली क्षेत्र:** क्यानडा र संयुक्त राज्य अमेरिकाको अधिकांश भाग तथा युरेशियाका उत्तरी खण्ड विशेषत: कोणधारी वृक्षका वनले परिपूर्ण हुन्छ । यस्तो ठाउँमा धेरै महिना जाडो भए तापनि गर्मीका केही महिना खुल्ला र रमाइला हुन्छन् । नेपालमा यस्तो क्षेत्र ३००० मिटरदेखि ४००० मिटरको उचाइमा पाइन्छ । सामान्यतया हाम्रो कृषि प्रणालीअनुसार ३००० मिटरभन्दा अग्लो भू-भागमा अन्नबाली लाग्दैन । तसर्थ अन्नबालीको उपल्लो सीमारेखा (३,००० मि.) र वृक्षरेखा (४,००० मि.) को बीचलाई नै उप-लेकाली क्षेत्र मानिएको छ । यो क्षेत्रमा ठिङ्ग्रे सल्ला, रानी सल्ला, भोजपत्र तथा खसुका वन पृथक्-पृथक् रूपमा वा मिश्रित रूपमा फस्टाउँछन् । पूर्वी नेपालतिर धेरै प्रकारका साना कद भएका गुराँस र चिमालहरू प्रचुर मात्रामा भेटिन्छन् । पश्चिम नेपालमा भने धूपीका बोट धेरै हुन्छन् । उप-लेकाली क्षेत्र पनि पशुपालनको लागि




## पृथ्वीमा भएका समस्त हावापानीहरूको

उपयुक्त हुन्छ । जडिबुटी पनि निकै पाइन्छ ।

**शीतोष्ण क्षेत्र:** संयुक्त राज्य अमेरिकाको उत्तरी-पूर्व क्षेत्र, उत्तरी युरोपको मध्य भाग (फ्रान्स, इटाली, जर्मनी आदि) चीनको पूर्वी भाग एवं जापान शीतोष्ण हावापानीको प्रभाव क्षेत्रमा पर्छन् । यो क्षेत्रमा धेरै प्रकारका मिश्रित वन-वनस्पतिहरू हुन्छन् । नेपालमा २००० मिटरदेखि ३००० मिटरभित्रको उचाइमा यस्तो अर्थात् शीतोष्ण हावापानी हुन्छ । यहाँ १७ प्रकारका विभिन्न वन-वनस्पतिहरू पाइन्छन् । पूर्वी नेपालमा गुराँस, फलाँट, वंशी, कटुस, अर्खाउलोका वन अधिक हुन्छन् भने पश्चिममा कोणधारी वन धेरै हुन्छ; गुराँस, कटुस कम पाइन्छ । देवदार, झुले सल्ला, ठिङ्ग्रे सल्ला, धूपीका वन अधिक भेटिन्छन् । ठाउँ विशेषमा खसु पनि पाइन्छ । प्राकृतिक रूपमा यो क्षेत्र रानीसल्लाको क्षेत्र हो । बाँझ, खसु, फलाँट आदिका वन विनास भएमा यो सल्लाले आफ्नो ठाउँ लिन्छ । अन्नबालीका हिसाबले यो आलु, मकै, कोदो र फापरको क्षेत्र हो ।

**उप-उष्ण क्षेत्र:** भारत, श्रीलङ्का, ब्राजिल, इथियोपिया आदि क्षेत्र उष्ण रहेतापनि वर्षा र सुख्खायाम प्रस्ट रूपमा भिन्दाभिन्दै महिनामा सक्रिय हुन्छ । यस्तो क्षेत्र कर्कटरेखा तथा मकररेखाभन्दा अलिकति बाहिर पर्ने हुन्छ । नेपाल कर्कटरेखाभन्दा तीन डिग्री उत्तरमा पर्दछ । पहाड पर्वत नहुँदो हो त सम्पूर्ण नेपाल उप-उष्ण हावापानीको प्रदेशभित्र पर्दथ्यो । हाम्रो तराई क्षेत्र भौगोलिक अवस्थितिको अनुसार उप-उष्ण क्षेत्रमा छ । तर, यहाँ पाइने वन, वनस्पति र वन्यजन्तुको आधारमा यो क्षेत्र उष्ण क्षेत्रभित्रै वर्गीकरण हुन्छ । त्यसकारण हाम्रो उप-उष्ण क्षेत्र १००० मिटरभन्दा माथि २००० मिटरभन्दा




**सूक्ष्म प्रतिविम्ब हाम्रो पर्वतीय परिवेशमा झल्किन्छ**

तलको भू-भागमा पर्न आउँछ। यी क्षेत्रको पूर्वी खण्डमा चिलाउने र कटुसको वनले ढाकेको हुन्छ भने पश्चिम नेपालमा खोटे सल्लाको वन प्रचुर मात्रामा पाइन्छ।

प्रकृति, जैविक विविधता र हावापानीको आधारमा सम्पूर्ण हिमालयलाई पूर्वी र पश्चिमी खण्डमा विभाजन गर्न सकिन्छ। पूवी खण्डको तुलनामा मनसुनको प्रभाव पश्चिमतिर कमजोर हुन्छ। तर जाडो महिनामा भने पूर्वमा भन्दा पश्चिमी खण्डमा बढी पानी पर्छ। त्यसैले पूर्वी पहाड मकैप्रधान क्षेत्र छ भने पश्चिम पहाड गहुँप्रधान। यी भिन्नतालाई टड्कारो रूपमा छुट्याउने साँध भने कालीगण्डकीलाई मान्न सकिन्छ।

काली पश्चिममा कुमाउ, काश्मिरदेखि भूमध्य सागरसम्म फैलिने वनस्पति प्रजाति जस्तै देवदार, झुले सल्ला, जैतुन, दारिमका बोट र वनहरू भेटिन्छन्। तर, पूर्वी भागमा ती वनहरू प्राकृतिक अवस्थामा कहीं पाइँदैनन्। यस्तैगरी पूर्वेली चिमाल र गुराँसहरू (लालीगुराँस बाहेक), घोगे चाँपहरू, अर्खाउलो र चिलाउनेका वनहरू कालीपारि पश्चिममा भेटिँदैनन्। चराहरूमा पनि यस्तै भेद देखिन्छ। कोक्लास (कोक्रास), चीर, च्याखुरा सामान्यतया काली पश्चिमतिर अधिक पाइन्छ भने चिलिमे, हिम कुखुरा (खोड्मा) पूर्वतिर धेरै पाइन्छ। पूर्वी र पश्चिमी हिमालयका यी विभेदहरू कालीगण्डकीले छुट्याएको देखिन्छ।

पूर्वी हिमाल र पश्चिम हिमालको भिन्नता वन, वनस्पति, पशुपक्षी, खेतीपाती सबैमा टड्कारो छ। यसभन्दा अझ नाटकीय भिन्नता हिमालको दक्षिणी मोहडा र उत्तरी मोहडामा अनुभव हुन्छ। पोखरा र जोमसोमको नाटकीय भिन्नता हिमालले सिर्जना गर्दछ। नेपालको जैविक विविधता विशेष गरेर वासस्थानको विविधतालाई आधार बनाएर नेपाली र फ्रान्सेली वन-वनस्पति विशेषज्ञहरूले प्राध्यापक डोब्रोमेजको नेतृत्वमा सन् १९७२ देखि सन् १९८५ सम्मको अनुसन्धानमा सात वटा विभिन्न नक्सा तयार गरे। ती अनुसन्धानबाट नेपालभित्र १८९ प्रकारका विभिन्न वासस्थानहरूको पहिचान भयो। यस्तैगरी नेपालका विभिन्न प्रकारका वनहरूको लगभग २० वर्ष अनुसन्धान गरेर अर्का अङ्ग्रेज वन-वनस्पति विशेषज्ञ स्टेनटनले ३५ प्रकारका वनको वर्णन गरे। यति सानो देश यतिका धेरै वासस्थान, यतिका धेरै वनका विविधताले निश्चय नै विश्वलाई अचम्मित पारेको छ। र, पो महाकविले नेपालमा बेबिलोनको 'ह्याङ्गिङ गार्डेन' देख्न पुगे। यी सबै विविधता कविको दृष्टिमा उहिल्यै खुलिसकेका थिए। त्यही कारणले गर्दा महाकवि देवकोटा धक फुकाएर भन्छन् कि, *"यहीं सब आवहवा पाइन्छन्... यहाँ पृथ्वीमण्डलमा हुनसक्ने र भएका समस्त चिजहरूको सूक्ष्म प्रतिविम्ब टनाटन छ।"*

**अन्त्यमा,**

महाकवि देवकोटा उच्चकोटिका स्रष्टा मात्र होइन एक विलक्षण प्रतिभा पाएका द्रष्टाका रूपमा पनि परिचित छन्। उहाँको यो सयौं जन्मोत्सवको शुभघडीमा महाकविप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै यो वर्षको तिहार र देवकोटा जयन्ती मनाऔं!

कक्षाकोठा

टीकाराम पोखेल



# यसरी बढाउन सकिन्छ सृजनशीलता

**कक्षाकोठामा कस्ता किसिमका क्रियाकलाप गर्‍यो भने विद्यार्थीहरू सृजनशील बन्न सहयोग पुग्ला भन्ने कुरा हामी सबैले हेक्का राखी आएकै छौं। धेरैजसो विद्यार्थीहरू प्राकृतिक रूपमा रचनात्मक सोचाइ भएका हुँदैनन्। विद्यार्थीको सोच्ने प्रक्रियामा परिवर्तन ल्याउनका लागि विशेष विधि र विविध उपायहरू अपनाउने गरिन्छ। ती उपायहरू तपाईँसँग पनि छन्।**

हिजोआज किताबमा भएको विषयवस्तुलाई जस्ताको तस्तै जाँचमा उतार्न सक्नु नै विद्यार्थीको सबभन्दा ठूलो क्षमता हुन गएको छ। हामीले विद्यार्थीलाई "के पढ्ने ?" भनेर सोध्यौं भने "जाँचमा आउने-आउने कुरा मात्र पढ्ने" भन्छन्। हामी शिक्षकहरू पनि विद्यार्थीले विषयवस्तुको गहिरो ज्ञान कसरी पाउँछन् र कसरी सृजनशील हुन्छन् भन्ने कुरामा भन्दा उनीहरूले परीक्षामा कसरी राम्रो अङ्क ल्याउन सक्छन् भनेर मात्र चिन्तित हुन्छौं। फलत: हाम्रो पढाइ परीक्षामुखी भएको छ, विद्यार्थीमा घोकन्ते प्रथा हावी भएको छ। यसरी विद्यार्थीलाई आफैंले केही गर्नसक्ने बनाउने भन्दा पनि अरूमा निर्भर हुने खालको शिक्षाको चलन बढेर गएको छ। यस्तो अवस्थामा हामी शिक्षकको प्रमुख दायित्व विद्यार्थीलाई सृजनशील बनाउनु हो।

यस लेखमा हामी कक्षाकोठामा सृजनशील विद्यार्थीलाई प्रेरणा दिन र प्रोत्साहित गर्न के-के क्रियाकलाप गर्न सक्छौं भन्ने कुरामा छलफल गरिएको छ। यो लेख मूलत: लेखकको कक्षाकोठाको अनुभवमा आधारित छ।

सुजन र सुलभ कक्षा चारमा पढ्थे। उनीहरूलाई गणित पढाउने सर मेहनती र तालिमप्राप्त हुनुहुन्थ्यो। सुजन जाँचमा सधैं प्रथम हुन्थ्यो भने सुलभ १०/११औं मा पर्दथ्यो। एकदिनको कुरा हो, उनीहरूको कक्षा चारको पहिलो दिनको गणित कक्षाको पढाइ शुरु भयो। सरले कक्षामा सर्वप्रथम २ र ३ कति हुन्छ भनेर सोध्नुभयो। सुजनले २ र ३ पाँच हुन्छ भनेर जवाफ दियो। तर, सुलभले "२ र ३ लाई के गर्ने सर?" भनेर सोध्यो। शिक्षकले मुसुक्क हाँसेर जवाफ दिनुभयो "तिमीले जे गरे पनि हुन्छ।" त्यसपछि सबै मिलेर उत्तर निकाल्न थाले। उनीहरूले भनेको कुरा सरले कालोपाटीमा लेख्दै जानुभयो:

| | |
|---|---|
| २+३ | = ५ (२ र ३ जोड्दा) |
| ३-२ | = १ (२, ३ बाट घटाउँदा) |
| २ ३ | = ६ (२ र ३ गुणन गर्दा) |
| ३/२ | = १ भागफल, १ शेष (२ ले ३ लाई भाग गर्दा) |

यति निकालिसकेपछि सरले फेरि सोध्नुभयो अरू कसैले केही थप्न सक्छौ। सुलभले फ्ट्ट सोच्यो र भन्यो "सर २ र ३ जोड्दा ४ पनि हुन्छ।" त्यसपछि कक्षामा सबैजना विद्यार्थीहरू हाँसे। शिक्षकले केहीबेरपछि भन्नुभयो "२ र ३ जोड्दा ४ गल्ती गरेको बेलामा मात्र हुनसक्छ।" अनि उसले सरसँग भन्यो, मैले २+३ = ४ कसरी हुन्छ भनेको छु भनुँ?" तर, सरले "तिमीले जोक नगर बाबु" भन्दै उसलाई भन्ने अवसर नै दिनुभएन। बेलुका सुलभका बाबा अफिसबाट आएपछि उसले बाबालाई सोध्यो। बाबा, बाबा २ र ३ जोड्दा ४ कसरी हुन्छ? तर, उसको बाबा अफिसबाट थाकेर आएकोले सीधै भन्नुभयो, "फन्टुस् २ र ३ जोड्दा ५ पो हुन्छ कहाँ ४ हुनु!" त्यसपछि सुलभले आमासँग भन्यो, "आमा मलाई फोटोको अल्बम दिनुहोस् न।" आमाले हकार्दै भन्नुभयो, "मलाई फुर्सद छैन। फेरि सबै फोटोहरू यताउता पार्नलाई चाहियो?"

केही दिनपछि फेरि सरले भिन्न पढाउँदै हुनुहुन्थ्यो। सरले प्रयोगात्मक रूपमा पढाउन कक्षामा स्याउहरू ल्याउनुभएको रहेछ। सरले एउटा स्याउ

देखाउनुभयो र सोध्नुभयो- कतिवटा स्याउ हो यो ? विद्यार्थीले 'एउटा' भनेर जवाफ दिए। त्यसपछि त्यो स्याउलाई दुई बराबर भागमा काटेर एउटा टुक्रो देखाउँदै सोध्नुभयो- यो कति हो ? विद्यार्थीले 'आधा' भनेपछि उहाँले कालोपाटीमा त्यसलाई गणितीय भाषामा ½ लेख्नुभयो। फेरि अर्को टुक्रो निकालेर सोध्नुभयो- यसलाई कति लेखिन्छ ? सबैले 'त्यो पनि त आधा हो' भनेपछि उहाँले कालोपाटीमा ½+½=? लेखेर फेरि सोध्नुभयो- आधा र आधा जोड्दा कति हुन्छ? कक्षामा सबै विद्यार्थीहरू अल्मलिए र सरले दुईवटा स्याउका टुक्रा जोडेर देखाउनुभयो र सोध्नुभयो- यो आधा र यो आधा जोड्दा कति भयो ? धेरैले सिङ्गो स्याउ भने र सरले एउटा स्याउ भनेर जवाफ दिनुभयो। उहाँले ½+½=1 भयो भनेर व्याख्या गर्नुभयो।

फेरि सरले अर्को स्याउ निकाल्नुभयो र तीन बराबर भागमा काटेर एउटा टुक्रा देखाउँदै भन्नुभयो- यसलाई एकतिहाई भनिन्छ र गणितीय भाषामा ⅓ लेखिन्छ भन्नुभयो। ⅓+⅓+⅓=? भनी कालोपाटीमा लेख्नुभयो। धेरैजसोले 1 भने।

सरले पनि ⅓+⅓+⅓=1 हुन्छ भनी कालोपाटीमा लेखी तीन टुक्रा स्याउँसँगै जोडेर छलफल गराउनुभयो। त्यसैगरी सरले पहिले आधा टुक्रा देखाउनुभयो र यसलाई फेरि दुई टुक्रा पार्दै एक टुक्रा हातमा लिएर भन्नुभयो- यो कति भाग हो ? सबैले जवाफ दिए यो त आधाको आधा भयो। फेरि उहाँले बाँकी आधालाई दुई टुक्रा पार्नुभयो र जम्मा चार टुक्रा पारेर एउटा टुक्रा निकाली यसलाई एकचौथाई भनिन्छ र यसलाई ¼ लेखिन्छ भन्नुभयो। उक्त छलफलको अन्त्यसम्ममा उहाँले स्याउका टुक्राहरूबाट निकालेको निचोडलाई निम्नानुसार कालोपाटीमा लेख्नुभएको थियो:

| | |
|---|---|
| ½= एउटा स्याउलाई दुई बराबर टुक्रामा काटेको एक टुक्रा, र ½+½ | = 1 |
| ⅓= एउटा स्याउलाई तीन बराबर टुक्रामा काटेको एक टुक्रा, र ⅓+⅓+⅓ | = 1 |
| ¼= एउटा स्याउलाई चार बराबर टुक्रामा काटेको एक टुक्रा, र ¼+¼+¼ | = 1 |
| ⅕=? यो विद्यार्थीलाई सोध्नुभयो। | |

उहाँले त्यसपछि स्याउ मात्र होइन अरू कुनै सिङ्गो वस्तु काटेर हामीले भिन्नमा लेख्न सक्छौं भन्नुभयो। त्यसपछि सरले भन्नुभयो- तिमीहरूले के थाहा पायौ भने ½+½= 1, ⅓+⅓+⅓= 1 आदि। त्यही बेलामा सुलभले भन्यो- सर! एउटा सिङ्गो स्याउलाई ८ भागमा काटेर जोड्दा एउटा सिङ्गो स्याउ त नबन्ला नि ! किनभने स्याउ ८ टुक्रा बनाउन काट्दा खेर जाने भाग पनि जोड्नुपर्ला नि! सरले उल्टै सुलभलाई तिमी बढ्ता नबोल भनी हकार्नुभयो। सुलभका मनमा खुल्दुली लागेको थियो तैपनि ऊ चुपचाप लागेर बस्यो।

बेलुका घर फर्केपछि एउटा सानो र एउटा ठूलो आलु लियो। उसले दुवै आलुलाई बराबरका दुई टुक्रा हुनेगरी काट्यो। दुवैको भिन्न ½ भयो तर आलु नै साना ठूला भएकाले आधा र आधा पनि बराबर भएन! अनि दुई टुक्रा जोड्दा एउटा सिङ्गो आलु पनि भएन। धेरै पटक उसले धेरै तरिकाले विचार गऱ्यो तर केही उपाय निकाल्न सकेन। अन्त्यमा उसले सोच्यो- मैले सरसँग यो कुरा सोध्नुपर्छ। र, फेरि सोच्यो- सरले उत्तर नदिई रुपार्ने पो हुन् कि ! भैगो भनी नसोध्ने निर्णय गऱ्यो।

**हामी शिक्षकहरू पनि विद्यार्थीले विषयवस्तुको गहिरो ज्ञान कसरी पाउँछन् र कसरी सृजनशील हुन्छन् भन्ने कुरामा भन्दा उनीहरूले परीक्षामा कसरी राम्रो अङ्क ल्याउन सक्छन् भनेर मात्र चिन्तित हुन्छौं। फलतः हाम्रो पढाइ परीक्षामुखी भएको छ, विद्यार्थीमा घोकन्ते प्रथा हावी भएको छ। यस्तो अवस्थामा हामी शिक्षकको प्रमुख दायित्व विद्यार्थीलाई सृजनशील बनाउनु हो**

अर्को एक दिन बीजगणितको कक्षामा सरले चर र अचर राशिको बारेमा पढाउनुभयो। उहाँले चर र अचर राशि पढाउँदा निम्न कुराहरूबारे छलफल गराउनुभयो:

"यदि $x$ लाई हप्ताका बार मान्यो भने $x$ को मान कतिवटा हुन्छ ?"

विद्यार्थीहरू अल्मलिए र उहाँले भन्नुभयो- "$x$ को मान सातवटा हुन्छन्। ती हुन्- आइतबार, सोमबार, मङ्गलबार, बुधबार, बिहीबार, शुक्रबार र शनिबार।" फेरि सरले सोध्नुभयो- $x$ भनेको आइतबार मान्यो भने $x$ को मान कतिवटा भयो ? विद्यार्थीले एउटा भयो भनी उत्तर दिए। यसरी सरले दुई किसिमको मान लिने सङ्केत हुन्छ भन्ने कुरा बताउनुभयो। एउटा मात्रै मान लिने र अर्को धेरै (एकभन्दा बढी) मान लिने सङ्केत। एउटा मात्र मान लिनेलाई अचर राशि र धेरै मान लिनेलाई चर राशि भनिन्छ भन्नुभयो। उहाँले फेरि विद्यार्थीलाई एउटा मात्र मान लिने र धेरै मान लिने एक/एक उदाहरण बनाउन लगाउनुभयो। विद्यार्थीहरू अल्मलिए र उहाँले छलफल गर्दै बोर्डमा लेख्नुभयो।

$x$ भनेको चैत महिना मान्दा $x$ को मान एउटा मात्रै हुन्छ र $x$ भनेको एक वर्षका महिनाभन्दा $x$ का मान धेरै हुन्छन्। त्यसैले $x$ भनेको चैत मान्दा अचर भयो भने $x$ भनेको एक वर्षका महिनाहरू मान्दा चर भयो भनी कालोपाटीमा थप्नुभयो। फेरि उहाँले सोध्नुभयो- $x$ भनेको तीनभन्दा ठूलो र पाँचभन्दा सानो गन्ती सङ्ख्या भयो भने $x$ को मान कतिवटा हुन्छ? $x$=4, धेरै विद्यार्थी अल्मलिए र सरले भन्नुभयो- $x$=4 का कतिवटा मान भए ? विद्यार्थीहरू अल्मलिएपछि सरले एकछिन पख म अर्को उदाहरण दिन्छु भन्नुभयो र भन्नुभयो- $x$ भनेको तीनभन्दा ठूलो र ६ भन्दा सानो

# कक्षाकोठा

**१ कसरी अचर भयो ! त्यस्तै २ पनि त दुईवटा किताब, दुईवटा कलम आदि कसरी अचर भयो ! उसले केही नसोधी घरमा फर्क्यो र घरमा गएपछि एउटा बुद्धि निकाल्यो ।**

गन्ती सङ्ख्या हो भने $x$ को मान कतिवटा हुन्छ ? एकछिन छलफल गराउनुभयो । $x$=4, $x$=5 कतिवटा मान भए? कसैले दुईवटा, कसैले नौवटा आदि । केही समयको छलफल र अरू उदाहरणको आधारमा सरले भन्नुभयो- $x$=4 एउटा मान, $x$=5 अर्को मान $x$ का जम्मा दुईवटा मान । त्यसैले यो चर राशिको उदाहरण भयो । त्यसपछि अघिल्लो उदाहरणमा छलफल गराउनुभयो र विद्यार्थीहरू यसलाई अचर राशि हो भन्ने निष्कर्षमा पुगे । त्यसैअनुसार कालोपाटीमा लेखिएका कुराको रुप यस्तो देखिन्थ्यो:

| क्र.सं. | अचर राशि (एक मात्र मान लिने) | क्र.सं. | चर राशि (धेरै मान लिने) |
|---|---|---|---|
| १. | $x$ भनेको आइतबार | १. | $x$ भनेको हप्ताका बारहरू |
| २. | $x$ भनेको चैत महिना | २. | $x$ भनेको एक वर्षका महिनाहरू |
| ३. | $x$ भनेको तीनभन्दा ठूलो र पाँचभन्दा सानो गन्ती सङ्ख्या | ३. | $x$ भनेको तीनभन्दा ठूलो र ६ भन्दा सानो गन्ती सङ्ख्या |
| ४. | $x$=4, वा 4 मात्र | ४. | $x$=4, x=5 वा 4,5 |
| ५. | अचर राशिलाई a,b,c ले जनाइन्छ | ५. | चर राशिलाई $x$,y,z ले जनाइन्छ |

त्यसपछि सरले किताबबाट केही समस्या निकाली चर र अचर छुट्याउन लगाउनुभयो । यो छलफल प्रत्येक बेन्चको एक/एक समूह बनाई गराउनुभयो । सबैले छलफलबाट किताबका चर/अचर छुट्याउने समस्या समाधान गरे । फेरि सुलभले सोच्न थाल्यो कि एकले त धेरै मान दिन्छ । एक भनेको एउटा मान्छे, एउटा गाईलाई पनि एकले जनाइन्छ । एउटा किताबलाई पनि एक, त्यस्तै एउटा कलमलाई पनि एक । त्यसैले एक कसरी अचर भयो ! त्यस्तै दुई पनि त दुईवटा किताब, दुईवटा कलम आदि कसरी अचर भयो ! उसले केही नसोधी घरमा फर्क्यो र घरमा गएपछि एउटा बुद्धि निकाल्यो । सुजनको घरमा गयो । सुजनलाई उक्त प्रश्न राख्यो र सुजनले पनि जानेन । सुजनले भोलि सरलाई सोही प्रश्न सोध्यो र सरले पनि सुजनलाई सोध्नुभयो- तिमीले यो प्रश्न कहाँबाट लियौ ? सुजन केही बोलेन । सरले भन्नुभयो- म यो प्रश्नको जवाफ पछि बताउँला । तिमीहरू पनि यसको उत्तर खोज म पनि खोज्छु । पछि सरले बताउनुभयो । सुलभले निकालेका नयाँ-नयाँ विचार सुजनले सोध्ने र कक्षाका सबैलाई फाइदा हुने गर्दथ्यो । र, सुलभ पनि एकदम हर्षित भएर पढ्न थाल्यो । राम्रो विद्यार्थी भएपछि आफैं पनि सोध्दा उत्तर पाउन थाल्यो ।

माथिको कथाको आधारमा सुलभलाई सृजनशील बनाउन शिक्षकले खेलेको भूमिका कस्तो लाग्यो ? त्यसले कति हदसम्म सहयोग गर्‍यो । शिक्षकले कक्षाकोठामा कस्ता किसिमका क्रियाकलाप गर्‍यो भने विद्यार्थीहरू सृजनशील बन्न सहयोग पुग्ला भन्ने कुरा हामी सबैले हेक्का राखी आएकै छौं । धेरैजसो विद्यार्थीहरू प्राकृतिक रूपमा रचनात्मक सोचाइ भएका हुँदैनन् । विद्यार्थीको सोच्ने प्रक्रियामा परिवर्तन

## सृजनशील बनाउने केही उपाय

१. शिक्षकले विद्यार्थीमा अन्तरनिहित क्षमता समाउन सक्नु र ती विचार र क्षमतालाई उत्साहित गर्नुपर्दछ । सृजनात्मक कार्य प्राय: विद्यार्थीको अनुभव, सम्झना, अवलोकन र परिकल्पनामा आधारित हुने हुँदा यस्ता कार्यलाई कक्षाकोठामा प्रोत्साहित गर्नुपर्दछ । सृजनात्मक कार्य अरू व्यक्ति, साथीहरूबाट कमै आदान-प्रदान हुने हुन्छ । हामीले विद्यार्थीलाई उनीहरूकै विचारअनुसार बनाउन वा लेख्न दिनुपर्दछ । विद्यार्थीलाई कुनै विचार छान्न दिऊँ, मन्थन गर्न दिऊँ, विचारको शृङ्खला बनाउन दिऊँ, भत्काउन दिऊँ, फेरि बनाउन दिऊँ, हेर्न/अवलोकन गर्न दिऊँ र आत्मसात गर्न दिऊँ ।

२. विद्यार्थीको सृजनशील सोचाइको उत्साहस्वरुप अङ्क वा सृजनशीलतालाई दर्जा दिन सकिन्छ । तर, यसरी दर्जा/अङ्क दिँदा तर्कपूर्ण रूपले किन उक्त दर्जा/अङ्क दिइएको हो भन्ने कुरा उल्लेख हुनुपर्दछ । हामीले दर्जा/अङ्क दिँदा विद्यार्थीको सृजनशील कार्यलाई समेटिएको हुनुपर्दछ । हामी उनीहरूका सकारात्मक सञ्चित अङ्कलाई प्रयोग गरी उनीहरूलाई अगाडि बढ्न मद्दत गर्न सक्दछौं ।

३. विद्यार्थीलाई 'तिमी यहाँ पुगेको भए', 'तिमीलाई यो समस्या परेको भए' कसरी गर्ने थियौ भनी सोच्न लगाउन सकिन्छ । उनीहरूलाई कुनै ठूलो व्यक्तिको सृजनात्मक पाठ, घटनाले गर्दा अन्तरनिहित विचार प्रस्फुटन हुनसक्छ । हामी प्रत्येक कक्षाको ५-१० मिनेट पाठसँग सम्बन्धित यस्ता विचारलाई लिएर पाठप्रति रुचि जगाउन र विद्यार्थीलाई सृजनात्मक कार्य गर्न लगाउन सक्छौं ।

४. सृजनात्मक कार्यहरू दिएर विद्यार्थीहरूले

गरेको कार्यलाई पछि गर्नुपर्ने सुधारका रूपमा खुल्ला प्रश्नहरू गर्नुपर्दछ । जसले गर्दा पछिको बाटो विद्यार्थीले आफैंले तय गर्न सकोस् । शिक्षकले विद्यार्थीलाई सृजनात्मक कार्य दिँदा विद्यार्थीलाई उसको रुचि अनुसार रोज्ने अवसर प्रदान गर्नुपर्दछ ।

५. विद्यार्थीलाई सृजनशील बनाउन उदाहरण प्रस्तुत गर्नुभन्दा राम्रोसँग समस्या बुझाउनुपर्ने हुन्छ । यदि विद्यार्थीले समस्या बुझ्न नसकेमा त्यसका शब्दहरू परिवर्तन गरी समस्यालाई पुनः बुझाइदिनुपर्दछ । सृजनशील विद्यार्थीले एकै पटकमा धेरै कार्यहरू गरिरहेका हुनसक्छन् । शिक्षकले ती कार्यको जानकारी लिई अगाडि बढाउन प्रोत्साहन गर्नुपर्ने हुन्छ ।

६. शिक्षकले विद्यार्थीको मौलिकतालाई बढी प्राथमिकता दिनुपर्दछ । विद्यार्थीको कामप्रतिको सफाइभन्दा त्यससँग गाँसिएको सृजनात्मक कार्यलाई जोड दिनुपर्दछ । विद्यार्थीले सृजनात्मक कार्य गर्दा गल्ती हुने, मूर्ख बनिने, अरूले आलोचना गर्ने र एक्लो बनिने डरले अगाडि बढ्न नसकेको हुनसक्छ । यस्तो अवस्थामा शिक्षकले उचित भूमिका खेली उसका गल्तीभन्दा उसले निकालेका विचारलाई प्रमुख ठान्नु र ठान्न लगाउनु राम्रो हुन्छ ।

७. सृजनशील बनाउन शिक्षकले समस्या दिनुपर्ने पनि हुनसक्छ । यदि विद्यार्थीले आफैंले समस्या बनाउन सकेनन् भने सृजनात्मक सोचाइको कार्य अगाडि बढ्दैन । स्वतन्त्र विचार भन्दा समस्यामा आधारित विचार गर्न लगाउनु राम्रो हुन्छ ।

८. प्रश्नहरू व्यावहारिक र खुल्ला बनाउनुपर्दछ । जस्तो तिमीसँग रु.१० मात्र छ तर रु.१५ पर्ने कलम किन्नुपर्नेछ । तिमीले यस्तो अवस्थामा अपनाउने उपायहरू के होला ? किन उक्त उपाय उपयुक्त भयो लेख । प्रश्नहरूले वैकल्पिक उपाय निकाल्न सहयोग गर्ने खालका हुनुपर्दछ ।

| के बढी गर्ने | के कम गर्ने |
|---|---|
| विचार अन्वेषणमा प्रोत्साहन गर्ने | विचार नक्कल गर्ने कार्यमा प्रोत्साहन गर्ने |
| तह तथा अंक दिँदा उपयुक्त कारणसहित दिने | तह तथा अंक मात्र दिने |
| विद्यार्थीको आफ्नै वा देखेको अनुभवमा आधारित विचार र कार्य उत्पादन | विद्यार्थीलाई दिइएको Frame वा रूप र तयारी सूत्रको आधारमा कार्य उत्पादन |
| विद्यार्थीलाई अभ्यास गर्न लगाउने | शिक्षकले प्रदर्शन गर्ने |
| समस्यालाई परिभाषित गर्नु | उदाहरण दिनु |
| विद्यार्थीलाई समस्या केन्द्रित सोचाइमा राख्ने | विद्यार्थीलाई स्वतन्त्र सोच्न लगाउने |
| विद्यार्थीको आफ्नो उत्पादन/विचार लाई प्राथमिकता | विद्यार्थीको कामको सफाइलाई प्रोत्साहन दिनु |
| खुल्ला प्रश्न सोध्ने | निर्देशित सुझाव दिने |
| विद्यार्थीलाई समस्या समाधान विधिको प्रयोग गर्न लगाउन सकिन्छ | प्रश्नको उत्तर दिनु |
| शिक्षकले विद्यार्थीको दिमागलाई पढ्ने गर्नु | विद्यार्थीलाई नमुनारूपी काम गर्न लगाउनु |

९. विद्यार्थीलाई उनीहरूको विचारलाई अरू विचारसँग परीक्षण गराउन सकिन्छ । यसरी परीक्षण गराउँदा शिक्षकले समूह निर्माण गरी छलफल गराउन सक्छ । तर, विद्यार्थीले उसको विचारको परीक्षण ऊ आफैंले गर्नुपर्ने हुन्छ ।

१०. कक्षाकोठामा विद्यार्थीहरूका उपायहरूलाई सहज रूपले लिनुपर्ने हुन्छ । विद्यार्थीका उपायलाई सीधै हुँदैन नभनी त्योभन्दा उत्तम उपाय खोज्न लगाउन सकिन्छ । विद्यार्थीलाई उपयुक्त समय प्रदान गर्न दिनुपर्दछ । विद्यार्थीलाई अरूको नक्कल गर्नेभन्दा आफ्नो विचारलाई ग्राह्यता दिने बानीको विकास गराउनुपर्दछ ।

ल्याउनका लागि विशेष विधि र विविध उपायहरू अपनाउने गरिन्छ । ती उपायहरू तपाईंसँग पनि छन् । यो कथा पढिसकेपछि तपाइँका अनुभव र उपायलाई समेट्ने गरी प्रतिविम्बनका रूपमा केही प्रश्नहरू राखिएको छ । कृपया *शिक्षक* मासिकको ठेगानामा प्रतिक्रिया पठाउनुहोला ।

## प्रतिविम्बन गर्नुहोस्

१. सुलभले आमासँग फोटोको एल्बम माग्नु र उसको 2+3=4 हुन्छ भन्ने कुराको के सम्बन्ध होला ?

२. सुलभले भिन्नमा ½+½= *1* हुने र नहुने विभिन्न अवस्थालाई प्रतिक्रिया दियो ? उसको सृजनशीलतालाई बढाउन के-के उपाय अपनाउन सकिएला ?

३. सुजनले सोधेपछि सरको प्रतिक्रिया आउनुका कारण के होलान् ? यो प्रश्न सुलभले सोध्दा सरको के प्रतिक्रिया हुन्थ्यो होला ?

४. सुजनले सोधेको प्रश्नको जवाफ पछि सरले के दिनुभयो होला ?

*(लेखक काठमाडौं विश्वविद्यालयका असिस्टेन्ट प्रोफेसर हुन् ।)*

रिचार्ड लेवलाङ्क, योर्क युनिभर्सिटी

# असल शिक्षण: दश पूर्वशर्त

१ असल शिक्षण (good teaching) भनेको विद्यार्थीमा पढाइ/सिकाइप्रति चाख जगाउनु मात्र होइन पढ्नु/सिक्नुको औचित्य अथवा कारण प्रस्ट्याउनु पनि हो । असल शिक्षण भनेको विद्यार्थीहरूलाई सिक्ने तरिका सिकाउने र उनीहरूले सिकेका कुराहरूलाई सान्दर्भिक, अर्थपूर्ण र चिरस्थायी गराउन मद्दत गर्नु हो ।

२ असल शिक्षणले सार सिकाउँछ । यसले विद्यार्थीहरूलाई ज्ञानका उपभोक्ता ठान्छ । असल शिक्षणले आफ्नो विषयमा उत्कृष्टता हासिल गर्न प्रेरणा दिन्छ । यसले आफ्नो विषयभित्र र बाहिरका विभिन्न स्रोत सामग्रीहरूको अध्ययन गर्न र सकेसम्म आफ्नो दक्षतामा धार लगाउन हौसला दिन्छ । असल शिक्षणले सिद्धान्त र व्यवहारबीचको फरकलाई कम गर्छ । असल शिक्षण भनेको फजुल कुराहरूलाई छोडेर आफूलाई आफ्नो विषयमा चुर्लुम्म डुबाउनु, कुराकानी गर्नु, अरूसँग परामर्श लिनु, सिकारुहरूलाई सहयोग गर्नु र समुदायहरूसँग सम्बन्ध विस्तार गर्नु हो ।

३ असल शिक्षण भनेको राम्रोसँग सुन्नु, प्रश्न गर्नु, जिम्मेवार हुनु र प्रत्येक विद्यार्थी र कक्षाहरू फरक-फरक हुन्छन् भन्ने कुराको हेक्का राख्नु हो । यो कक्षाकोठामा चुपचाप बस्ने विद्यार्थीका जिज्ञासालाई प्रस्ट पार्दै उनीहरूमा बोल्ने सीपको विकास गर्नु पनि हो । यो विद्यार्थीलाई अगाडि बढाउनु हो । यसले 'मानव' हुन, अरूलाई सम्मान गर्न र सदैव व्यावसायिक बन्न सिकाउँछ ।




**४** असल शिक्षण सधैं निश्चित एजेण्डा बोक्ने र कडा हुने मात्र होइन बरु लचकदार, तरल, परीक्षण गरिरहने र परिवर्तित परिवेशसँग जुध्ने र अनुकूल हुने आत्मविश्वासी हुने प्रवृत्ति हो। तपाईंले कक्षामा गर्न चाहनुभएको मध्ये केवल १० प्रतिशत मात्रै गर्न सक्नुभयो र तपाईं खुशी हुनुहुन्छ भने त्यो पनि असल शिक्षण हो। असल शिक्षण पाठ्यक्रम अथवा प्रवचन तालिका बाहेक अन्य अरु राम्रा सिकाइ सामग्री र तरिकाहरूको पनि उपयोग गर्नु हो।

**५** असल शिक्षण स्टाइल पनि हो। असल शिक्षण मनोरञ्जन दिने हुनुपर्छ। असल शिक्षण भनेको विद्यार्थीलाई दुवै हात बाँधेर बेञ्चमा राख्नु होइन। अथवा आँखा कालोपाटीमा मात्रै टाँसिरहनु मात्र पनि हैन। असल शिक्षणले कक्षाको प्रत्येक विद्यार्थीलाई काम लगाउँछ। असल शिक्षकले कक्षालाई रङ्गमञ्च ठान्छन् र आफूलाई उक्त रङ्गमञ्चको सञ्चालक जहाँ प्रत्येक विद्यार्थीले आ-आफ्नो दक्षताअनुसार भिन्न-भिन्न बाजा बजाउँछन्।

**६** असल शिक्षण रसपूर्ण हुन्छ। यो अनुशासित हुने तर त्यति धेरै गम्भीर नहुने शैली हो। असल शिक्षणले आफ्नै कुरामा हाँस्न समेत सिकाउँछ जसबाट विद्यार्थीहरूले रमाइलो गरी सिक्छन्, वातावरण सरस हुन्छ।

**७** असल शिक्षण विद्यार्थीको हेरचाह र उनीहरूको दिमाग तथा प्रतिभाको विकास गर्नु, प्रत्येक विद्यार्थीका लागि समर्पित रहनु हो। अथक रूपमा पाठ्यक्रमहरूको विकास र परिमार्जन गर्नु तथा प्रभावकारी शिक्षण सामग्री निर्माण गर्नु हो।

**८** असल शिक्षण सबल र विचारशील नेतृत्व, स्पष्ट संस्थागत सहयोग, स्रोत, साधन र जनशक्तिबीचको सन्तुलन हो। यसले सिङ्गै संस्थालाई समावेश गराउँछ। यो के भनिन्छ भन्ने कुराबाट होइन, के गरिन्छ भन्ने कुराबाट देखिने कुरा हो।

**९** असल शिक्षण वरिष्ठ र कनिष्ठ सहकर्मीबीच यस्तो सहकार्य हो, जहाँ वरिष्ठले कनिष्ठलाई शिक्षणसँग सम्बन्धित कार्यमा आफ्नो अनुभव र ज्ञानद्वारा आफू समान बनाउनेछ। प्रभावकारी शिक्षणलाई पुरस्कृत गरिनुपर्छ र कमजोर शिक्षणलाई तालिम र विकासका कार्यक्रमबाट हटाइनुपर्छ।

**१०** असल शिक्षण मजा लिनु, रमाइलो गर्नु हो। आनन्दको अनुभूति गर्नु र आफैं आनन्दित हुनु हो। विद्यार्थीहरूलाई ध्यान दिनु, उनीहरूसँग एकाकार हुनु, विद्यार्थीको अनुहारमा सिकाइपछिको चमक हेर्नु र आशावादी सपना देख्नु हो।

(स्रोत: www.appleseeds.org)

**प्रस्तुति: राजकुमार बराल**





# शिक्षक
## मासिक
## ग्राहक बन्नुहोस् !

| ग्राहक अवधि | बजार मूल्य (रू.) | ग्राहक मूल्य (रू.) |
|---|---|---|
| एक वर्ष (१२x३०) | ३६०/- | ३२०/- |
| दुई वर्ष (२४x३०) | ७२०/- | ६१०/- |

- हाललाई इच्छुक पाठकहरु हुलाकबाट प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयबाट अथवा पायक पर्ने पत्रपत्रिका पसलमार्फत् ग्राहक बन्न सक्नुहुनेछ।
- एजेन्ट भई *शिक्षक* मासिक बिक्री गर्न इच्छुक पत्रपत्रिका पसलहरूले निम्न ठेगानामा सम्पर्क गर्नुहोला।
पो.ब.नं. १६६, *शिक्षक* मासिकको कार्यालय, पाटनढोका, ललितपुर। फ्याक्स: ५५४११८६, फोन: ५५४८१४२, ५५४३२५२।

CLASSROOM

Imran Saifur

# Evolution of English

Today, English is the most popular language in the world because of its accessibility and, interestingly, coquettishness that allows it to be freely courted by the user.

IT is all too common these days to see people around the world manipulating the English language, be it online or during text messaging on mobile phones, by using acronyms such as "PCM -- Please Call Me" and "TTYL -- Talk to You Later," etc. This trend developed to accommodate the needs of the users, who are more diverse and faster changing than the language itself. But this mustn't be stigmatised as blasphemous to the integrity of English because these abbreviations are not amendments to the language but only show the limitations of the mediums used for communication.

For example, an online chatter, refusing to be limited by the sluggishness of key boarding on the PC, compensates by innovating abbreviations of expressions and tag words, such as "LOL -- Laughing Out Loud," to reduce the number of keystrokes. This cannot be termed as evidence of language transformation because "LOL" is not a new word, rather a tag for the larger expression.

But, yes, historically, since the first graphing, English has been being ceaselessly transformed by the transitory needs of civilisation. An article, titled "Transformation of English," which was printed in The Daily Star of Dacca on August 23, provides historical evidence of such linguistic transitions taking place within the English language.

It must be mentioned that the example




Peter DazeleyImran Saifur

English in 2020 !

of a computer virus named "Life is Beautiful" used in that article is not factual. In reality, this was a virus hoax (spam emails circulating fake stories about viruses) according to MacAfee and Symantec, and, hence, there never was a virus like that, only a fake story.

This particular chain email scam was rampant during 2002 and 2003, but traces of it may remain in the information superhighway from where the author, Professor M. Zahidul Haque, must have picked up the story. Moreover, even if it were a true story about some perilous virus, it would have no relevance with any aspect of language transformation.

Still, the good professor has picked up on the link between technology and language. Many of the newest words in English vocabulary, such as "blog," "mouse potato," "netiquette," "netizen" etc., have been inspired by modern technological innovations like the internet. And then there are those that are termed "buzz words," i.e. popular neologisms like "pod casts."

These truly are examples of English being transformed by technology. But it is not only technology that is amending English; other factors, such as popular culture, are also leaving their imprint on the language. The question then is whether such transformation is good or bad. It can be safely said that adding to the existing vocabulary of any language cannot be all bad, especially when such additions make up for the otherwise limited vocabulary that fails to suffice in expressing particular scenarios in everyday reality. But perhaps this matter can best be taken up by covering more background.

Slang, profane or not, and colloquialisms are changing English. Because of these local contributions to the global language, new words are being introduced and old words are being reassigned new meanings. For example, "cool" is a slang which once was a part of the subculture of rock musicians and connoisseurs but has now made its way into mainstream spoken English. Though "cool" hasn't yet established itself in written English, apart from pop literature, it is only natural that it may soon not be slang anymore. There have been examples of this sort, like "mob."

Colloquialisms like "trash," an American produce from, shockingly, Scandinavian, not Native American, roots, are as original as any other lexis in English. Today, slang and colloquialisms are taught in ESL classes, proving that these words are no longer clandestine mutants of the language but are symbols of the wholesome evolution of English.

So, yes, English is being transformed everyday by its users. It is changing, and change is often dubbed as deterioration by conservatives. The world, along with all its florae and fauna, is evolving. Species which keep up with this global evolution survive and those which fall behind die. History bears testimony to the tide of time that antiquates cultures and ideologies that lack the ability to transform on demand. Hence, we see many languages, rich in their time, being virtually cast aside to make way for sustainable dialects like modern English.

Because of lexical evolution, English has lost much of its Shakespearean gravity. But that doesn't make today's Maya Angelou a lesser poet. In truth, English today is no less expressive than it was before the Renaissance.

> English has lost much of its Shakespearean gravity. But that doesn't make today's Maya Angelou a lesser poet. In truth, English today is no less expressive than it was before the Renaissance.


Language is a tool that humans have created and constantly modified in order to inter-communicate comprehensively. Today, English is the most popular language in the world because of its accessibility and, interestingly, coquettishness that allows it to be freely courted by the user. The transformation of English language, therefore, is indeed progressive because such changeability makes English sustainable.

Those who call for preserving the "originality" of the language are, no doubt, noble because of their dedication to the "origin," but they fail to realise that the language exists for the need of the user, not the other way. Modern English has changed and will continue to do so. This is what makes it the "coolest" language in the world.

*(Saifur is HR Trainer (English Language), Tullow, Bangladesh.)*
*Source: www.thedailystar.net*

## फिल्म

प्रज्ञा तिमल्सिना




# 'दि रेड बेलुन' बाल मनोविज्ञान बुझ्न सघाउँछ

अन्दाजी ७/८ वर्षको बालक पास्कल एकदिन फ्रान्सको राजधानी पेरिसको सडकै-सडक स्कूल गइरहँदा बाटोमा हावा भरिएको ठूलो रातो बेलुन देख्छ। बडो सावधानीका साथ पर्खालमाथि चढेर च्याप्प बेलुनको धागो समात्न समर्थ भएकोमा मख्ख पर्छ। बेलुनसँग खेल्दै जाँदा ऊ अरूभन्दा अलि ढिलो कक्षामा पस्छ। कक्षाकोठामा पनि पास्कल त्यतिकै बस्न सक्दैन। भर्खर हात परेको नयाँ खेलौनामा उसको बालमस्तिष्क तानिरहन्छ र घरी-घरी झ्यालबाट बाहिर बेलुन उडाइरहन्छ। कक्षा सकिएपछि पनि ऊ बेलुनसँग खेल्दै खेल्दै आफ्नै सुरमा घरतिर लाग्छ।

पास्कललाई लाग्छ, बेलुनको पनि आफ्नै दिमाग हुन्छ। सोही दिमागको सहायताले आफूलाई सञ्चालन गर्छ। त्यसैले उसले बेलुन हातबाट छोड्ने बेलामा बेलुनलाई हातले इशारा गरेर केही भन्न खोज्छ। बेलुन पनि उसले भनेको मानेझैं गरी बाटोमा घरी अघि घरी पछि गर्दै पछ्याउँदै यात्रामा साथ दिएको प्रतीत हुन्छ। एक दिन स्कूल जाने बेलामा गाडी चढ्नुअघि पास्कलले बेलुनलाई हातबाट छोडिदिन्छ र बेलुनलाई केही कुरा भन्छ।

> **पास्कललाई लाग्छ, बेलुनको पनि आफ्नै दिमाग हुन्छ। सोही दिमागको सहायताले आफूलाई सञ्चालन गर्छ। त्यसैले उसले बेलुन हातबाट छोड्ने बेलामा बेलुनलाई हातले इशारा गरेर केही भन्न खोज्छ।**

पास्कल जहाँ गाडीबाट झर्छ, संयोगवश बेलुन त्यति नै बेला त्यही ठाउँमा पुग्छ। बेलुनको पनि दिमाग हुन्छ र दिमागका इशारामा नै बेलुन चल्ने गर्छ भन्ने आफ्नो अनुमान सत्य भएको उसलाई भान पर्छ। रातो रंगको ठूलो अनि देख्दै आकर्षक लाग्ने बेलुन पास्कलले उडाएर हिँडेको देखेपछि अरू केटाकेटीहरूको पनि मन त्यतैतिर तानिनु अस्वाभाविक होइन। सबैले पास्कलको बेलुनलाई पछ्याएर दौडन्छन्। तर कसैले पनि बेलुन समात्न नपाउँदै कक्षा शुरु भएको जनाउ आउँछ। अनि बेलुन त्यतिकै छोडेर सबैजना कक्षाकोठातिर दौडन्छन्।

हावामा उडिरहेको बेलुन झ्यालबाट अनायास कक्षाकोठामा पस्न पुग्छ। बेलुन कक्षाकोठामा पुगेपछि केटाकेटीहरू सबैले कराउँदा स्वाभाविक रूपमा होहल्ला हुने नै भयो। यो हल्लाको आवाज प्रिन्सिपलको कानसम्म ठोक्किन पुग्छ। एक्कासी आएको हल्लाबाट प्रिन्सिपल रीसले आगो हुन पुग्छन् र फटाफट कक्षामा पस्छन्। हिलियम ग्याँस भरिएका कारण बेलुन यसरी माथि माथि उडेको हो भनेर अबोध केटाकेटीलाई बुझाउने महत्त्वपूर्ण अवसर हो भन्ने कुरा उनको दिमागमा फुर्दैन। त्यसैले बेलुनलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्नतिर लाग्दैनन्। उल्टै पास्कललाई पाखुरामा च्याप्प समातेर तान्दै कक्षाबाट बाहिर निकाल्छन्। खाली कोठा खोलेर चुपचाप भित्र धकेलिदिँदै बाहिरबाट ताला मारिदिन्छन्। एउटा अबोध बालक ठूलै अपराधीझैं थुनिन पुग्छ। दिनभर थुनिँदा पनि कोही कसैले थुनिएको पास्कलको विषयमा चासो देखाउँदैनन्। बालक आफैंले बरु बेलाबेलामा आफ्नो प्यारो खेलौना बेलुन कता पुग्यो होला भन्ने बालसुलभ जिज्ञासामा बाहिर चियाइरहेको हुन्छ।

हावामा उडिरहेको बेलुन यताउता गर्दा बेलाबेलामा प्रिन्सिपलको टाउकातिर पनि छुन पुग्छ। त्यतिबेला उनी बेलुन नै फुटाइदिउँला जसरी रिसाउँछन्। दिनभरि खाली कोठामा थुनिएको बालकलाई उसका सबै साथीहरू घर फर्किसकेपछि मात्र बाहिर निकालिन्छ। उसमाथि कुनै सहानुभूति देखाउनुको सट्टा उल्टै प्रिन्सिपलले तर्साएर 'तँ यहाँबाट तुरुन्त भागिहाल्' भनेर कराउँछन्।

तर प्रिन्सिपलको दुर्व्यवहारले पास्कललाई कुनै असर गर्दैन। ऊ हातमा बेलुन खेलाउँदै र उडाउँदै मन्द गतिमा घर फर्किन्छ। बाटोमा उसले आफूजस्तै सानी केटीलाई भेट्छ जसको हातमा नीलो बेलुन हुन्छ। अगाडि बढ्दै जाँदा उसलाई सडकमा खेल्दै गरेका अरू केटाहरूले त्यही रातो बेलुनका लागि पछ्याउँछन्। अनेक तरहले छल्दै र भाग्दै पास्कल आफ्नो बेलुन जोगाउन सक्दो प्रयास गर्छ। तर, लखेट्दै आएका केटाहरूको जमातले अँठ्याएपछि उसको केही जोर चल्दैन। अनि आफ्नो हातमा रहेको बेलुनको डोरी फुत्काएर उसले हावामा छाडिदिन्छ। अन्ततः गुलेली हानेरै भए पनि ती बदमास केटाहरूले बेलुन फुटाएरै छाड्छन्। रातो बेलुनको हिलियम ग्याँस हावामै मिसिन्छ र खुजमुजिएको खोल मात्र भुईंमा खुत्रुक्क खस्न पुग्छ।


ठीक त्यसैबेला पेरिस शहरमा अरू थुप्रै रङ्गीचङ्गी बेलुनहरू आउँछन्। यी सबै बेलुनका धागोलाई एकैठाउँमा समातेर बेलुनहरूलाई एकठाउँमा ल्याउन पास्कल सफल हुन्छ। अनि ऊ तिनै बेलुनको धागाहरूमा झुण्डिएर पेरिस शहर माथि आकाशमा विचरण गर्छ। एउटा बेलुन फुटे पनि बेलुनजस्तै हावामा उड्ने बालकको चाहना अन्ततः पूरा भइछाड्छ। यो उत्कर्षसँगै मात्र ३४ मिनेटको फिल्म सकिन्छ।

फिल्मको कथा लेखन, निर्देशन तथा उत्पादन सबै अलबर्ट लामोरिजीले गरेका हुन्। सन् १९५६ मा फ्रेन्च भाषामा बनेको यो फिल्म बालबालिकासम्बन्धी बनेका पुराना सिनेमामध्ये एक मानिन्छ। फिल्मको कथावस्तुबाट मूलतः दुईवटा सार खिच्न सकिन्छ। पहिलो, प्रिन्सिपलले बालमनोविज्ञानलाई बुझेर तदनुरुप केटाकेटीसँग व्यवहार गर्नुपर्छ। दोस्रो, बेलुन जस्ता आफ्नो स्कूल या वरिपरि सहजै उपलब्ध हुने वस्तुहरूलाई समस्याका रूपमा नलिई विद्यार्थीलाई नयाँ ज्ञान दिने महत्त्वपूर्ण शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ र गर्नुपर्छ।

# फुर्सद



## शब्द खेल-१३



नामः ______________________

ठेगानाः ______________________

### तेर्सो

१) आड लिने वस्तु वा ठाउँ
३) सीमा नभएको, हदबन्दी नभएको; अपार
५) हरितालिका
७) पत्ता/पता
८) कुनै वस्तुको महत्व, मूल्य आदि निर्धारण गर्ने गुण; योग्यता; मर्यादा; कोटि
१०) पानीमा हावा लाग्दा उठ्ने छाल
१२) काठमाडौंको वसन्तपुरमा यो गाडेपछि फागुपर्व शुरू भएको मानिन्छ
१३) नुनिलो पदार्थ
१५) जंगल
१६) बाँस, निगाला आदिको चोयाले बुनेको; अन्नपात राख्ने, फराकिलो मुख भएको केही गहिरो भाँडो
१७) नेपालको एक प्रसिद्ध ताल
१८) कुनै विषयवस्तुप्रति मनमा उठ्ने प्रबल इच्छा/अभिलाषा
२०) गोरूले तानेर खेतबारी जोत्ने साधन
२२) भिरालो परेको बारी; भित्ते जग्गा
२३) चामल नुन मिसाइ धेरै पानी हाली पकाएको गिलो भात
२५) लोग्ने/श्रीमान्
२७) काठ, बाँस, घोचा आदिको छेका वा एक प्रकारको पर्खाल
२८) घुइँचो/हूल
३०) पोथी सर्प/सर्पिणी
३१) कुनै काम गर्न जाग्ने उत्कट इच्छा; उत्कण्ठा

### ठाडो

१) ईस्वी संवत् अनुसार आठौं महिनाको नाम
२) पतिको शवसँगै चितामा जलेर मर्ने स्त्री
३) नबिराएको कुरामा लगाइएको दोष वा आरोप/फतुर
४) नेपालका एक जनजाति
६) पानी
७) टाढा/दूर
९) संकट वा दुखद् अवस्थामा उद्धार गर्ने काम/बचाउ
११) चिताएको कुरा पुग्दा मनमा हुने आनन्द
१२) नेपालको एक छिमेकी देश
१४) परस्परमा हुने झैझगडा/ठूलो हूलदंगा/होहल्ला
१५) विष्णुका दश अवतारमध्ये तेस्रो अवतार
१८) भ्रूटो काम वा व्यवहारद्वारा अरूलाई छकाउने वा ढाँट्ने काम
१९) रगत आउने गरी भएको चोट
२१) हराउने वा नदेखिने स्थिति/अलप/गायब
२२) अतिथि
२३) पोइल गएकी स्त्रीको पहिलो लोग्नेले नयाँचाहिंलाई भन्ने शब्द
२४) लोभ गर्ने/लालची
२६) यमपञ्चक/दिपावली
२७) स्वभाव/आदत/लत
२९) भय/त्रास

## आयुर्वेदः तुलसीका फाइदा

तुलसी असाध्यै गुणयुक्त जडिबुटी हो । प्राचीनकालदेखि नै तुलसीको बोटलाई हिन्दू धर्मावलम्बीहरूले देउता मानी पूजा गर्दै आइरहेका छन् । तसर्थ तुलसीको बोट भनेको हिन्दूहरूले मात्र आ-आफ्नो घरमा रोप्ने हो भन्ने भ्रम छ । वास्तवमा तुलसी जसको घरमा पनि रोप्न सकिन्छ र यसलाई औषधिको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

तुलसीको रसमा भिटामिन 'बी', क्यारोटिन, क्याल्सियम र फस्फोरसको मात्रा प्रशस्त हुन्छ । यी बाहेक यसमा एन्टि ब्याक्टेरियल, एन्टि फंगल र एन्टि भाइरस तत्व पनि छ । तुलसीलाई हामी यसरी पनि प्रयोग गर्न सक्छौं -

१) खोकी लागेको छ भने तुलसीको पातको रस, मह र अदुवाको रस- यी तीनै थोक बराबर मात्रामा मिलाएर पिउँदा खोकी कम भएर जान्छ ।
२) आगोले पोलेमा तुलसीको चारपाँच वटा पात मलेर पोलेको ठाउँमा लगाइदिँदा जलन शान्त भएर जान्छ ।
३) तुलसीको पात सफा पानीमा हालेर भिजाउनुस्, अनि ज्वरो आइरहेको बिरामीलाई त्यो पानी २-३ घण्टा बिराएर पिउन दिनुस् । तुलसी, दालचिनी र ल्वाङ- यी तीनै थोक मिसाएर काढा बनाउनुस् र पिउन दिनुस् ज्वरो घट्न थाल्छ ।
४) तुलसीको पात २-४ वटा चपाएर खानुस्, टाउको दुखेको निको हुन्छ । टाउको निकै नै दुखेको छ भने तुलसीको तेल २-३ थोपा तातोपानीमा टप्काउनुस्, अनि त्यो पानी पिउनुस् अथवा तुलसी-चिया पिउनुस् ।
५) कान दुखेको बेलामा तुलसी-तेल कानमा हालिदियो भने दुखाइ कम भएर जान्छ ।
६) वाकवाकी लागेको छ वा बान्ता भएको छ भने तुलसीको रस पिइदिनुस्, सञ्चो हुन्छ ।
७) दम, खोकी, रूघा, पिनास र घाँटीसँग सम्बन्धित अरू रोगहरूमा पनि तुलसी सेवनले फाइदा गर्छ ।
८) पेट दुखेको बेलामा पनि तुलसीको रस पिइदिनाले फाइदा गर्छ ।

**नियमः** शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञानको सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० मङ्सिर २०६६** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

**इलाम**
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

**झापा**
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दमक: ०२३-५८४१२५, ९८४२६२०७५७

जीविका इन्टरप्राइजेज
बिर्तामोड: ९८४२६२४६७७

**मोरङ**
वाणी प्रकाशन
विराटनगर: ०२१-५२८१२०, ९८०४३०१४४१

कट्टेल डिष्ट्रिब्युसन एजेन्सी
विराटनगर: ९८५२०२२५३३, ०२१-५३२३८७

**रौतहट**
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर : ०५५-५४०५०२

**सङ्खुवासभा**
शिखर बुक्स एण्ड स्टेशनरी
खाँदबारी : ०२९-५६०००७, ९८४२०५१६८४

**खोटाङ**
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल : ०३६-४२०२३२, ९८४२८४९२३२

**उदयपुर**
अनुप पुस्तक पसल
कटारी : ०३५-४५००१३, ९७४३००८१३३

**भोजपुर**
त्रिवेणी छापाखाना
०२९-४२०१९०

**पाँचथर**
सरस्वती पुस्तक पसल
फिदिम : ०२४-६९००८३

**ताप्लेजुङ**
सरस्वती पुस्तक पसल
०२४-४६०१७१

**सिरहा**
सीता नोबेल न्युज सेन्टर
लहान-१ : ०३३-५६००२७, ९८४२८२००८१

**सिन्धुली**
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार : ०४७-५२००२५

**रामेछाप**
जे.एन. पुस्तक पसल
मन्थली : ०४८-५४०३१०, ९७४१०५००११

मिलिजुली पुस्तक तथा स्टेशनरी
मन्थली : ०४८-५४००८३

**दोलखा**
हारती स्टेशनरी एण्ड सप्लायर्स
भीमेश्वर : ०४९-४२१३२७, ९८४४०६५४६६

जिरी स्टेशनरी
जिरी : ०४९-६९०४७८, ९७४४००१०१६

**सिन्धुपाल्चोक**
केशव स्टेशनरी
चौतारा : ०११-६२०२२६, ९८४१९२४४३७

**भक्तपुर**
न्यू कस्टोमर सोलुसन
सूर्य विनायक : ९८०३०८१५०२

**काठमाडौं**
ए.बी.जी. स्टेशनरी
बुढानिलकण्ठ : ०१-४३७७४९५

रवि न्यूज हाउस
फर्पिङ : ९८४१२७८९२३

**सर्लाही**
गणेश स्टेशनरी
लालबन्दी : ०४६-५०११३८

**काभ्रे**
प्रगति पुस्तक पसल
बनेपा : ०११-६६१२५७, ९८४१६०६५०६

श्रेष्ठ ट्रेडर्स
पनौती : ०११-४४००५४, ९८४१४७४९५१

सञ्जय स्टोर
धुलिखेल : ०११-४९०४६४, ९८५१०६३४३४

**बारा**
गौरीशङ्कर पुस्तक पसल
निजगढ : ०५३-५४०१९२, ९८४५०३४९७१

**पर्सा**
माइस्थान बुकसप
वीरगन्ज : ०५१-५२३४५०

**मकवानपुर**
समाचार केन्द्र
स्कूल रोड, हेटौंडा : ९८४५१०५०७१

**चितवन**
नारायणी पुस्तक सदन
नारायणगढ: ०५६-५२१२८०, ९८४५०६३९२३

**नुवाकोट**
उत्सुक जेनेरल स्टोर
बिदुर : ०१०-५६०४१९

**धादिङ**
त्रिपुरा पुस्तक पसल
धादिङवेसी : ०१०-५२०१९०

न्यू धादिङ स्टेशनरी
निलकण्ठ : ०१०-५२०६६५

हिमाल बुक्स एण्ड स्टेशनरी
धादिङ, बैरेनी : ०१०-५२९२६०

**नवलपरासी**
मिलन पुस्तक पसल
सुनवल : ०७८-५७०२११, ९८४७०२२१०८

**तनहुँ**
गण्डकी पुस्तक पसल
दमौली : ०६५-५६०१२८, ९८५६०२४४५६

अविद स्टेशनर्स
डुम्रे : ०६५-५८००५५, ९८४६०६०८०१

**लमजुङ**
झरना पुस्तक पसल
बेसीशहर : ०६६-५२०५१०, ९८४६०९९८३६

**गोरखा**
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग : ०६४-४२०१६३, ९८५६०२७३७५

**पर्वत**
जय दुर्गा स्टेशनरी
कुस्मा : ०६७-४२०२९३

**गुल्मी**
रेसुङ्गा विज्ञापन सेवा
तम्घास : ०७९-५२०६८६, ९८४७०७२८२६

**रूपन्देही**
सरल स्टेशनरी केन्द्र
भैरहवा : ०७१-५२१७३४, ९८४७०२३२२९

विशाल पुस्तक पसल
बुटवल : ०७१-५४६५५९

**पाल्पा**
श्रेष्ठ न्युज एजेन्सी
तानसेन : ०७५-५२०१८२

**अर्घाखाँची**
उमेश छापाखाना
सन्धिखर्क : ०७७-४२०१७०

**दाङ**
खनाल पुस्तक पसल
भालुबाङ : ०८२-५८०१५८

रावल पुस्तक पसल
लमही, फोन : ०८२-५४००८०

जनता बुक स्टल
घोराही, फोन : ०८२-५६०२६९, ९८४७८३२१५४

**बाँके**
हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज : ०८१-५२३८४८

**बर्दिया**
जनप्रिय पुस्तक पसल
गुलरिया : ०८४-४२०२११

न्यू अर्याल पुस्तक पसल
भुरिगाउँ
फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

**सुर्खेत**
संगम पुस्तक पसल,
सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६

अल्फा स्टेशनरी
बुद्धपथ : ०८३-५२११३७

**दैलेख**
शर्मा स्टेशनरी
दैलेख: ०८९-४२००७४, ९८४८०६२८९६

**कैलाली**
निलम पुस्तक पसल
अत्तरिया : ०९१-५५०७३८, ९८५८४२०७३८

**कञ्चनपुर**
महाकाली समाचार केन्द्र
महेन्द्रनगर : ०९९-५२१६५३

**अछाम**
भावुक स्टेशनरी
साँफेबगर : ०९७-६९०१९४, ९७४१११९२९७


**डडेलधुरा**
तारापुञ्ज स्टेशनरी
०९६-४२०१९५, ९७४१०४७५४०

**दार्चुला**
चौलानी पुस्तक पसल
गोकुलेश्वर : ०९३-६९०३३८, ९७४१११८९२५

**बाँके**
न्यू त्रिवेणी पुस्तक सदन
धम्बोजीचोक: ०८१-५२२५६३, ९८४८०२२७९९

यहाँहरूलाई उपलब्ध भइरहेको शिक्षक मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।

# अन्ताक्षरी-१३




**नाम:** _ _ _ _ _ _ _ _

**ठेगाना:** _ _ _ _ _ _ _ _

१) वर्णन गर्न वा भन्न नसकिने (५)
२) चार वेद मध्ये यज्ञ यागादिका विधिको वर्णन भएको एक वेदको नाम (४)
३) हस्ताक्षर/सही (४)
४) कुनै काम कुराको इन्तजाम; बन्दोबस्त (४)
५) एकै बाबुबाट जन्मिएका छोराहरूमध्ये छैटौं (३)
६) सत्ताइस नक्षत्रमध्येको आखिरी नक्षत्र (३)
७) नीम, चिराइटो आदिका स्वादको (२)
८) कुनै विषयवस्तु वा कामकुरालाई तोड्ने र बङ्ग्याउने काम (५)
९) जंगल आदिमा लागेको वा लगाइएको आगो (३)
१०) दुनियाँमा भएको बदनामी; लोकनिन्दा (५)
११) साउने संक्रान्तिदेखि पुस मसान्तसम्मको समय/उत्तरायणको उल्टो समय (५)
१२) मुसलमानहरूले प्रतिदिन पाँचपटक कुरान पढी गर्ने ईश्वर प्रार्थना (३)
१३) मानिसहरू सरसल्लाह गर्नको निमित्त भएको भेला (४)
१४) घाउको पीडा; टन्को; जलन (३)
१५) कलमकै भरमा परिश्रम गरेर जीविका चलाउने (५)
१६) वीर वा वीरताको वर्णन; वीरस्तुति (४)

## शब्दखेल-११ को सही उत्तर

ठाडो: १) पत्र २) कागजी ३)अनुदान ४) नत्थी ६)समायोजन ७) वसा ९) वरदायक १२) मादल १७) गण्यमान्य १८) तन २२) रसिक २३) घाँस २५) हाट

तेर्सो: १) पताका ३) अध्यापन ५) धनु ६) सजीव ८) दानव १०) जामा ११) सामान १३) रमा १४) योद्धा १५) सादा १६) काज १७) गलत १९) यत्न २०) नगण्य २१) नरक २४) मासा २६) सर्वमान्य २७) कन्चट

## अन्ताक्षरी-११ को सही उत्तर

१) अँगालो २) लोहोरो ३) रोजगार ४) रुवा ५) वाक्यांश ६) शतवार्षिक ७) कचमच ८) चकचके ९) केरकार १०) रवाफ ११) फटाहा १२) हानाहान १३) नखरमाउलो १४) लोकसेवा आयोग १५) गतिशील १६) लत

## पुरस्कार विजेताहरू

**शब्दखेल-११** को सही समाधान पठाउने १३ सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *राजु बुढाथोकी* लाकुरी डाँडा प्रावि, दोलखा ।

**अन्ताक्षरी-११** को सही समाधान पठाउने ६ सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *बरलाम दोरङ्गा,* जनप्रिय मावि, भाटखोला, स्याङ्जा ।

**सुडोकु-११** को सही समाधान पठाउने ८ सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *कान्तिबहादुर रायमाझी,* दुर्गानिधि प्रावि, चुल्हेपानी-४, रामेछाप ।

**सामान्यज्ञान-११** को सही समाधान प्राप्त हुनसकेन ।

विजेताहरूलाई बधाई !


**मकालु यातायात बस सेवा**

हेड अफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**


| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौंडाः ०४७-२०५३५ ।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध


प्रकाशित भयो ! प्रकाशित भयो !! प्रकाशित भयो !!!
नेपाल सरकार शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमीबाट तयार पारिएको अंग्रेजीमा अनुवादित
नयाँ संस्करणका कक्षा १ देखि कक्षा १० सम्मका सम्पूर्ण बिषयका
पाठ्यपुस्तकहरु बजारमा आइसकेको
कुरा सबै अभिभावक र विद्यार्थी वर्गमा
अनुरोध गर्दछौं ।
My Social Studies
Our Social Studies
My Science, Health and Physical Education
Mathematics
Science
Social Studies
My Mathematics
NSPK
नेपाल साहित्य प्रकाशन केन्द्र
आनन्द भैरव मार्ग घर नं ४९, ज्ञानेश्वर, काठमाडौं
फोन: ४४३५८५६, ४४११६५२, ४४१७७०९, फ्याक्स: ९७७-१-४४२०९९०
इमेल: nspk@mail.com.np


तपाइँ जहाँ भएपनि...
नेपाल एफ.एम नेटवर्क
Nepal FM
91.8
N
तपाईंको रेडियोसेटमा......
मेचीदेखि कालापानीसम्म
कञ्चनपुरदेखि कञ्चनजङ्घासम्म
र, इन्टरनेटमा......
www.nepalfmnetwork.com
www.mazzako.com मार्फत संसारैभरि
विस्तृत जानकारीका लागि :: नेपाल एफएम 91.8, रविभवन काठमाडौं ● फोन: ४२८९१२३, ४२८९१२१ ● इमेल:: radio@nepalfmnetwork.com

# सुडोकु–१३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | | | | | ५ |
| | | | | ६ | | ७ | | ३ |
| ९ | | ३ | | | २ | | | |
| | | ९ | | | | | | ४ |
| ६ | ७ | ४ | | २ | | ९ | ५ | ८ |
| ३ | | | | | | १ | | |
| | | | ७ | | | २ | | ६ |
| १ | | २ | | ४ | | | | |
| ४ | | | | | ८ | | | |

**नाम:** __ __ __ __ __ __ __ __ __ __

**ठेगाना:** __ __ __ __ __ __ __ __ __ __

# सुडोकु–११ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | २ | ४ | ७ | ६ | ३ | ५ | ८ |
| ४ | ३ | ५ | २ | ९ | ८ | ७ | १ | ६ |
| ६ | ८ | ७ | ५ | १ | ३ | ४ | २ | ९ |
| ३ | ४ | १ | ९ | ५ | ७ | ६ | ८ | २ |
| ७ | २ | ८ | ३ | ६ | १ | ५ | ९ | ४ |
| ५ | ६ | ९ | ८ | २ | ४ | १ | ३ | ७ |
| २ | ९ | ३ | ६ | ४ | ५ | ८ | ७ | १ |
| १ | ५ | ६ | ७ | ८ | २ | ९ | ४ | ३ |
| ८ | ७ | ४ | १ | ३ | ९ | २ | ६ | ५ |

# सामान्यज्ञान–१३

१. महान् खगोल वैज्ञानिक ग्यालिलियोको स्मरण गर्दै संयुक्त राष्ट्रसंघले एउटा वर्षलाई 'अन्तर्राष्ट्रिय खगोल वर्ष' का रूपमा मनाउने घोषणा गरेको छ । त्यो वर्ष (ईस्वी सन्) कुन हो ?

२. भान्छामा खाना पकाउने ग्यौँसलाई हामी LPG (Liquefied Petrolium Gas) मात्र भनेर चिन्छौं । तर, त्यो चारथरीका ग्याँस मिसाएर बनाइएको हुन्छ । ती चारवटा ग्याँसको नाम भन्न सक्नुहुन्छ ?

३. साम्यवादी अर्थात् कम्युनिष्ट शासन प्रणाली भएका मुलुक विश्वमा कतिवटा बाँकी छन् ?

४. नौलखा मन्दिर नेपालको कुन प्रसिद्ध तीर्थस्थलको आकर्षण हो र त्यो कुन जिल्लामा छ ?

५. फोटो चिन्नुहोस्: यो ठूलो घरमा नेपाल सरकारको कुन मन्त्रालय बसेको छ ?



## सामान्यज्ञान–११ को सही उत्तर

१. प्याजमा सल्फर (sulpher) युक्त चिल्लो पदार्थ हुन्छ । त्यसको बास्ना मात्रै तीखो (sharp odour) हुँदैन, आँखा पनि पोल्छ ।

२. गेरहार्ड क्रेमर (Gerhard Kremer) ले पृथ्वीको गोलाकार समेत झल्काउने गरी सन् १५६९ मा बनाएको विश्वको नक्सा । त्यो नक्सा खोल्दा सुन्तला छोडाउँदा बोक्रा तन्किएर बन्ने आकृति जनाउने भएकोले 'The orange peel effect' को प्रयोग हुने गरेको हो ।



३. 'गधा बुद्धिमान कि गुरू ?' शीर्षकको निबन्ध 'लक्ष्मी निबन्धसङ्ग्रह' मा पढ्न पाइन्छ ।

४. ४९% । शिक्षा मन्त्रालयको पछिल्लो आँकडा अनुसार स्कूल तहमा अध्ययनरत कुल ६९ लाख ९ हजार छात्रा छन् ।

५. नौ वटाको नाममा वैज्ञानिक नाम Nepalensis जोडिएको छ ।

# झटारो हानेको त पुरस्कार पो पाइएछ !



डम्बरकृष्ण श्रेष्ठ

**शान्ता गौतम (५०)**
**फिदिम उच्च मावि, पाँचथर**

**कति भयो पढाउन थाल्नुभएको ?**

२०३५ सालमा फिदिम माविमा स्टोर किपरको काम पाएँ । २०३६ सालमा एसएलसी उत्तीर्ण गरेपछि स्थायी शिक्षकमा नियुक्ति पाएँ। अहिले पनि त्यही स्कूलमा कक्षा ५ सम्मलाई पढाउँदैछु। पढाउन थालेको नै ३० वर्ष भयो।

**शिक्षक भएकोमा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

म सन्तुष्ट छु। कक्षामा गीत गाएर, नाच-गान गराउँदै अक्षर चिनाउने गर्छु। पढाउँदा पढाउँदै धेरै बालगीतहरू पनि लेखेकी छु। 'हाम्रा गीतहरू' नामक बालगीतको पुस्तक त प्रकाशित पनि भएको छ।

**तपाईँले लेख्नुभएको 'आज हामी साना फूलका कोपिला...' बोलको दुई कक्षाको कक्षागत गीत बनेछ नि ?**

२०५० सालमा शिक्षा विभागले कक्षागत गीतहरू पठाउन आह्वान गरेको थियो। आँखा चिम्लेर झटारो हानेको त छनोटमै परेछ। रु.५ हजार पुरस्कार पनि पाइयो।

**विद्यार्थीलाई कत्तिको थप्पड लगाउनुपर्छ ?**

मैले लट्ठी कहिल्यै बोकिनँ। र, थप्पड पनि हानेकी छैन। कहिलेकाहीं उद्दण्डता ठीक पार्न कान समातेर उठबस भने गराएकी छु। कन्सिरी तान्ने र सामान्य पिटपाट त विद्यार्थीकै भलाइका लागि पनि आवश्यक हुन्छ।

**बढाउने बाहेक अरू के-के गर्नुहुन्छ ?**

विद्यालयको समयपछि महिला समूहहरू गठन गर्ने लगायतका चेतनामूलक कार्यमा सरिक हुँदै आएकी छु। नारी विकास संघ, मानवअधिकार चेतना र विकास केन्द्र (हुडेक) नेपाल जस्ता संस्थाहरूमा पनि आवद्ध छु। शिक्षक नभएको भए शायद यस्तै सामाजिक काममा लागिन्थ्यो होला।

**राजनीतिमा चाहिँ कत्तिको रुचि छ ?**

मलाई मन पर्दैन। राजनीतिको 'र' पनि उच्चारण गर्दिनँ। शिक्षकले राजनीति गर्नुहुँदैन, रुचि र चासो भए पनि त्यो सीमाभित्र हुनुपर्छ। शिक्षकको जागिर खाएर भविष्यका सन्ततिलाई दिने समय राजनीतितिर लगाउनु उचित हुँदैन।

**तपाईंको आदर्श शिक्षक ?**

मेरो न्वारान गर्ने अनि विद्यालयमा मलाई पढाउने र सँगै शिक्षणसमेत गर्नुभएका फिदिमकै रामचन्द्र तिम्सिना मेरा आदर्श हुन्। हाल उहाँ ८० वर्ष पुग्नुभएको छ। उहाँको पढाउने शैली एकदम राम्रो लाग्थ्यो।

**पत्रपत्रिका र पुस्तक कत्तिको पढ्नुहुन्छ ?**

कक्षामा पढाउनका लागि किताबी ज्ञानले मात्रै पुग्दैन। त्यसैले धेरै पत्रपत्रिका तथा समाज र साहित्य बुझाउने पुस्तकहरूको अध्ययन गर्छु। विद्यार्थीहरूलाई सच्चा नागरिक बनाउन पनि बाहिरी खुराकहरू दिन जरुरी हुन्छ।

**शिक्षक भएर ध्यान दिनुपर्ने कुरा के के हुन् ?**

बालबालिकाको मनोविज्ञान बुझ्नु पऱ्यो। कक्षामा कस्ता क्रियाकलाप गर्दा उनीहरू खुशी हुन्छन् र अध्ययनमा चाख लिन्छन् भन्नेकुरामा बढी ध्यान दिनुपर्छ।

**अरू शिक्षकलाई कस्तो सल्लाह दिन चाहनुहुन्छ ?**

शिक्षकले किताबी ज्ञान मात्र लिएर हुँदैन, बाहिर समाज र संसारको अध्ययन पनि जरुरी हुन्छ। अन्य पुस्तक, पत्रिका पढेर चाखलाग्दा र नयाँ समाचार कक्षामा सुनाए सबै विद्यार्थीको प्रिय बन्न सकिन्छ।

**शिक्षक भएकोमा कहिलेकाहीं पछुतो पनि लाग्छ कि ?**

त्यस्तो त लाग्दैन। अरु धेरै पढ्न पाएको भए झन् केही गर्न सकिन्थ्यो भन्ने भइरहन्छ। एसएलसीपछि क्याम्पसमा खुट्टा त हालें तर बच्चा हुर्काउने एवं घरव्यवहारले गर्दा पढाइ अघिबढ्न सकेन।

**परिवारबाट कत्तिको सहयोग पाउनुभएको छ ?**

ससुरा तीर्थराज गौतम पाँचथर मेलबोटेमा शिक्षक हुनुहुन्थ्यो। श्रीमान् माधवप्रसाद गौतम पनि फिदिम उमाविमै शिक्षक हुनुहुन्छ। हाम्रो पारिवारिक माहोल नै शिक्षणमय भएकोले शिक्षक भएर काम गर्न कुनै अप्ठ्यारो परेन।

**डम्बरकृष्ण श्रेष्ठ**

Discount Coupon
यो कुपनको साथमा Step 1 पूर्वप्राथमिक बालविकास शिक्षक तालिममा
१० प्रतिशत छुट पाउनुहोस।
सबैभन्दा असल उनीहरूलाई दिऔं
ECEC
अर्लि चाईल्डहुड एजुकेशन सेन्टर प्रा.लि.
भनिमण्डप, जावलाखेल, ललितपुर पो.ब.नं. २१९४१ काठमाडौं फोन: ५५४८४३९, ५५४९०६३
ईमेल: ecec@wlink.com.np, www.earlychildhoodnepal.org

आजका बालबालिकाहरू द्रुतगतिमा परिवर्तित विश्वव्यापी संचारमाध्यम माझ हुर्किरहेका छन् । शिक्षणविधिहरू पनि सोही अनुरूप परिवर्तन गर्नु जरूरी छ । बालबालिकाहरूले खेल र अन्वेषणको माध्यमबाट सिक्दछन् ।



धेरै पूर्वप्राथमिक विद्यालयहरूले किताबी ज्ञान र परिक्षामुखी प्रणालीलाई त्यागेर प्रयोगात्मक शिक्षणप्रणाली अपनाइसकेका छन् । तिनीहरूको नमुनालाई पछ्याउनुहोस् ।

**– पूर्वप्राथमिक शिक्षकहरूका लागि :** पूर्व बालविकाससम्बन्धी एकमहिने तालिम
कक्षा सञ्चालन मिति : ४ जनवरी र २२ फेब्रुअरी २०१० देखि
शुल्क रु. ११,१५०

**– प्रधानाध्यापक तथा शिक्षकहरूका लागि :** पाँचदिने तालिम जसले पूर्व बालविकास शिक्षाका सिद्धान्तहरु बुझ्न र त्यसलाई आफ्नो कक्षामा कसरी लागू गराउने भन्ने बारेमा जान्नलाई सहयोग गर्दछ ।
कक्षा सञ्चालन मिति : २००९ नोभेम्बर २, १६ र ३०, डिसेम्बर १४ र २० देखि, २०१० जनवरी ४ र १८, फेब्रुअरी १, १५ र २२ र मार्च १, १५ र २९ देखि
शुल्क रु. ३,३५०

**– पूर्व बाल शिक्षासम्बन्धी विशेष तालिम लिन चाहनेहरूका लागि:** इसीइसी, काठमाण्डौ विश्वविद्यालय र नर्वेजियन कलेजको त्रिपक्षीय सहभागितामा एकवर्षे स्नातक तहको शिक्षा संचालित छ, जसअन्तर्गत काठमाडौं विश्वविद्यालयबाट थप चार महिनाको तालिम लिएमा पूर्व बाल विकासमा स्नातक तह हासिल गर्न सकिनेछ ।
कक्षा सञ्चालन मिति : मार्च २०१० देखि
शुल्क रु. ४,५२०, सामाग्रीकालागि रु. ५६५ प्रति महिना
काठमाडौं विश्वविद्यालय कोर्स शुल्क रु ४,५२० प्रति महिन र दर्ता शुल्क रु ४,०००



**– अन्य थप तालिमहरु :** Step 2, Phonics, Curriculum Development, School Leaders Management Training, Mothers' Training आदि ।

छुटको लागि संगैको पृष्ठको कुपन हेर्नुहोस ।

ECEC

## अर्लि चाइल्डहुड एजुकेशन सेन्टर प्रा.लि.

भनिमण्डल, जावलाखेल, ललितपुर पो.ब.नं २१९४१ काठमाडौं फोन: ५५४८४३९, ५५४९०६३
ईमेल: ecec@wlink.com.np, www.earlychildhoodnepal.org

Salary Solution
किष्ट उद्यमशील कर्जा

# Do you:

- Pay salary in cash?
- Intend to reduce salary disbursement burden?
- Keep your cash idly in cash box?
- Struggle, sometimes, in managing fund for salary disbursement?

If Yes. Then, you need Kist Salary Solutions, an extension of Kist Udyamshil Karza.

- Facility exclusively for schools and colleges with overdraft facility
- Staffs of schools and colleges can open savings accounts with zero balance and Interest Rate of 6.25% p.a. on daily balance
- Free ABBS facility and Debit Card

व्यबसाय बढाउने उर्जा किष्ट उद्यमशील कर्जा ।

Anamnagar: 4232500
Sukedhara: 4650509
Itahari: 587066
Birtamode: 543245
Tinkune: 4498767
Durbarmarg: 4223044
Birgunj: 530502

Butwal: 543428
Nepalgunj: 527601
Damauli: 561803
Bagar: 532914
Sinamangal: 4499896
Janakpur: 527936
Mangal Bazar: 5552269

Pokhara: 524044
Biratnagar: 440356
Bhairahawa: 527323
Banepa: 660946
Dharan: 533401
Bhaisepati: 5592787
Palpa: 522731

Lalitpur: 5533644
Manigram: 560239
Khaireni: 577533
Narayanghat: 533526
Tandi: 563006
Khichapokhari: 4457509

Newroad: 4233713
Guleriya:421171
Damak: 543245
Dolakha: 421847
Bhaktapur: 6619389
Jorpati: 2044004

KIST BANK
POWER TO SUCCEED

Head Office: Kist Building, Anamnagar, Kathmandu, Post Box No.: 8975 E.P.C. No. 5157, Phone No.: +977-1-4232500, Fax No.: +977-1-4229588, E-Mail: info@kistbank.com

www.kistbank.com